# बाबु, आमा र छोरा



विश्वेश्वरप्रसाद कोइराला

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# बाबु, आमा र छोरा

OPEN LEARNING EXCHANGE (OLE) NEPAL

विश्वेश्वरप्रसाद कोइराला

साझा प्रकाशन

**TU Central Library of Nepal Cataloguing-in-Publication Data**

कोइराला, विश्वेश्वरप्रसाद

बाबु, आमा र छोरा / विश्वेश्वरप्रसाद कोइराला. -
छैटौं संस्क. - ललितपुर : साझा प्रकाशन, २०६७ वि.

६, ७१ पृ.

ISBN 978-99933-2-899-5

१. नेपाली उपन्यास I. आख्या.

N891.4953
Ko475b – dc 22 201005157

**प्रकाशक** : साझा प्रकाशन
**संस्करण** : पहिलो, २०४५
दोस्रो, २०५०
तेस्रो, २०५४
चौथो, २०५७
पाँचौं, २०६१
छैटौं, २०६७ (साझा प्रकाशनबाट पाँचौं पटक, ५१०० प्रति)
**आवरणकला** : टेकवीर मुखिया
**मूल्य** : रु. ८०।–
**मुद्रक** : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

# पहिलो संस्करणबाट

विश्वेश्वरप्रसाद कोइरालाका बारे लेखिन बाँकी अक्षर अब शायदै होला। बुद्धपछि एउटा नेपालीका नाममा यति धेरै शब्द संसारमा अरू कसैका निम्ति खर्च भएको छैन। उहाँ सबै नेपालीका सान्दाजु हुनुहुन्छ : प्रतीकमा यो शब्दले जनजीवनको, सांस्कृतिक चेतना र राजनैतिक जागरणको अर्थ प्रतिध्वनित गर्छ।

'बाबु, आमा र छोरा' कोइरालाको नवीनतम उपन्यास हो। यसमा उहाँले "विराट् प्राकृत नियामकतामा मानवाजुनीको संयोग तुच्छ हो तापनि त्यसको अन्तर्कामना अनन्त कालावधितक अविजित छ र रहन्छ" भन्ने देखाउनुभएको छ।

आजीवन उहाँको क्षेत्र सक्रिय राजनीति रह्यो र तापनि कारागार वास र निर्वासका अधिक समय उहाँले चिन्तनमै व्यतीत गर्नुभयो।

थुप्रै राजनीतिक आलेख, आत्मकथ्यहरू र अनेक कलात्मक साहित्यिक कृतिहरूका माध्यम 'अजरामर' विचारको प्रतिनिधित्व गर्ने बहुआयामिक व्यक्तित्व विश्वेश्वरप्रसाद कोइराला नेपाली समाजमा स्वयम् एक सम्बुद्ध-प्रकाश हुनुहुन्छ। प्रकाश, जसले जीवनमा 'बोध' प्रतिबिम्बित गर्छ– इतिहासका पाइलाहरूका लागि बाटोको परिचय आवश्यक छैन।

– शिव अधिकारी

# प्रकाशकीय

बहुआयामिक व्यक्तित्वका धनी विश्वेश्वरप्रसाद कोइरालाको नेपाली साहित्यजगत्मा शीर्षस्थान छ। विशिष्ट राजनेता भएर पनि साहित्यसाधनामा उत्तिकै योगदान पुऱ्याउन सक्नु श्री कोइरालाको विशेषता रहेको छ।

नेपाली साहित्यमा विशेषतः कथा र उपन्यासद्वारा मनोविश्लेषण–यौनमनोविश्लेषण-परम्परा विकसित पार्नमा श्री कोइरालाको महत्त्वपूर्ण योगदान रहेको छ।

साहित्यलाई राजनीतिभन्दा माथि उच्चतम विषय मान्नुहुने श्री कोइरालाको लेखनशैली, भाषिक प्रयोग, वाक्यगठन एवम् रचनाशिल्प समकालीनहरूको तुलनामा धेरै पृथक् छ। "समाजइच्छाभन्दा व्यक्तिइच्छा ठूलो हो। त्यसकारण व्यक्तिका दमित इच्छा, भावना एवं मनोद्वेगहरूलाई स्वतन्त्र आत्मनिर्णय गर्न दिइनुपर्छ–"साहित्यकार कोइरालाको मूल सन्देश ! नेपाली वाङ्मयका चर्चित व्यक्तित्व श्री विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरूमध्ये 'बाबु, आमा र छोरा' कृतिको आफ्नै महत्त्व छ। मूल्याङ्कन गर्ने काम पाठकहरूको हो। उहाँको प्रस्तुत 'बाबु, आमा र छोरा' कृति प्रकाशन गर्न पाएकोमा साझा प्रकाशन गौरव अनुभव गर्दछ।

साझा प्रकाशन

# बाबु

प्रेम यथेष्ट हुँदो रहेनछ जीवनमा । मानव-सम्बन्धलाई केवल प्रेमको भावनाले मात्र सहज र प्राकृतिक बनाउन सक्दो रहेनछ कि क्या हो । प्रेम नभएको सम्बन्धको मलाई जीवनमा अनुभव भएन, त्यसो हुनाले त्यस्तो प्रेमविहीन जीवनको कुरामा म केही भन्न सक्दिनँ; तर यस कुराको त मलाई अनुभव भयो कि प्रेम यथेष्ट हुँदैन । प्रेमको अपर्याप्ततालाई म राम्ररी बुझ्न थालिरहेको छु । यसको खोक्रोपन । ४५ वर्षको उमेरको मेरो अनुभवको सार यही हो । एउटा उदासीपनले मलाई घेर्छ, जब म सोच्छु कि जीवनपर्यन्त प्रेम दिएर र स्वयम् पनि प्रेमलाई पाएर मैले अन्तमा पाएको तत्त्व हो– खोक्रोपन । कहिलेकहिले लाग्छ, शायद मेरा त्यस्ता विचार मेरो उमेरको परिणाम हो । सक्रिय जीवनको समाप्तिपछि– हो, अहिले म त्यस आयुमा पुगिसकेको छैन जसकारण म आफूलाई बूढो भन्न थालूँ; शारीरिक र सामाजिक उत्तरदायित्त्वको सक्रिय पूर्तिमा मैले अझै आफूलाई शिथिल पाएको छैन, तर यौवन ममा छैन । जीवनमा एक-दुई कदम चालेपछि वृद्धको श्रेणीमा परिहाल्छु...... त्यसो हुनाले होला मेरो उमेरको परिणाम कि उदासीले मन सधैं ढाकिया हुन्छ । या दोस्रो बिहाको परिणाम हो, मेरो मनको उदासी । मेरो छिप्पिएको उमेरको कुरालाई त्यसैले बारम्बार सम्झाइरहन्छ । जुन दिन मैले कान्छीलाई अँगालें, त्यसको कोमल शरीरको स्पर्श हुनेबित्तिकै मलाई लाग्यो, म छिप्पिएछु । शय्याउपर उसको कलकलाउँदो शरीर जसको तन्किएको पुष्टतामा टल्किने त्वचासँग मेरो शरीरको त्वचा दाँजिन पुग्दा हामी दम्पतीको उमेरको फरक त्यसै स्पष्ट हुन्थ्यो । ऊ २०-२१ वर्षकी थिई । त्ससो त पुरुषको शरीरमा कहिल्यै पनि त्यस्तो कोमलता आउँदैन जस्तो कि स्त्रीको शरीरमा । जे होस्, मैले मध्यरातमा उसलाई रोएको बुझेर सोधें– कान्छी, म बूढोले तिमीलाई बिहा गरेर तिम्रा प्रति अन्याय गरें क्यार ?

ऊ जुरुक्क उठेर बिछ्यौनामा बसी, र बडो विह्वल स्वरमा भनी– त्यसो नभनिबक्सियोस् प्रथम रातमै आफ्नी पत्नीलाई । उसले त्यति त भनी तर टोलाएर । त्यसो त पछि-पछि जब हाम्रो सम्बन्ध सहज हुँदै गयो, पतिपत्नीको साधारण दैनिक जीवन र गृहस्थीका सानातिना कामकाज सम्पादनमा एक-अर्काका प्रति स्वाभाविक हुँदै गयो, ऊ मलाई भन्थी केही हाँसेर यस्तै प्रसङ्गमा– स्त्रीपुरुषको उमेरको पनि तुलना हुन्छ र कहीं ? हामी स्वास्नीमानिसको जीउ एउटा सन्तान नपाउन्जेलको हो, त्यसपछि त यति छिट्टै हाम्रो उमेर घट्छ कि लाग्छ, एक वर्षको अवधिमा हामी पाँच वर्षजति छिप्पिन्छौं । तर मलाई लागिरह्यो– २५ वर्षको फरकलाई कुनै तर्कले पनि मेट्न सक्दैन ।

मैले यसो भन्दा ऊ भन्थी– छि: कति लज्जित पार्न चाहेको मलाई । यो भन्न खोजेको होला हजुरले कि हजुरको यत्रो ठूलो प्रेमको त्यस्तै किसिमको प्रत्युत्तर मबाट

हजुर पाउनुहुन्न । के यो मेरा प्रति लान्छना होइन, आफ्नो उमेरको बारम्बार चर्चा गरेर परोक्ष रूपबाट भए पनि ?.......।

उसको कुराको म उत्तर दिन सक्दिनथिएँ, र मलाई यो पनि लाग्थ्यो, उसको मेरा प्रतिको व्यवहारमा स्नेहको किञ्चित् पनि अभाव थिएन । तैपनि मलाई लाग्यो, कहीं कतै हाम्रो दाम्पत्य जीवनमा हामी छुट्टिया छौं, एउटा कुनै भेदको वारपार हामी उभिया छौं– हाम्रो अगाडि फैलिएका हात आपसमा छुन पुगिरहेका छैनन् । त्यसैले त बराबर आफ्नो उमेर सम्झिन्छु र भन्छु– उमेरको भेद हो– दूरी हाम्रो उमेरको हो ।

ऊ त्यस्ता कुरालाई एकदमै मान्दिनथी र पछि सुन्न पनि छाडी ।

तर जुन कुराको मलाई यस अर्धवयस्क उमेरमा बोध हुन थालेको छ त्यो हो– प्रेम-निस्सारता । प्रेमले जीवनमा कमजोरीहरू, बाधाविग्रह तथा चोटहरूलाई निको पार्न सक्दो रहेनछ । नत्र किन मलाई जीवनपर्यन्त प्रेम पाएर पनि अभावग्रस्त भएको अनुभव हुन्छ त ? उदासी उमेरको असर हो भने पनि त कान्छीको प्रेमले, जसको म आफ्नो सम्पूर्ण व्यक्तित्वले स्वाद अनुभव गरिरहेको छु– त्यसको निराकरण हुन सकेन । कसले भन्छ प्रेम सर्वजयी हुन्छ ? कविताको भावुकताको प्रेम र जीवनको अनुभवको प्रेम शायद दुई भिन्न तत्त्व हुन् ।

मेरो जीवनमा तीन व्यक्ति घनिष्ठतम भएर आए– जेठी पत्नी, छोरा र त्यसपछि कान्छी । तीनै व्यक्तिबाट मैले मनग्य प्रेम पाएँ । मेरो गृहस्थीमा प्रेमको न्यानो सदा कायम रह्यो । यदि कान्छीलाई ल्याएपछि किञ्चित् दोषभाव ममा उदय भएको भए तापनि हाम्रो प्रेमले विशेष गरेर उसको त्यस दोषभाव कहिले हो कहिले मेटिदिइसकेको छ । जेठीसँगको मेरो बिहा, यद्यपि प्रणयसम्बन्ध थिएन किनभनेदेखि बाबु-आमाले गरिदिएको बिहा थियो त्यो–ले कति छिटै प्रेमसम्बन्धमा हामीलाई बाँध्यो । आजकल त्यसलाई सम्झँदा ताज्जुब लाग्छ । भरखर किशोरावस्थालाई पार गरेर तरुणो भएको थिएँ; केटी पनि हुर्केकी थिई । यौवनको तातो उन्माद जो तारुण्यको प्रथम पदमा एकचोटि मात्र मानिसले जीवनमा अनुभव गर्छ, त्यसले गर्दा हो या कुन्नि हामी आपसमा यसरी गाँस्सिन पुग्यौं कि हामीलाई सम्झना नै रहेन– हामी दुई प्राणी हौं, र केही दिन पहिलेसम्म एक दोस्रोबाट एकदम अपरिचित । यौवन र यौनको रसायनले हामी, मानौं मिस्सिएको एउटा व्यक्ति भएर गयौं । घरका मानिसहरूले उपहास, पनि गरे– कस्तो पिरती बसेको ! कतिले हाँसेर भने पनि– कस्ता नकच्चरा ! कोठाभित्र थुनिएर नै बसिरहन्छन् ।

मेरी जेठी पत्नी पश्चिम पहाडकी विष्टकी छोरी थिइन् । पढेलेखेकी त थिइनन्, तर गृहकार्य र कुराकानी गर्नमा सिपालु । म शहरको भएर के, उसको दाँजोमा म बोल्नै सक्दिनथिएँ । एक दिन उसले भनी– म कति बकबके छु, हगि ? मैले भनें– मलाई खूब मन पर्छ तिमीले कुरा गरेको । लाग्छ सुनिरहूँ ।

उसले भनी– तिमीले उपालम्भ दिएको पनि मलाई मीठो लाग्छ । के म यति पनि बुझ्दिनँ र कि तिमी मेरो हाँसो गरिरहेका छौ, तैपनि मेरो मन रमाउँछ तिम्रा मीठा कुरा सुनेर ।

म यसको उत्तर दिन सक्थें । कुरामा नसके पनि प्रेमको व्यवहारमा म पछि पर्न चाहन्नथें । मैले उत्तरमा उसलाई आफूतिर तानेर अङ्कमाल गरें ।

उसले भनी– प्राणनाथ ! मेरो लाज अझ गएको छैन । यो पनि लाग्छ, घरका मानिस के भन्दा होलान् । तर लाजमा पनि कति सुख पाइरहेकी छु म ।

मैले चुम्बनले उसको मुख थुनिदिएँ। उसको आँखा थुनियो, र ऊ निदाएकी जस्ती भई। उसको शरीर मेरो आलिङ्गनभित्र कहिले शिथिल र कहिले कठोर भएर तरङ्गित हुन्थ्यो– कम्पायमान शरीरमा लहरको वेग उर्लिएको जस्तो।

त्यसैले लाग्थ्यो, हाम्रो प्रेम यौवनको उन्मादमा जन्मिएको थियो। तर एक दिन उसले भनी– पति पूर्वजन्मको आर्जन हो।

मैले सुतीसुती सोधें– के भनेकी प्रिय ! कस्तो पूर्वजन्मको ?

उसले सुस्तरी भनी– तपस्याको प्राप्ति। मैले फेरि सोधें– मनमा के कुरा आइरहेको छ तिम्रो, मुटु......

ऊ बिछ्यौनाबाट तल झरी, भुँकोे धोती र चोलीलाई टिपेर ल्याई। गएर झ्याल उघारी। बिहानको सूर्यको प्रखर किरण परिरहेको थियो काठमाण्डूमा। बजारको जनकलरव कोठाभित्र पस्यो। उसले झ्यालबाटै तना बाँध्दै भनी– तिमीसँग बस्दा समय गएको पनि केही थाहा हुन्छ र ? हेर बाहिर दिन कति अगाडि बढिसकेछ।

त्यसपछि ऊ नुहाउने कोठाभित्र पसी। मैले पनि नुहाइसकेपछि कोठैभित्र हामीले चिया मगायौं। चिया खाँदाखाँदै मेले सोधें– प्यारी, उठ्नेबित्तिकै के भनेकी थियौ तिमीले ?

उसको अनुहार सिनित्त परेको थियो। नुहाएपछि ऊ शृङ्गार गरेर बसेकी थिई। मलाई लाग्यो, ऊजस्ती सुन्दरी नारी अरू कोही छैन। उसको मुख उज्यालो थियो। उसले भनी– मैले आफ्नो सुखको चर्चा गरेको नाथ ! ल तिमी नै भन, म पहाडी गरीब घरकी केटी, नपढेलेखेकी, यो ठूलो शहरको घरमा कसरी तिम्री पत्नी हुन पुगें ? सोचेको छ यसमा तिमीले केही ? म त मनग्य सोच्छु र कृतज्ञ हुन्छु।

ऊ एकछिन चुप्प लागी। मैले भनें– चिया किन नपिएकी ? सेलाउन थाल्यो। उसले भनी– मलाई मनग्य छ, प्राणनाथ ! अचिन्त्य सुखमा ओतप्रोत भएकी छु। त्यसैले त भन्छु– तिमी मेरा पूर्वजन्मका आर्जन हौ। यस जन्ममा पनि म सानै केटाकेटीदेखि पूजाआजा गर्थें। आमासँग जहिले पनि रहर मानी-मानी माथि डाँडाको शिवमन्दिरमा जान्थें। एक दिन आमाले भन्नुभयो– छोरी, के वर माग्छेस् देउतासँग ? मैले केही भनिनँ आमालाई, तर मनमनमा त्यै वर माग्थें जुन वर सबै केटी हृदयले माग्छन्– शिवजी ! मलाई असल वर दिए। लाग्छ, शिवजीले मेरो पुकारा सुनेका थिए। त्यसैले त तिमीजस्तो वर मलाई दिए।

हाम्रो बिहा भएको एक वर्षभित्रै उसले छोरो जन्माई। गृहस्थी सुखको योग पुगेको, अङ्ग पनि पुग्यो। हामीलाई केही कुराको अभाव थिएन। सबैले भन्थे– भाग्यमानी दम्पती रहेछन्।

भन्छन्, सन्तान भएपछि दुलहीको माया बाँडिन्छ रे। प्रेमको केही हिस्सा खिचिएर सन्तानका लागि जान्छ रे– खोइ, त्यस्तो अनुभव त मलाई भएन। झन् लाग्यो, आमा भएकी प्रेयसीको प्रेम घट्ने सट्टा अभूतपूर्व किसिमको भयो। नदीको स्नानबाट सागरको स्नान गर्दा भएको अनुभवजस्तो लाग्यो मलाई– गहिरो, गम्भीर र प्रशान्त। उसको शरीरमा स्निग्धता झन् थपियो, शरीर झनै पुष्ट भयो र केही बाक्लिन गई अद्भुत सुन्दरताले ऊ उद्भासित हुन थाली। हाम्रो प्रणयमा केही बाधा पारेन छोराले। नारीको हृदयमा अनन्त क्षमता हुँदो रहेछ– प्रेमको विस्तारका लागि जति पनि त्यो व्यापक हुन सक्दो रहेछ। सुत्केरी अवस्थाबाट स्वस्थ भएर जब ऊ फेरि मेरो कोठामा आई उसको पत्नीत्वको रस झन् मीठो भएको थियो। उसले भनी– पहिले

हामी अर्धनारीश्वर थियौं । अब त्रिमूर्ति भयौं । हाम्रो प्रेमको दैवत्व अखण्डित छ; विभिन्न रूपमा त्यो देखिन गए तापनि ।

कति छिट्टै हल्लिन लागेको कोक्रोलाई देखेर पलङबाट झरेर ऊ बालकलाई स्तनपान गराउँथी, ऊसँग वत्सलता पूरा गरेर तत्क्षण फेरि मसँग आइपुग्थी । छोराको न्वारनमा कुन्नि के नाउँ राखे पुरोहित ब्राह्मणले । तर पत्नीको आग्रहले उसको नाउँ शिवप्रसाद राखियो; यद्यपि क्षत्रीयोचित नाउँ त्यो थिएन । उसले यस तर्कको खण्डन गरेर भनी– शिवको प्रसादलाई शिव प्रसाद नभनेर के भन्ने त ?

आजकल म आफ्नी जेठीलाई पनि सम्झिरहन्छु; कान्छीबाट विरक्त भएर होइन, केवल प्रेमको चर्चा गर्दा जेठीले पनि दिएको प्रेमलाई म बिर्सन सक्दिनँ ।

उसले भनेकी थिई– प्रेम अमर कुरा हो; त्यसको एकचोटिको अनुभवले सदा-सदाका लागि रस बर्साइरहन्छ । हामीले त झन् अमर स्मारक नै खडा गरिदिएका छौं ।

मैले सोधेको थिएँ– कस्तो अमर स्मारक ?

त्यति पनि बुझेनौ ? उसले भनी– शिवप्रसाद क्या !

मैले कुरा बुझेर भनें– स्मारक त लोप भएको कुरालाई सम्झाउने कुरा पो त हो । तिम्रो प्रेम मैले पाइरहेको छु, त्यसको के स्मारक चाहियो । क्षण-क्षण पाइरहेको वस्तुलाई स्मृतिमा अड्याउनुपर्ने खण्ड कहाँ छ र ?

उसले त्यसै भनेकी होली, नसोचेर– जीवनको के भरोसा छ र ? आज छ भोलि छैन ।

मैले हतपती आफ्नो हत्केलाले उसको मुख थुनिदिएको थिएँ– यस्तो कुरा मुखमा ल्याउँदा पनि नल्याउनु प्यारी !

उसले भनी– मैले त जीवनको क्षणभङ्गुरता र प्रेमको अमरताको पो चर्चा गरेकी त । तिमी किन यसरी उद्विग्न भएको ?

भन्न त उसले त्यति मात्र भनेर मेरो मनलाई आश्वस्त पारिदिएकी थिई, तर जब पछि ऊ रोगी हुँदै गई म आशङ्काले उसका कुरा सम्झिरहन थालें । उसको मृत्यु भएपछि लाग्यो, त्यो देवभक्त मात्र रहिनछ, देवप्रिय पनि रहिछ, त्यसैले त उसको भविष्यवाणीपूर्ण उक्ति दैवप्रेरित भएको थियो उसको वाणीमा त्यस दिन ।

अर्कोचोटि छोरी जन्माउँदा उसलाई निकै गाह्रो पर्‍यो । छोरी पनि हुर्कन सकिन । नौ महिनाभित्रै ऊ मरी । त्यसको ठूलो चोट पर्‍यो होला माताका उपर । सुत्केरीबाट तङ्ग्रिन नपाउँदै छोरीको मृत्युले उसलाई झन् रोगी जस्तो पार्‍यो ।

मैले सम्झाउँदै भनें– प्यारी, किन यसरी दिक्क मानेकी ? जाने प्राणीलाई कसैले थाम्न सक्छ ? आँसुले कसलाई पो फर्काएको छ र ?

उसले आँखा पुछ्दै भनी– हो, कोही फर्किन्न, तर आमाको मन मान्दो रहेनछ ।

त्यस दिन मलाई लाग्यो, उसले पहिलोचोटि निराशाको स्वर झिकेकी थिई । उसले भनेकी थिई– सन्तानको मृत्युमा माता पनि मर्छे केही अंशमा । मेरो कुनै अन्तरको स्थल छोरीसंग मर्‍यो जस्तो लाग्छ, प्राणनाथ !

मैले उसको हात लिएर सुमसुम्याउन थालें, उसले फेरि भनी– मलाई समातेर बसिरहने हो, यस रोगी कोठामा ? जाऊ बाहिर उज्यालोमा रमाइलो पाउने कोशिश गर ।

पछि पछि भन्थी– पुरुषले पनि रोगी स्त्रीलाई अँगालेर अँध्यारो कोठामा बसिरहने हो ?

मैले वाष्पकण्ठले मसिनो स्वरमा भनें– तिमी रुग्ण छौ, तर तैपनि कोठालाई उज्यालो नै पारेकी छौ । तिमी नभएको बाहिर बरु अँध्यारो छ ।

यस्तै कुरैकुरामा उसले मेरो दोस्रो बिहाको चर्चा पनि चलाएकी थिई । उसले भनेकी थिई– अब म तङ्ग्रिन्नँ । तिमीले अर्को बिहा गर्नुपर्छ ।

उसले बडो साधारण स्वरमा यो कुरा भनेकी थिई ।

मलाई लाग्यो, धेरै दिनदेखि सोचेर उसले यो प्रस्ताव राखेकी थिई मेरा सामु, त्यसो हुनाले उसलाई कुनै प्रकारको भावावेग थिएन त्यस क्षण । उसले लेटीलेटी मेरो हात समातेकी थिई । मैले केही भन्नु त्यसको पूर्व नै उसले भनी– झ्याल उघार न; बाहिर कति उज्यालो होला, म बिछ्यौनाबाटै हेर्न चाहन्छु ।

मैले उठेर झ्याल उघारें । उज्यालोको एउटा किरण उसको सेतो, दुब्लो अनुहारमा पऱ्यो । उसले भनी– अब आऊ मनिर ।

मेरो हात फेरि समातेर उसले भनी– तिम्रो उमेर नै कति भएको छ र ?

मलाई यसको कुनै उत्तर आएन त्यस बखत, विह्वल भएर गहभरि आँसु पारेछु । उसले भनी– तिमीमा नारीको स्वभाव पो छ । पुरुषले पनि त्यस्तो कोमल हुने हो ?

मैले भनें– यस्तो कुरा नगर । म व्यथित हुन्छु ।

यस्तो चर्चालाई या त कसैले प्रारम्भ नै गर्दैन, या यदि कसैले सुरु गऱ्यो भने नटुङ्गीकन त्यसै बिलाएर जाँदैन । मेरी जेठीलाई धक फुक्न मात्रै बाँकी थियो । एकचोटि धक फुकाएर मेरो दोस्रो बिहाको चर्चा गरेपछि उसले कुनै प्रकारको अप्ठ्यारो नमानी बारम्बार त्यसलाई मेरा सामु उठाइरहन्थी । बिछ्यौनामा परीपरीकन पनि ऊ आफ्ना माइतीतिरका बिहायोग्य कन्याको खोजी गरिरहन्थी । कहिले कहिले घरमै नयाँ नयाँ केटीहरूलाई देख्थें । ऊ भन्थी– काकाकी छोरी, मामा या फुपूकी छोरी, मलाई सघाउन, मैले केही दिनको लागि बोलाएको ।

मैले उसको आयोजनालाई बुझेर भनें– प्यारी, यो के गरेकी ?

नबुझेको जस्तो गरेर उसले सोधी– के गरेकी छु र ?

मैले व्यग्र भएर भनें– मेरो दोस्रो बिहाको लागि नानाभाँतिको उपाय नरच ।

ऊ हाँसी, र कमीजको बाहुलाको खुलेको टाँक लगाइदिँदै भनी– स्त्रीले पतिको चितामा सती भएका कथाहरू त मैले सुनेकी थिएँ । तिमी मात्रै यस्तो पति भयौ, जो पत्नीप्रेममा आफूलाई सेलाइरहेका छौ । सती हुन सजिलो छ नारीलाई; पुरुषले यसरी स्वास्नीको रोगको चिसो चितामा क्षण-क्षण गरेर आफूलाई सेलाएको चाहिं असाध्य कुरो हो ।

हठात् गम्भीर भएर उसले भनी– म हुन दिन्नँ यस्तो विपरीत व्यवहार । नारीको अधिकार तिमीले खोस्न पाउँदैनौ ।

पहिलो छोरीको मृत्यु भएपछि उसलाई तङ्ग्रिन धेरै समय लाग्यो । त्यसपछि तीन वटा अरू सन्तान भए, तर कुनै पनि बाँचेनन् । ऊ झन्झन् शिथिल हुँदै गएकी

थिई, अनि अन्तमा बिछ्यौना समातेको समातेकै नै भई र त्यसरी शय्याग्रस्त रोगी भएर धेरै दिनपछि ऊ सदाका लागि मलाई छोडेर गई। म सारा काम छाडेर दिनरात उसैको सेवामा रहन्थें। त्यसको पनि उसलाई खेद थियो। ऊ भन्थी– बहिनी भएकी भए मेरो पनि जिम्मा उसले लिन्थी। तिमी भने अड्डी लिएर बसेका छौ, छौ।

मैले कुरैकुरामै एक दिन उसलाई भनेको थिएँ– प्यारी, तिमी किन बारबार सौता घरमा हुल्ने कुरा भन्छ्यौ ? यो कुन प्रवृत्ति हो तिम्रो, आफ्नो मर्मको घाउलाई कोट्टयाइ कोट्टयाइरहने आत्मनिष्ठरता (Massochism) !

उसले भनी– प्राणनाथ ! तिमी प्रेममय नारीको हृदय बुझ्दैनौ। त्यसो हुनाले मेरो आग्रहलाई आत्मनिष्ठुरता भन्छौ। किन नबुझेको तिमीले कि तिम्रो सुख मेरो स्वार्थको विषय हो। जसलाई तिमी सौता भन्छौ, त्यो मेरो नै अर्को रूप हुन सक्छ।

एकछिन थामिएर फेरि उसले भनी– हुन सक्छ म स्वस्थ पत्नीको कर्तव्य पूरा गर्ने क्षमता भएकी हुँदी हुँ त सौता 'मर्मको घाउ' हुने थिई। यहाँ त अर्को स्थिति छ। म स्त्रीयोचित कर्तव्य निर्वाह गर्न असक्षम छु, त्यसैले त्यसको जिम्मा लिन कोही आइदियोस् भनेको।

त्यसै दिन हाम्रो छोरो पढ्न भनेर बनारस जाँदै थियो। घरभरि हल्लीखल्ली थियो– ऊ पहिलोचोटि घर छोडेर बाहिर जान थालेकोले। हामी दम्पती एक्लै कोठामा बसेर कुरा गरिरहेका थियौं।

मैले त्यसै भनें– छोराले एक्लोले नै घर भरी पारेको छ।

उसले भनी– छोराले छोराको काम गर्छ। पत्नीको काम त पत्नीले मात्र गर्न सक्छे। उसका लागि पनि आमा भएको घर चाहिन्छ।

त्यस बखतमा छोरो पनि कोठाभित्र पस्यो 'अब मेरो जाने बेला भो बा।'

बाहिर बैठकमा छोराका साथीहरू उसलाई पुऱ्याउन पर्खिरहेका थिए।

उसले भनी– नानी झ्याल उघार त। तँलाई राम्ररी हेरूँ।

झ्याल उघारेर ऊ फेरि आमानेर आयो। उसले बिहानैदेखि यही क्षणका लागि रातो अक्षता, फलफूल पलङछेउको सानो टेबुलमा राख्न लगाएकी थी। उसले मलाई भनी– त्यो अछेता दिनू त मलाई।

सुतीसुती पुत्रको निधारमा रातो अक्षताको ठूलो टीका लगाएर दूबोको माला लगाउँदै उसले भनी– चिरञ्जीवी भए !

छोराले आमाको गोडा ढोग्यो। आमाले उसलाई बिस्तारै आफूतिर तानेर उसको मस्तक सुँघी; अनि फलको दुनो उसको हातमा दिई।

म उसलाई पुऱ्याउन तलसम्म झरें। जीप गाडीमा उसका सामान लादिइसकेका थिए। मलाई एकछिन हेरेर ऊ मसँग बिदा लिँदै जीपमा चढ्यो। मैले भनें– परदेशमा राम्ररी बसेस्।

जीप गइसकेपछि एकछिन उभिएर बाटोलाई टाढासम्म मैले हेरिरहें। मलाई एकदम शून्य लाग्यो। फेरि म जेठीको कोठामा आएँ। उसले भनी– छोरो पनि परदेश लाग्यो। घर शून्य भो।

यथार्थमा घर एकदम शून्य भएको जस्तो लाग्यो। म चुप्प लागेर पलङको छेउमा बसेर सुस्तरी-सुस्तरी उसको जीउलाई सुमसुम्याइरहेको थिएँ। उसले भनी– म

अघि भनिरहेकी थिएँ कि तिमी नारीहृदयको प्रेमलाई बुझ्दैनौ पुरुष भएकोले। नारीको प्रेमको मुख्य तत्त्व त समर्पण हो। आराध्यका प्रति यस्तो आत्मसमर्पण कि त्यसको पृथक् व्यक्तित्व नै लोप हुने।

त्यसपछि त्यसका धेरै दिन बचेका थिएनन्, त्यसैले होला त्यसले त्यस दिन आफ्नो प्रेमको यस्तै चर्चा गरिरही धेरै बेरसम्म। उसले बारम्बार मलाई भनिरही– तिमी नारीहृदयको प्रेमलाई बुझ्दैनौ। त्यसले तिमीलाई जुन कुरा आत्मबलिदान हो जस्तो लाग्छ त्यो हाम्रा लागि बलिदान होइन; समर्पण हो। बलिदान र समर्पणमा ठूलो भेद छ– भावनाको। किन नबुझेको, मेरा इष्टदेव!

यस्तो एकनासको प्रेम पाएर कुन पुरुष कृतार्थ हुँदैन! कान्छीको प्रेमले पनि मलाई कृतार्थ गरेको छ। यहाँ म दुवैको प्रेमको तुलना गर्दिनँ किनभने त्यो सम्भव छैन। कान्छीको प्रेम जस्तोसुकै ठूलो भए तापनि त्यसले जेठीको प्रेमलाई मेरो हृदयबाट लुप्त गराउन सकेको छैन। जेठीबाट पाएको प्रेमले नै त कान्छीको प्रेमको एकान्तलाई खण्डित पार्न सकेको छ। कसले भन्छ, प्रेम त्यस्तो तरबार हो जो यौटा म्यानमा एकभन्दा अधिक अट्न सक्दैन।

जेठीले अन्तिम क्षणसम्म पनि मलाई बिहा गर्ने आग्रह गरी। उसको जीवनकालको समाप्तिको समय निकट छ भन्ने बुझेर म बडो व्यग्र र बेचैन हुँदै गएँ। म बेचैन भएको देखेर उसले सुस्तरी भनेकी थिई– किन त्यस्तो बेचैन भएको? मैले एक दिन तिमीलाई भनेकी थिइनँ कि शरीर क्षणभङ्गुर छ?

म आफूलाई थाम्न नसकेर रुन थालेंछु। मैले उसँगको वियोगको कल्पनाले द्रवित भएर भनें– प्यारी, तिमीजस्ती मेरो जीवनमा कोही आउँदैन।

उसले, मानौं मलाई नै ढाडस दिएको झैं गरेर भनी– दिक्क नमान म रहन्न भनेर। तिम्री पत्नी जो पनि आउली मजस्तै मायालु हुनेछ। तिम्रो भाग्यले तिम्री पत्नीको सौभाग्य छ। जाँदाजाँदै यति भनेर जान्छु– म सौभाग्यवती भएर गइरहेकी छु। सन्तोषका साथ।

उसको मृत्यु भएपछि केही दिन त म पागलजस्तै भएँ, त्यस्तो पागलपन जसमा उन्माद रहँदैन, केवल भावना र दिल निश्चेष्टतामा परेको अवस्था। मलाई लाग्यो, सब कुरा निस्सार छ। मरुभूमिको आकाशजस्तो।

आमाको मृत्युको खबर पाउनासाथ छोरो पनि घर आयो। उसलाई देख्नेबित्तिकै मानौं मेरा हृदयमा जमोठ भएर बसेको व्यथा पग्लेर झर्न थाल्यो, आँसु भएर। त्यसपछि मलाई केही शान्ति भयो। छोराले आमाको काजक्रिया गरेको हेरिरहन्थें; उसको सुकुमार दुब्लो शरीरमा सेतो वस्त्र र उसको मुण्डन गरेको शिरलाई देखेर मलाई उसको निरीहतामा बडो करुणा आयो। मैले मनमनै भनें– यही हो प्रेमको स्मारक उसले छाडेर गएकी, उसलाई सम्झाउने-बिर्साउने।

एक मात्र छोराको सबै पितालाई ठूलो माया लाग्दो हो, त्यसो हुनाले मेरो उसका प्रतिको प्रेम स्वाभाविक थियो। झन् प्रिया भएकी पत्नीको सहोदर भएकोले मेरो उसँग अनुराग झन् बढ्न गएको थियो। बाबुआमाको एक्लो सन्तान त्यसै पुलपुलिन जान्छ। उसकी आमा नोकरचाकरहरूलाई सदैव चेतावनी दिँदै भन्थी– बाबूलाई कुनै किसिमको दुःख नहोस्। म रोगी भएँ, आफैं उसको हेरविचार पुऱ्याउन सक्दिनँ।

म पनि अधिकांश समय आफ्नी दुलहीसँग बिताउँथें, त्यसो हुनाले मैले पनि छोरालाई नियन्त्रणमा राख्ने प्रयत्न गरिनँ। तर, उसको स्वभाव त्यस्तो पुलपुलिने

वातावरणमा पनि बिग्रिन गएन। हो, पछि ठूलो हुँदै गएपछि, मेरो र उसको सम्बन्ध पिता-पुत्रको नभएर मित्रहरूको जस्तै हुँदै गयो। आमा मात्र उसलाई पुत्रको रूपमा हेर्थी, बीचबीचमा बिछ्यौनाबाट भए पनि अर्ती, उपदेश दिइरहन्थी– नानी, राम्ररी पढ्छौ कि पढ्दैनौ ? ....हिजो राती कहाँ गएका थियौ, किन त्यति अबेर फर्केको ?

ऊ भन्थ्यो– सिनेमा हेरेर साथीकहाँ गएको। त्यसै, वहीं अबेर भयो।

म भन्थें– अब छोरो ठूलो भयो। उसलाई इच्छा लागेको गर्न दिनुपर्छ।

मेरी पत्नी भन्थी– यही उमेर त हो नि केटाकेटी बिग्रने। म जहिले पनि छोराकै पक्ष लिन्थें। त्यसो हुनाले छोरासँग मेरो बडो राम्रो मत मिलेको सम्बन्ध भएको थियो। म छोरालाई भन्थें– नानी, आमाको चित्त दुख्ने काम नगर्नू, बिरामी छन्। उनी पुरानो विचारकी हुनाले, आजकलको चाला बुझ्दिनन्। छोरो भन्थ्यो– बा, तपाईंजस्तो आधुनिक विचार भएको पिता कति छोराले पाउँछन् र ?

म गद्‌गद भएर उसको हात समात्थें, मित्रको जस्तो र भन्थें– ल जाऊ आमाकहाँ।

मलाई कहिले पनि नढोग्ने छोरो आमाको गोडामा ढोग्थ्यो। आमा उसको टाउकोलाई आफ्नो छातीसम्म तानेर सुँध्थी।

हामी बुबा-छोराको यस्तो खुल्ला सम्बन्ध भएकोले आमाको क्रिया सिद्ध्याएकै दिन उसले भन्यो– बा, तपाईंले बिहा गर्नुपर्छ।

आफ्नी पत्नीको मृत्युलाई सम्झेर मेरा आँखा रसाए। मैले केही बोलिनँ। उसले भन्यो– नत्र तपाईंलाई ठूलो शून्य हुनेछ। एक्लै पर्नुहुन्छ।

मैले बडो प्रयत्नले आफूलाई थामेर भनें– तँ छँदै छस् नि।

उसले भन्यो– छु, तर आमाको ठाउँ कहाँ लिन सक्छु र ! मैले यसको केही उत्तर दिइनँ। उसैले फेरि भन्यो– तपाईंको उमेर नै के भएको छ र ४४-४५ होला।

भोलिपल्ट जब ऊ बनारस गयो, शून्य घरले मलाई टोकौंला जस्तो गर्‍यो। घरभरि चारैतिर आफ्नी प्रियतमाका चिह्नैचिह्न उपस्थित थिए, क्षण–क्षणमा मलाई उसको सम्झना गराइरहने।

बनारसबाट पनि छोराले मलाई लामा लामा चिट्ठी लेख्दै अर्को बिहा गर्ने सल्लाह दिन्थ्यो। मैले एकचोटि उसलाई लेखिपठाएँ– तैंले आफ्नो बिहाको कुरा सोच्नुपर्ने। म यहाँ केटी खोज्दिऊँ भने त्यो आजकलका ठिटालाई मन पर्ने छैन....... ।

उसले लेखिपठायो– मलाई बिहाको ऐले हतार छैन।

त्यस्तै अर्को चिट्ठीमा उसले लेखिपठाएको थियो– मलाई तपाईंले सदैव स्वतन्त्र बनाएर राख्नुभयो। आफ्नो बिहाको जिम्मा म आफैं लिन सक्छु।

चिट्ठीको अन्तमा उसले लेखेको थियो– आमा नभएको शून्य घरमा बुहारी ल्याउन मन लाग्दैन...।

कान्छीलाई बिहा गर्ने निर्णय गर्दा जेठीलाई बिर्सेर त्यो निर्णय लिएको थिइनँ मैले। यो कुरा बुझाउन सक्दिनँ क्यारे। कान्छीले पनि एकचोटि मलाई सोधेकी थिई। मैले उसलाई भनेको थिएँ– तिम्री दिदीलाई बिर्सेर तिमीलाई बिहा गरेको होइन। धेरै-धेरै सम्झेर; उसको मायाले विह्वल भएर।

मलाई लाग्यो कि कान्छीका लागि मैले यस्तो अप्रिय वचन भनें, त्यसैले तत्काल कुरा सपार्दै थपें– आजकल पो तिमीलाई म आफ्नो सम्पूर्ण व्यक्तित्वले माया गर्छु र लाग्छ, सदैव तिमीलाई माया गरिरहन्थें। तर तिमी नै भन जब तिमी दुलही भएर यस घरमा आयौ, के पहिले हाम्रो चिनजानसम्म पनि थियो र ?

मेरो साँच्चै कुरा यो हो कि जेठीको प्रेमले पीडित भएर मैले कान्छी ल्याएको; उसले शून्य पारेको जीवनमा आधार पाइन्छ कि भनेर।

प्रेमको सूक्ष्म प्रक्रियाहरू पहिले नै उसलाई ज्ञान हुन्छ र अचिन्त्य कदम चालिसकेपछि लाग्छ, प्रेमको प्रेरणाले चालिएको त्यो कदम हो। साधारण प्रेमका प्रक्रियाहरूको शायद निरूपण गर्न सकिन्छ र त्यसका भविष्यका सम्बन्धमा मनोवैज्ञानिक भविष्यवाणी पनि गर्न सकिएला। जेठीको प्रेमले ओतप्रोत भएको व्यक्तित्व नभएको भए, मेरो समस्त अस्तित्वलाई त्यसले सरस नपारेको भए हुन सक्छ, रणुवा नै भएर म जीवन बिताइदिन्थें। आखिर ८५ वर्षको पुरुषलाई अविवाहित रहन कुनै गाह्रो पर्दैन।

जेठी मरेको एक वर्षपछि छोरो श्राद्धक्रियाका लागि घर आएको थियो। उसको कुराको उत्तर दिँदै मैले भनें– हेर, कोही बढेकी केटी पाइयो भने बिहा गर्नेछु।... तर तिम्रो पनि बिहा गर्ने उमेर भैसक्यो। मलाई बुहारीको अनुहार हेर्न बडो रहर छ।

उसले काशी जानुभन्दा पहिले भनेको थियो– यस घरलाई सुहाउने कसैलाई पाएँ भने खबर पठाउँला– आशीर्वादका लागि।

त्यस्तो माया गर्ने छोरो र त्यस्तो समझदार पछि के भो कुन्नि उसलाई ! मेरो बिहा भएपछि ऊ बिउँठिएको बिउँठिएकै रह्यो। एकचोटि पनि घर आएन। कान्छी भन्थी– सौतेली आमा घर आइन् भनेर छोरो बिउँठिएको होला। दोस्री पत्नी के जहिले पनि घरलाई बिगार्ने नै भएर जन्मिन्छन् र ? जहिले पनि त्यसले दोषको भागी हुनुपर्छ ?

उसले बडो उदास भएर यो कुरा भनेकी थिई। उसलाई आश्वस्त गर्दै मैले भनें– तिम्रो यसमा दोष के ? फेरि छोरो त जहिले पनि मलाई बिहा गर्न भनिरहन्थ्यो। बिहाको सरदाम मालमत्ता उसैले किनेर पठाएको हो। तिम्रा लुगाहरू पनि उसैले बनारसबाट रोजेर पठाएको हो। कति माल कलकत्ता गएर किन्यो उसले। र उसको त्यस्तो आग्रह नभई बिहा नै कहाँ गर्ने थिएँ र म ?

उसले भनी– त्यसो भए किन अत्तोपत्तोसम्म पनि घरमा नदिएर बिउँठिएर हिंडेको त ?

मैले सुस्केरा हालेर भनें– त्यही त म पनि बुझ्दिनँ।

छोराको यस्तो चालाले हामीलाई उदास पार्थ्यो। कान्छी भन्थी– ऊ पनि भएको भए यो घर कति रमाइलो हुने थियो। मलाई आजकल एकतमासको लाग्छ; लाग्छ हजुरको यस्तो प्रेम पाएर पनि मलाई कता हो कता केही नपुगेको जस्तो हुन्छ। त्यसैले म सधैं भाकल गर्छु– ईश्वर ! हाम्रो जेठो छोरालाई चाँडै घरमा फर्काइदेऊ। म त्यसका लागि जे गर्न पनि तयार छु, प्रभु !

उसको चित्तलाई शान्त पार्न म भन्थें– तिमी व्यर्थमा आफूलाई दुःख नदेऊ। झन् तिम्रो यस्तो शरीर भएको बेलामा चिन्ता गर्नु उचित होइन।

ऊ टोलाएर मलाई हेर्थी। म भन्थें– तिम्रो पेटको पनि छोरा नै भैदिए त्यसले जेठाको अभावको पूर्ति गर्ने थियो।

जेठी दुलहीका सम्बन्धमा मैले कान्छीसँग केही कुरा गर्ने आवश्यकता नै थिएन। मेरो सानो गृहस्थीमा छयाप्छयाप्ती उसले छाडेर गएका चिह्न चारैतिर थिए। आखिर कान्छी स्थापित हुन पुगेकी थिई– उसले रचेको गृहस्थीमा। दोस्री पत्नी, लेखिसकेको पाटीमा पहिलो लेखाइएका उपर लेखिएको भाषा त हो नि। जस्तोसुकै अधिकारसम्पन्नता र प्रेमको एकाधिपत्य दोस्री पत्नीले आफ्नो गृहस्थी र पतिका उपर स्थापित गरे तापनि त्यसले दोस्रो स्थानै लिन्छ। होला, प्रेममा दोस्रो स्थान नै अधिक प्रभावयुक्त हुन्छ। व्यवहारमा त्यही देखिया छ। दोस्रीको शय्या अधिकीले न्यानो पारिसकेको सेज हो– र शायद त्यसैले त्यो पुरुषका लागि अधिक आकर्षक। न कान्छीले, न पतिले नै यो कुरा बिर्सिन सक्छ कि केही कालपूर्व यस सेजमा अर्की सुतिसकेकी थिई। यसै सम्झनाले होला– सूक्ष्म मनोवैज्ञानिक प्रतिशोधको बन्धनले; कान्छीको आग्रह, चेष्टामा ईर्ष्याको उत्तेजना पनि रहँदो हो– जसले ती चेष्टालाई उछिन्ने प्रयासको बर्बर शक्ति दिन्छ र त्यो नारी प्रेम सम्पादनमा चतुर हुन्छे। कान्छीको आकर्षणको रहस्य, त्यै होला। कान्छी ल्याउने पतिको पनि त्यस्तै व्यग्र उन्माद हुँदो हो। त्यसरी पति र कान्छी पत्नी दुवै प्रणयशय्यामा एउटी अनुपस्थित नारीका प्रति अन्तरहृदयको अज्ञात अभिवादन अर्पित गर्छन्।

मेरा लागि यस प्रकारका मनोवैज्ञानिक छलको प्रयोजन थिएन। मरेकी पत्नीका प्रतिको मेरो प्रेम ममा छँदै थियो र त्यसको अनुभव यति पावन कि म त्यसलाई अरू कुनै संज्ञा दिएर त्यो पावनतालाई भ्रष्ट गर्न सकूँ। सक्दिनथिएँ। त्यसो हुनाले निश्छल भएर म उसको बारेमा कान्छीसँग कुरा गर्थे। मेरो कान्छीका प्रतिको प्रेम पनि त त्यस्तै दोषमुक्त थियो, निश्चल। त्यसो हुनाले मेरा लागि एकदम स्वाभाविक थियो। मैले भनें– उमा, तिम्री दिदी बढी असल थिइन्– रूप र स्वभाव दुवैमा।

उमाका काठिला काठिला आँखा, जो सदा उदास सौन्दर्यले भरिया हुन्थ्यो– हिमालयका निर्जनस्थलमा रहेका नीला सरोवरजस्ता– मेरा उपर परिरहेका थिए। उनमा कुनै किसिमको भावनाको छाया आएन– ती निर्जन सरोवरले आफ्नो वक्षमा मुखावयविहीन (Featureless) नीलो आकाशलाई प्रतिबिम्बित गरेको गरेकै रहे।

मलाई लाग्यो, मैले ठीक गरिनँ। निष्कपटता प्रेमको तर अवसर उपयुक्त हुन्न क्यारे। मैले भनें तत्कालै– प्यारी, तिमी पनि त स्वभाव र रूपमा कम छैनौ नि।

उसले केही बोलिनँ। मलाई लाग्यो भनूँ– तिमीले उछिनेकी छौ... तर भन्न सकिनँ। केवल भनें– साँच्चै, साँच्चै प्यारी उमा, पत्याऊ। ......म तिमीलाई बडो प्रेम गर्छु।

उसले जाँदाजाँदै भनी– दिदी बाँचिरहेको भए सबैको भलो हुने थियो।

कान्छीले बडो स्वाभाविक स्वरमा यो वाक्य भनेकी थी, मधुरो स्वरमा; कुनै पनि भावनाले उत्तेजित नपारेको स्वरमा। मानौं, कुनै गणितको तथ्यलाई भनेकी होस्। त्यसमा ईर्ष्या थिएन, न अर्को कुनै किसिमको व्याकुलता। जस्तो उसको प्रेम गर्ने तरिका थियो अनुद्विग्न अनुकूल आसन (Posture), त्यस्तै उसको यो वाक्य पनि थियो। प्रेमको अभावको ध्वनि मैले पाइनँ, यद्यपि ईर्ष्याको सप्को लागेर ऊ क्रुद्ध सर्पिनीजस्ती फुँफुँ गर्दै उठेर केही मर्मान्तक वाक्य मलाई भनेकी भए अधिक सन्तुष्ट हुने थिएँ। त्यस्तो गर्न सक्ने क्षमता उसको स्वभावको प्रतिकूल थियो। त्यसको नमनीय स्वभाव, मधुरो बोली, एकान्तप्रियता, मेरा प्रति स्वतः अनुकूल हुने बानी, उसको कोमल शरीर र उसका ठूलाठूला उदास आँखा, उसको व्यक्तित्वका अभिन्न अङ्ग थिए। उसको त्यस्तै

अप्रतिरोधी सहिष्णु (Passive) प्रकृतिकै अनुसार उसको प्रेम पनि थियो। पैलेपैले नबुझेर म त्यसलाई प्रेमाग्रहको अभाव भन्ठान्थें, तर पछि उसको स्वभावलाई बुझ्दै आएर सहिष्णु कर्मवाचक प्रेमको अनौठो स्वादलाई चाख्दै आएँ। त्यस स्वादमा तृप्तिबोध थिएन अथवा म त्यसमा सन्तोष र सुख पाउँदिनथिएँ– म भन्न सक्दिनँ।

जेठीका सम्बन्धमा अर्कोचोटि पनि चर्चा चलेको थियो– जसको मलाई कान्छीको अनौठो व्यवहारले अझै सम्झना दिया'छ।

म आफ्ना जीवनका यी सानातिना गन्थनका कुराहरू किन भनिरहेको छु ? कसैलाई दोस्रो बिहा गरेकोमा स्पष्टीकरण पनि दिनु छैन। साँच्चै भन्ने हो भने मेरा इष्टमित्र सबैले यसका लागि आग्रह गरेका थिए। आफ्नै मनलाई सन्तोष दिने पनि मलाई आवश्यकता छैन, किनभने मेरो यो दोस्रो नारीप्रेममा कुनै पनि दोषबोधको अनुभव हुँदैन। यौन आग्रहले मात्र प्रेरित भएर मैले बिहा गरेको भए अथवा हाम्रो सम्बन्धमा त्यो तत्त्व मात्र प्रभावी रहेको भए शायद यस्तो निर्दोष भाव ममा रहने थिएन। कान्छीबाट पाइरहेको प्रेमले ममा दोषबोध उत्पन्न नै हुन दिँदैन। त्यसो हुनाले मेरो जीवनको जुन पहलुलाई यहाँ उघार्न खोजेको छु त्यो न कसैका लागि चेतावनीको रूपमा स्थापित छ न सबक (पाठ)। मेरो दृष्टान्त बुढेसकालमा दोस्रो बिहाको कुपरिणामको सामाजिक पाठ होइन, यदि यसको केही शिक्षा छ यसतर्फ भने दोस्रो बिहाको सफलताको छ। किनभने हर दृष्टिबाट मेरो बिहा सफल भएको छ । शायद म यसकारण स्मृतिका कुराहरू लेखिरहेको छु कि यसले मेरो उदासपनलाई अलिकता भए पनि मेट्न सकोस्। उदासपन केको ? त्यै त म बुझ्दिनँ; त्यसैले म भन्छु– प्रेम जीवनमा अपर्याप्त हुँदो रहेछ। अपर्याप्त यस अर्थमा कि यसले जीवनको कुन्नि कस्तो खाल्डो हो पुर्न सक्दो रहनेछ, जतिसुकै प्रेमले ओतप्रोत भएको त्यो जीवन किन नहोस्।

ठाउँ-ठाउँबाट मलाई केटी दिन आइरहन्थे। पूर्वको यौटा खानदानियाँ तर ऐले केही बिग्रन गएको थापा परिवारकी छोरीको कुरा आयो। केटी बढेकी छ रे, उमेर पूरा पुगेकी, पढेकी पनि; बनारसमा बी.ए. मा पढ्दै छ रे। मैले हुन्छ भनें। मैले स्वीकृति दिँदै भनें– छोटकरीमा बिहा गर्नुपर्छ, पशुपतिको जङ्गलतिर गएर विधि पुऱ्याउने खालको। यस उमेरको बिहामा ठूलो झम्बार र बढाइ गर्ने मेरो इच्छा छैन। त्यसरी नै मेरो बिहा भयो। कुरा छिनिनेबित्तिकै मैले छोरालाई खबर पठाएँ। उसले खुसी मानेर चिट्ठी लेख्यो।

छोराको पनि केही भनाइ छ। तर अब त्यसको के आवश्यकता छ र ? उसको जीवनमा प्रेमको अनुभवको कुरा उसलाई पनि गर्नु छ। उसलाई पनि भन्नु छ कि प्रेमलाई सम्पूर्ण रूपले पाएर पनि त्यसको पर्याप्तता पाइँदैन– प्रेमको आफ्नो बनोटले गर्दा त्यसो भएको होइन। जीवनको बनोटमा प्रेम स्वयमसिद्ध हुँदैन। जीवनले यौटा श्राप बोकी हिंडेको हुन्छ मृत्युको। प्रेम पनि, त्यसैले अमरसुख हुन सक्दैन। जीवनको श्रापले, बिरुवालाई कीराले जस्तै भित्रभित्रै काटिसकेको हुन्छ। नत्र किन उमाको प्रेम त्यस्तरी एकचोटि पाएर पनि फेरि पाउने स्थितिमा रहेन ? बाबुले गर्दा ? मेरो पिताजीको यसमा के दोष ? उहाँलाई त मेरी प्रेयसीलाई पत्नीको रूपमा मैले घर ल्याएको भए त्योभन्दा बढी अर्को सुख हुन्नथ्यो। उहाँलाई दोस्रो बिहा गर्नलाई मैले नै कर लगाएको हुँ ? त्यसो भए के उमाले गर्दा ? एक क्षणका लागि पनि यो मैले सोचें भने कि उसको मेरा प्रतिको प्रेममा कुनै पनि सानोभन्दा सानो अङ्ग पनि– कुराको अभाव थियो उसका प्रति, उसका प्रेमका प्रति। उसले दिएको प्रेम जसलाई म आफ्नो जीवनमा

सबभन्दा बहुमूल्य प्राप्ति भन्छु अन्याय हुनेछ– किनभने यस्तो सोचाइ मिथ्या सोचाइ हो। मेरो दोष ? के दोष छ र मेरो ? त्यसैले त म भन्छु जीवनको बनोट नै कमजोर छ जसमा अडाउन खोज्दा प्रेम पनि बालुवाउपर निर्मित ताजमहलजस्तो हुन्छ– धस्छ, बाङ्गिन्छ, एक पाखो किंवा पल्टिन्छ, किंवा सिङ्गोको सिङ्गै भास्सिएर बालुवामा लोप हुन्छ।

छोराको साधारण जीवनमा बयानको लायक कुनै कुरा थिएन। यदि यौटा कुरो थियो भने उमाको प्रेम। प्रेमको बिरुवा कत्रो तीव्र शक्तिका साथ र कति दैवी द्रुततासँग हुर्कियो; जान्दा नजान्दै तिनीहरूले शिवको यौटा शून्य लिङ्गको अगाडि स्वयंवर गरे र त्यही रात पुरुष-नारीको आदिसम्बन्धमा आबद्ध भए। विवाहको त्यस मौलिक, प्राकृतिक र आदिसम्बन्धबाट पतिपत्नी भएर उठेको भोलिपल्टै ऊ कलकत्ता गएको थियो– प्रेमको सुख-स्वप्नलाई अँगालेर र पतिको उत्तरदायित्व र मर्यादाले गर्वित भएर।

कलकत्ताबाट फर्केर आउँदा ऊ गइसकेकी थिई। फुपूले भनिन्– थाहा छैन बाबू, कोसँग बिहा हुने हो। बढेकी छोरी। दाजुले लिएर गए– नेपाल।

बिहा त्यस्तो घटना हो, जो जुनसुकै स्थितिमा पनि उत्सुकतालाई जगाउँछ मनमा। त्यसैले परचक्रीको बिहामा पनि मानिसलाई रमिता लाग्छ; उत्सुकताले जुनसुकै जन्ती सडकमा गएको पनि ऊ झ्यालबाट हेरिहाल्छ। झन् आफ्नो बिहाको त कुरै भएन। बिहा भएको दिन म उत्कण्ठित भएर आफ्नी नववधूलाई हेर्ने मौकालाई पर्खिरहें। पशुपतिको जङ्गलमा माला साटासाट गर्दा राम्ररी उसको मुख उघ्रेको थिएन। जीउ भने पूरा भरिएको र सेख अग्ली। मेरी पैलेकी दुलही बिहा भएपछि मेरो कोठाभित्र आउँदा म यति उत्तेजित र उत्सुक थिएँ कि त्यस घडीको केही कुराको पनि मलाई अहिले सम्झना रहेन। त्यस्तो उत्ताउलो उत्तेजना अब यस उमेरमा कहाँ सम्भव थियो र! उमेर र अनुभवले मेरो उत्सुकता र उत्कण्ठालाई वशमा राखेको थियो। त्यसैले त्यस रातको प्रत्येक घटनाको स्पष्ट सम्झना छ मलाई।

कुन्नि कसले उसलाई कोठाभित्र हुलेर गयो। ऊ ढोकैनिर उभिइरही। मैले भनें– किन त्यहाँ उभिरहेकी। आऊ नजीकै।

तैपनि उसले पाइलो चालिन। मैले पलङबाट ओर्लेर उसलाई समातेर लिएर आएँ। पलङको छेउमा अप्ठ्यारो गरेर बसी। मैले वातावरणलाई हलुको पारूँ भनेर भनें– तिमी त सानी छैनौ। त्यस्तो के लाज मानेकी प्यारी!

उसको हातलाई मैले आफ्नो हातमा लिएँ। हात चिसो थियो र पसिनाले भिजेको। मैले छुनेबित्तिकै लाग्यो उसको शरीर काम्यो। मैले सोधें– के भयो तिमीलाई ? रोएकी ?

यति भन्नु के थियो मैले, ऊ घोप्टिएर रुन थाली। म स्तब्ध भएर उसको हल्लिरहेको पिठ्यूँलाई हेरिरहें। उसलाई सम्झाऊँ, बुझाऊँ भन्ने पनि मलाई साहस भएन। मलाई हठात् ठूलो ग्लानि भयो। मैले वाष्पकण्ठमा भनें– मैले तिम्रा प्रति अन्याय गरें क्यारे, यस उमेरमा बिहा गरेर..........।

अरू केही बोल्न सकिनँ। ऊ जुरुक्क उठेर बिछयौनामा बसी र व्यग्र भएर भनी– यस्तो वचन आफ्नी पत्नीलाई नभनिबक्सियोस्, बिहाको प्रथम दिनमै।

मैले उसको मुख उघारें। आँसुले भिजेको थियो, आँखा राता-राता थिए। ऊ टोलाएर मलाई हेरिरही।

मैले भनें– यो अब तिम्रो घर भयो। उसले मुन्टो हल्लाई र भनी– म हजुरकी पत्नी। मलाई राम्रो तालीम छैन, हजुरले तालीम दिएर आफ्नो अनुकूल बनाइबक्सियोस्। म सदा हजुरकी अनुगामिनी भएर बस्छु।

मलाई लाग्यो यी प्रेमका शब्द होइनन्, तर कुनै आपत्तियोग पनि त थिएनन्। बरु कर्तव्यनिष्ठाका सूचक थिए। मैले सोचें– नयाँ घरमा आउँदा प्रत्येक नारीलाई अप्ठयारो त लाग्दो हो। उसको हृदय आशङ्काले भरिएको हुँदो हो। त्यसैले उसको व्यवहार सहज हुन नसकेको होला।

बिहा गरेको केही दिनसम्म त उसको व्यवहार बडो अनौठो रह्यो। एक्लै बसिरहन्थी र कुनै कुरामा पनि उत्साह लिन्नथी। बाहिरबाट आउँदा उसका लागि म केही न केही किनेर ल्याइदिन्थें। ऊ भन्थी– किन व्यर्थ ल्याएका यी सामानहरू। घरभरि मालमत्ता प्रशस्त छन्, फेरि किन थप्नुपऱ्यो। हजुरको आज्ञा भए बिहेका लुगाफाटाहरू नोकर-चाकरलाई बाँडिदिन्छु बरु।

मैले खिन्न भएर सोधें– तिमीलाई मन परेन ती लुगाहरू ? उसले भनी– मन किन परेन; त्यस्ता-त्यस्ता बनारसी साडीहरू। तर लाग्छ, गृहिणी भएर आएपछि सादा भेष नै सुहाउँछ मलाई, हलुको पहिरन।

मैले भनें– बाँड्ने भए तिमी दिदीका पुराना लुगाफाटाहरू बाकसभरी मनग्य छन्। तिनैलाई बाँड न।

उसले आग्रह नमानी भनी– दिदीको चिह्नो कसरी हिनामिना गर्नु ? मैले विरक्त भएर भनें– जे मन लाग्छ गर कान्छी, यो तिम्रो आफ्नो घर हो।

उसले भनी– त्यसैले त भनेको घरकी स्वामिनीलाई केको नक्कल चाहियो ? तर रिसानी हुन्छ भने बाँड्दिन लुगा आफ्ना।

म चूप लागें।

एक दिनको घटना मलाई झलझली सम्झना छ। बिहा भएको दुई महिनापछिको कुरो। हाम्रो घरको उत्तरपट्टिको बारदलीमा बसेर ऊ घाम तापिरहेकी थिई। म पनि भात खाएर भित्र कोठामा पलङतलको भुइँबिछ्यौनाउपर पल्टिरहेको थिएँ। मैले त्यहींबाट कराएर बोलाएँ– कान्छी, बाहिर के गरिरहेकी छौ ?

ऊ कोठाको ढोकासम्म आएर उभिई र भनी– त्यसै बसिरहेकी थिएँ– घाम तापेर।

उसको अनुहार उदास थियो। मैले उसलाई भनें– कान्छी प्यारी, यहाँ बस मसँग र भन के भइरा'छ तिमीलाई ? केको पीर छ ? भन्नैपर्छ आज तिमीले।

ऊ बिस्तारै आएर बिछ्यौनामा बसी। उसले भनी– यस्तो परिपूर्ण भएको गृहस्थी र हजुरजस्तो पति पाएर पनि कुनै नारीलाई क्यै नपुगेको हुन सक्छ र ?

मैले भनें– तिमीले अझै भनिनौ आफ्ना कुरा। उसले फेरि भनी– के भनूँ प्राणनाथ ! र टाउको उठाएर मलाई टुलुटुलु हेर्न थाली। उसका ठूला-ठूला आँखा मलाई हेर्दाहेर्दै भिजेका जस्ता हुन थाले। मैले समातेर उसलाई नजीकै तानें। उसले भन्न थाली– मलाई के भइरहेको छ, भइरहेको छ ! अन्यथा नमानिबक्सियोस् मेरो व्यवहारले। भारी जीउ भएपछि यस्तै हुन्छ क्यारे।

मैले आश्चर्य र आनन्दमा उल्लसित भएर सोधें– भारी जीउ ? तिमी भारी जिउकी भएकी छौ ?

उसले मुन्टो गाडेर भनी– दुई महिना भयो, पर नसरेकी । मैले हातले उसको चिउँडोलाई समातेर उसको निहुरिएको मुखलाई उठाएँ । म बडो प्रसन्न थिएँ । उसको उठेको अनुहारमा आँखा चिम्लिएका थिए । मैले गद्‌गद भएर भनें– प्यारी !

उसले आँखा उघारिन । मैले फेरि भनें– यो आनन्दको समाचार ल्याउने प्यारीलाई के बकस दिउँ, भन कान्छी ।

उसले भनी– मेरो दोषलाई सधैं क्षमा गरिबक्सियोस्, मलाई सधैं माया गरिबक्सियोस् । म अरक्षिता छु ।

उसका यस्ता कुरा सुनेर म विस्मयमा परें ।

मैले भनें– यस्तो उत्सवको घडीमा पनि तिमी किन यस्ता कुरा भन्छयौ ? अनौठा कुरा छन् तिम्रा ।

उसले भनी– त्यसैले त क्षमाको याचना गरेकी नाथ ।

त्यस्तो अवस्थामा स्वास्नीमानिसको मन केही विचलित हुन्छ र मलाई लाग्यो जो उसको पहिलो अनुभव हो सोच्दै नसोचेको, हठात् प्राप्त गरेको ।

मायाले मैले सम्भाउँदै भनें– कान्छी, तिमीले आफ्नो शरीरको बडो ख्याल राख्नुपर्छ अब । तिम्रो जीउ एउटा मात्र रहेन ।

उसले भनी– राख्छु । पेटको सन्तानका खातिर पनि त मैले ख्याल राख्नुपर्छ ।

त्यति भनेर उसले आँखा उघारी । उसको चिउँडो अझै मैले उठाइराखेको थिएँ । मेरो हातमाथि उसले आफ्नो हात राखेर मलाई थिची । लाग्यो, कुनै सम्भौता गरिरहेकी छ ।

मैले उसलाई आफूतिर तानेर अँगालें । पहिलोचोटि ऊ सहयोगी भएर मसँग टाँस्सिई । मलाई लाग्यो, त्यो घडी हाम्रो यथार्थमा बिहाको घडी थियो, प्रणयरात त्यै घडी थियो ।

मेरो हात त्यसरी हलुको किसिमबाट थिचेकी थिई र मलाई त्यस समयमा लाग्यो, स्पर्शमा मायाको थिचाइ छ र सहयोगी भावमा ऊ मसँग टाँस्सिएकी पनि थिई । र, त्यसपछिको उसको व्यवहारमा स्पष्ट परिवर्तन पनि आयो । तर मलाई कैलेकैले लागिरहन्थ्यो कि त्यस दिन के त्यस्तो कुरा हुन गयो र कि म उसमा परिवर्तनका लक्षण पाउन थालें; मेरा प्रतिको आग्रहका चिह्नहरू । मनमा कुरा खेलाउँदा कहिले लाग्थ्यो– वैवाहिक जीवनको प्रारम्भिक असन्तुलित अवस्थाको अवधि कुनै दिन त अवश्य सिद्धिन्छ, जब यौटा नचिनेको पुरुषसँगको अनौठो सम्बन्धमा हठात् गाँसिन पुग्दा भएको मानसिक स्थिति बिस्तार बिस्तार लोप भएर नारी गृहस्थीको मध्यमा सहज रूपले पत्नीको स्थिति आविर्भूत हुन्छ । प्रारम्भको असन्तुलनको स्थिति बेरसबेर लोप हुन्छ, हुन्छ । पत्नीको सहज स्थितिमा त्यो प्रकट भएकी थिई । उसको अन्तरमा बिस्तार-बिस्तार नजानिंदो परिर्वतन आइरहेको हुँदो हो, गृहस्थीको पदसँग सुस्तरी सुस्तरी भए पनि ऊ परिचित हुँदै गएकी थिई । भित्रभित्रै, मेरी भार्या हुँदै गएकी थिई मनमनै– बाहिर उसको आचरणमा त्यो परिर्वतन लक्षित नभए तापनि । मलाई पो त्यस दिन हठात् उसमा परिर्वतन आएको जस्तो लाग्यो ।

कहिले म सोच्दैथिएँ– परिवर्तनको आत्मिक उद्देश्य शायद म थिइनँ; त्यो त उसको पेटको सन्तान थियो । गर्भवती नारीलाई पुरुषको आधारको बडो खाँचो रहन्छ;

उसको मनस्थिति पनि त्यस्तै हुन्छ। एकचोटि उसले भनेकी पनि थिई– म अरक्षिता छु।

यसरी सानासाना कुरा केलाइरहने प्रवृत्ति शायद मध्यवयस्कको आत्मविश्वासको कमीले गर्दा हुन्छ क्यार। झन् त्यस अवस्थामा दोस्रो बिहा गर्दा त्यो प्रवृत्ति उक्सिन्छ; नत्र किन कान्छीका सानासाना कुराहरूलाई लिएर म दिनरात तिनलाई केलाइरहन्छु; मनमा तिनलाई उल्टाईपल्टाई नियालिरहन्छु या कान्छीको अस्वाभाविक गम्भीर व्यवहार– शुरुमा त त्यो व्यवहार एकदम चिसो किसिमको थियो र पछि जब उसले मलाई प्रेम गर्न थाली, जसको स्पष्ट अनुभव त्यस दिनको घटनाले मलाई दिएको थियो, त्यसको व्यवहारमा आत्मीयता र प्रेमको न्यानो त रहन्थ्यो तर गम्भीर किसिमको– ले गर्दा यस प्रकारको चिन्ता लिने प्रवृत्ति जाग्यो ममा। कतै कहीं केही नपुगेको अनुभव हुँदा जाग्ने प्रवृत्ति। देख्दा सबैथोक पुगेको छ; हृदयको मध्यमा प्यारीको प्रेम पनि स्थित छ– तर तैपनि केही नपुगेको, जीवनको कुन कुना हो नभरिएको।

जेठीसँग बिहा हुँदा यस्तो कुनै समस्या थिएन। कच्चा उमेरमा जोडिएको सम्बन्धले विलम्ब आफ्नो सन्तुलन प्राप्त गर्छ। त्यसमा त्यस्तो लामो मानसिक द्वन्द्व शायद हुँदैन, जस्तो कि छिप्पिएको उमेरमा जोडिन गएको सम्बन्धको हुन्छ। त्यसैले उसँग बिहा भएपछि सम्बन्धको विश्लेषणको खाँचो नै परेन। यौवनको तोडमा कसलाई बसेर कुरा केलाइरहने फुर्सत हुन्छ र ? विश्लेषण गर्ने मौका कहाँ पाइन्छ र ?

कान्छीका सम्बन्धमा भने उसको व्यवहारका सानातिना अभिव्यक्तिहरूले पनि मनमा कुराको जालो रच्न थाल्यो। कैले कैले म मनमा झर्केर भन्थें– यसरी सोचिरहने खाँचो किन पर्छ ? के मनमा कुनै शङ्का त छैन ? ईश्वर साक्षी छ, म कान्छीको प्रेमले ओतप्रोत छु, उसले दिएको प्रेमले सार्थक र भाग्यमानी भएको छु। शङ्काको सानो भाव पनि कहिल्यै मेरो मनमा आएन। मैले बसेर कुरा गमिरहेको त कारण अर्कै छ– प्रेमको अपर्याप्तता, जसको मलाई बारम्बार आजकाल ध्यान आउँछ।

यदि कान्छीको स्वभाव जेठीको जस्तै फरासिलो भएको भए हुनसक्छ ममा यस्तो वृत्ति जाग्ने थिएन, साँच्चै जाग्ने थिएन र ? कान्छीको गम्भीर स्वभावले, कुनै कारण छैन यस्तो वृत्ति ममा जागोस्। जेठी नै कान्छीको स्वभावकी भएकी भए के हुने थियो नि ? या यदि कान्छी पनि जेठीजस्तै फरासिली, चञ्चल, रमाइलो गर्नुपर्ने खालकी भएकी भए के हुने थियो ? यी सब प्रश्नहरू मनमा उठ्ने तर्कना हुन्, पानीका बुलबुलजस्ता, जसको न कुनै सार्थक प्रारम्भ छ न सार्थक अन्त नै। त्यसै मस्तिष्कको सतहमा बुलबुल गरेर उठ्छन् र तत्क्षण बिलाएर जान्छन्।

कान्छीको स्वभाव गम्भीर थियो। यसमा त कुनै शङ्का नै छैन। जस्तोसुकै एकान्तमा पनि उसले मसँग अनावश्यक कुरा गरिन; प्रेमको आचरणमा पनि उसको अनावश्यक अभिव्यक्ति हुँदैनथ्यो। उसको सुखको, दुःखको भान मलाई उसको अनुहारबाट हुन्थ्यो, ऊ मुख फोडेर भन्दिनथी– मलाई बडो आनन्द छ। लुगाफाटोमा उसलाई केही शोख थिएन, भन्थी– पतिको प्रेम पाएपछि, शोभा पाएपछि शृङ्गार अनावश्यक मात्र होइन कि नारीको तुच्छ प्रयत्नजस्तो मात्र लाग्छ। हजुरको प्रेम नै मेरो शृङ्गार हो। प्रेम नपाएकी नारीको शरीरमा शृङ्गारको केही शोभा हुँदैन; प्रेम पाएकोमा भने त्यस्तो आवश्यक पर्दैन।

कतिचोटि त म उसलाई भन्थें– प्यारी, तिमी किन रमाइलो गर्दिनौ ? केहीको शोख नभएको जस्तो गर्छ्यौ।

ऊ हाँस्थी । उसको हाँसो जेठीको जस्तो कोठालाई नै थर्काउने खालको खित्का हुँदैनथियो, जसलाई बाहिरकाले सुन्लान् भन्ने डरले उसलाई हातले मुख छोप्नु परोस् । कान्छी हाँस्थी निःशब्द हाँसो । उसको अनुहारलाई हेरेन भने थाहा नै नपाइने कि ऊ हाँसिरहिछ । उसका ओठ किञ्चित् लम्बिन्थे, जसको मध्यबाट मिलेका दाँतका दुई पङ्क्ति टल्कन्थे । उसको यस्तो हाँसोमा पनि प्रशान्त गम्भीरताले कहिले छाडेन जसले गर्दा पैलेपैले मलाई लाग्थ्यो, ऊ बल गरेर हाँसिरहेकी छ । पछि भने उसको स्वभावसँग परिचित हुँदै गएपछि मैले बुझैं उसको हाँसो विशुद्ध र अकृत्रिम हुन्छ । उसले भनी– किन बिर्सिबक्सेको प्राणनाथ ! कि म २२ वर्ष भएको जेठो छोराकी आमा हुँ । त्यस्तीलाई पनि केटीहरूले गरेको जस्तो रमाइलो गर्न सुहाउँछ र ?

अनि म भन्थें– र यो पनि किन नभनेकी कि ४५-४६ वर्षको पुरुषकी पत्नी ।

ऊ फेरि हाँस्थी र भन्थी– हजुरको उमेरको त मलाई पत्तो छैन; तर व्यवहारमा को तरुणोले हजुरलाई भेट्टाउला ।

ठट्टाको वातावरण थियो । मैले उसका हात समातेर उसलाई आफूतिर तानें । उसले आफूलाई तानिन दिँदै भनी– यस्तो व्यवहार तरुणोलाई छाडेर अरू कसको हुन्छ, भनिबक्सियोस् त !

त्यत्ति हो उसले रमाइलो गर्न जानेको, मसँग बसेर । कहिले कहिले यस्तै किसिमका ठट्टा गर्नु, जसले मलाई सुख दिन्थ्यो र म त्यस समयका लागि मात्र भए पनि आफ्नो उमेर बिर्सन्थें र यो पनि सम्झिन्नथिएँ कि मेरी पत्नी मभन्दा २३-२४ वर्ष कान्छी छ ।

बाहिर जाऔं, घुमौं, सिनेमाघर पसौं, बजार डुलौं या पिकनिक गर्न हिंडौं इत्यादि कुनै कुरामा उसलाई शोख थिएन । मलाई पनि उमेरले गर्दा होला– त्यस्तो कुराको शोख थिएन, त्यसो हुनाले हामी दुवै जना धेरैजसो घरै बसिरहन्थ्यौं । जेठीको स्वास्थ्य ठीक छँदा उसलाई रमाइलो गरिरहनुपर्थ्यो । पछि बिरामी परेर बिछ्यौनामा परेपछि ऊ बाहिर जाने या अरू कुनै किसिमको रमाइलो गर्ने गर्न सक्दिनथी; तर मलाई बारम्बार आग्रह गर्थी– किन यसरी रोगीको कोठामा धुम्धुम्ती बसिरहेको ? जाऊ बाहिर । म बिरामी परें भनेर के तिमीले पनि रमाइलो गर्न छाड्ने हो ?

कान्छीले त्यस्तो आग्रह कहिले पनि गरिन; उसले कहिले पनि भनिन– किन घरभित्र स्वास्नीमानिसजस्तो बसिरहेको । बाहिर जानु, साथीभाइहरूसँग रमाइलो गर्नु पो पर्छ लोग्नेमानिसले ।

ऊ चालचुल नगरेर बिस्तार-बिस्तार पत्र चालेर घरको काममा लागिरहन्थी । भान्छामा गएर तरकारी पकाउँथी, तलको अँगेनामा बसेर । कहिले कोठा मिलाउँथी, कहिले घाम ताप्न बुईंगलमा जान्थी । नोकरचाकरहरूको सरसुविधाको पनि उसलाई ध्यान रहन्थ्यो । त्यस्तो जेठीले कहिले पनि गरिन । घरपट्टि पनि उसको ध्यान कहिले पनि गएन । प्रिया नै भएर ऊ रही यस घरमा । कान्छी भने आउनेबित्तिकैदेखि आफ्नो गम्भीर स्वभावले गर्दा एकदम गृहिणी भएर आई ।

मैले एक दिन भनें– तिमीलाई दिनभरि किन जोतिइरहनुपर्‍यो ? नोकरचाकरले गरिहाल्छन् नि ।

उसले जवाफ दिई– यत्रो ठूलो घरकी गृहिणी कसरी हुने त ? घरको कामकाज नसम्हालेर गृहिणीको पदमा बस्न पाइन्छ र ?

मैले भनें– तिमी किन विर्सिन्छ्यौ, तिमी कसैकी प्रिया हौ ।

उसले भनी– हुँ त, किन होइन र यस घरकी गृहपत्नी पनि...... ।

म चूप लागें । ऊ बार्दलीमा गएर बेलुकाको तरकारी केलाउन थाली ।

स्त्रीको स्वभावमा जस्तोसुकै भिन्नता देखिए तापनि, मलाई दुई नारीको सहवासको अनुभव छ, उनीहरूको अन्तस्थल एउटै तत्त्वको हुन्छ । उनीहरूलाई प्रकृतिले नै आत्मसमर्पणका लागि रचेको हो, त्यसैले आफूलाई उत्सर्ग गर्नु उनीहरूको स्वाभाविक वृत्ति हुन्छ । जेठी र कान्छीमा त्यस्तो स्वभावको भिन्नता भएर पनि दुवैले मलाई दिएको प्रेममा आत्मसमर्पण थियो । जेठी भन्थी– तिम्रो सुख मेरो पनि सुख हो नि । कान्छी पनि भन्थी– मेरो आफ्नो निजी सुखको अस्तित्व छैन हजुरको सुखभन्दा बाहिर ।

दुवैको भनाइ मलाई स्वभाविक जस्तो लाग्थ्यो, किनभने उनीहरूको अन्तस्थलको समान तत्त्वलाई लक्षित गर्ने भनाइ थिए ती । कान्छीको स्वभाव नै गम्भीर थियो; जेठीको चञ्चल । तापनि प्रेमको कुरामा जेठी पनि गम्भीर कुरा भन्थी । जेठीमा चञ्चलता, उत्साह, उत्तेजना, सक्रियताको पुट अधिक थियो, तर उसको पनि अन्तर्मन गम्भीर नै थियो र सानै केटाकेटीदेखि नै परिवारको धार्मिक वातावरण पाएकीले धार्मिक चेतना पाएकी । कान्छीले धर्मको सम्बन्धमा एक शब्द पनि मलाई भनिन, न पूजाआजाको चर्चा नै गरी; तर पनि उसको मन गम्भीर थियो र त्यसै गम्भीरताले जेठीको धार्मिक चेतनाको ठाउँ लिएको थियो । दुवैको नारीत्वको मूल तत्त्वको मैले उनीहरूबाट पाएकोमा प्रेममा सादृश्य थियो ।

ती दुवैको कस्तो भिन्न आचरण प्रेममा, तर अन्तरमा कस्ता सदृश । एउटी भन्थी– पति प्राप्ति हो, पूर्वजन्मको तपस्या र यस जन्मको पनि । उसले पति प्राप्तिका लागि सक्रिय भएर आफ्नो सामर्थ्यअनुसार उद्योग गरेकी थिई । शिवको मन्दिरमा पूजा गर्थी र भन्थी– शिवजी ! मलाई योग्य वर दिए । त्यसैले त्यो भन्थी– पति देवप्रसाद हो ।

कान्छीले त्यस्तो सक्रियताका साथ पतिप्राप्तिको उद्योग गरिन होली, किनभने कहिल्यै पनि त्यसको उसले चर्चा गरिन । ऊ देउताको कुरा त गर्दिन थिई, तर अर्को भाषामा त्यस्तै कुरा गर्थी– आफ्नो भाग्यअनुसार पति पाइन्छ । त्यसैले हामी नारीले जस्तो पति पाए पनि त्यसैमा सुख पाउनुपर्छ ।

मैले सोधेथें– तिमीले सुख पाएकी छौ कि छैनौ त, कान्छी ?

उसले भनेकी थिई– त्यो पनि सोध्ने कुरा हो ? म भाग्यमानी छु, नाथ !

जेठी र कान्छीको मेरा प्रतिको व्यवहार र उनीहरूको स्वभावको तुलना गर्दा दुई नारीको पार्थक्य त देखिन्थ्यो, तर दुवैमा स्थित नारीत्व चाहिं मैले एउटै पाएँ । हो कान्छीले कहिले पनि जेठीजस्तो बिछ्यौनामा पर्खेर बसिन; एकचोटि पनि त्यस्तो भएन । मैले प्रथम आग्रह गरेर नबोलाएर पनि ऊ मकहाँ स्वाग्रहले आएकी होस् । उसको सहयोग जेठीको जस्तो कहिले पनि सक्रिय थिएन; निष्क्रिय थियो– त्यो पनि होइन । तर उसको त्यस समयप्रधान रूप भोग्याको हुन्थ्यो, जसमा भोक्ताको रूप पनि गाँसिन पुग्थ्यो । कहिले कहिले मैले ऊसँग जेठीको कुरा चलाउँदा ऊ भन्थी– के म दिदीको दाँजोमा आउन सक्छु ? आखिर म एवजकी पनि त हुँ नि ।

मैले भनें– किन एवजकी ? तिम्रो आफ्नो स्वतन्त्र अस्तित्व छ ।

उसले भनी– त्यसो त हो ।

एकछिनपछि उसले थपी– त्यो त भन्ने कुरा हो र दिदीको दाँजोमा म आउन सक्दिनँ। तर मेरा साना पखेटाले प्रेमको त्यो उच्चतामा पुग्न सकिनँ भनेर के हजुरले मेरो प्रेमको अल्पताको बारम्बार स्मरण गराइरहनुपर्छ र ?

मैले व्यग्र भएर भनें– त्यसो मैले भनेको होइन, प्यारी कान्छी !

कहिले कहिले म बडो अप्ठ्यारोमा पर्थें, कान्छीको कुराले अन्यौलमा पर्थें र आफ्नो नादानीमा आफूलाई धिक्कार्थें पनि। मैले जेठीसँग कान्छीलाई दाँज्न खोजेको त थिइनँ, केवल उनीहरूको प्रेम-व्यवहार र आचरणको भिन्न अभिव्यक्तिको चर्चा गरेको थिएँ। कान्छीलाई दोष दिने मेरो उद्देश्य छँदै थिएन र उसको अपर्याप्तता जेठीको तुलनामा त्यसको पनि चर्चा मैले गरेको होइन। तर जहिले पनि यस्ता कुरामा कान्छीको आफ्नो कुरा मैले उसलाई दोष दिएको छु कि भन्ठानेर भनेको जस्तो हुन्थ्यो। त्यसैले म अन्यौलमा पर्थें। म बराबर भन्थें– त्यसो भनेको होइन कान्छी, मेरी प्यारी। तिम्रो प्रेमले म कृतकृत्य छु। कसरी बुझाऊँ तिमीलाई यो कुरो। तिमी मेरा जुन कुरालाई पनि उदास पार्ने कुरामा बदलिदिन्छयौ।

ऊ भन्थी– मेरो प्रेम र सुखको अनुभव नै शायद उदास पार्ने खालको छ। नारीको प्रेम रचनात्मक भएको त्यस्तो स्वभावमा अपेक्षाकृत गम्भीरता रहन्छ कि क्या हो। आखिर रचनाको प्रक्रिया सन्तोषको भए तापनि त्यसमा श्रान्तता र उदासी रहँदैन ?

मलाई पनि त्यस्तै लाग्छ। नारीको प्रेम हामी पुरुषको जस्तो छिपछिपे हुँदैन; उनीहरूले त प्रकृतिको एउटा ठूलो क्रियामा जोतिनुपर्छ– प्रेमको परिणामस्वरूप। त्यसैले होला, त्यसमा उनीहरूका लागि उदासी पनि रहँदो हो। जेठी पनि प्रणयकालमा हाई-हाई गर्दै चिसो स्वास तान्थी। जेठीले कान्छीको जस्तो उदासीको कुरा त कहिले पनि गरिन तर प्रणयकालपछिको उसको व्यवहार हठात् गम्भीर हुन्थ्यो र ऊ लामो श्वास तान्थी। भन्थी– प्राणनाथ ! त्यस समयमा त मलाई यसको कुनै महत्त्व लागेको थिएन। तर आजकाल कान्छीका कुरा सुनेर र जेठीको आचरणलाई सम्झँदा लाग्छ– उसले पनि किन अकारण "प्राणनाथ" भन्नुपर्थ्यो त लामो श्वास तानेर ?

हामीहरूको जीवनमा उदासी ल्याउने अर्को पनि कारण थियो:– जेठो छोराको अनुपस्थिति। मेरा लागि त त्यसले त्यसरी पत्तोअत्तो पनि नदिएर हिँडिदिएको, ठूलो मानसिक व्यथाको कारण थियो। उसलाई म अत्यन्त माया गर्थें र पितापुत्रमा बडो समझदारीको सम्बन्ध भएकाले हाम्रो प्रेम झन् बढेको थियो। त्यसैले मेरो चिन्ता स्वाभाविक थियो। तर कान्छी पनि सौताको नदेखेको छोरालाई पनि कुन अज्ञात प्रेरणाले हो कुन्नि माया गर्न थाली। उसलाई पनि छोरोको अनुपस्थितिले व्यथित पार्थ्यो। त्यसैले त ऊ मलाई बराबर भन्थी– त्यो घर फर्किदिए मेरो सौभाग्य सुखपूर्ण हुन्थ्यो। सौतेनी आमाको त्यस्तो स्नेह जेठोको प्रति बुझेर म गद्गद हुन्थें र मनमनै भन्थें– मैले कान्छीको नाउँमा कुनै देवीलाई बिहा गरेर ल्याएको छु आफ्नो घरमा।

दिउँसो भात खाएर कोठामा हुक्का पिएर बिसाएर बस्दा म उसको छोराको चर्चा गर्थें। कहिले कहिले ऊ नै सोध्थी– जेठो कस्तो थियो ? मैले कहिले देख्न पाउँछु !

म भन्थें– त्यो छोरो बढो सुशील छ प्यारी। तिमीले जस्तो स्नेह राखेकी छौ उसका प्रति, आफ्नो हृदयमा त्यस्तै प्रेम उसले पनि दिने थियो तिमीलाई, घरमा भएको भए।

ऊ भन्थी– त्यसो भए म आमा भएर यहाँ आएपछि किन एकचोटि पनि आएन त ऊ। सौता हुँ भनेर के ममा माताको हृदय छैन र ? उसले त्यति पनि किन नबुझेको। ऊ आएमा देख्ने थियो- कत्रो मायाको हृदय लिएर उसका लागि म पनि पर्खिरहेकी रहिछु। बाबु मात्र होइन; नयाँ आमा पनि। के छोरो जन्माउने मात्र आमा हुन्छे ? बाबुलाई प्रेम गर्ने स्त्रीले के त्यो सौभाग्य पाउँदिन र ?

जब म उसको चर्चा गर्थे; ऊ एकाग्र हुन्थी र सुनिरहन्थी। भन्थी– मलाई उसको कुरा सुनिरहन मन लाग्छ, नाथ !

म भन्थें– प्यारी, तिमीले यस गृहस्थीलाई यसरी आफ्नो तुल्याएकी छौ, मलाई यस्तो एकाग्रतासँग माया गछ्र्यौ कि सौताको छोराका प्रति पनि तिम्रो माया स्वाभाविक भएको छ।

ऊ भन्थी– सौताको छोरा किन ? मेरो हृदयको भावनालाई देख्ने हो भने तिमी जेठो छोरालाई सौताको छोरा भन्ने थिएनौ। मेरो हृदय रसाउँछ उसलाई सम्झिदा, उसका कुरा सुन्दा।

मैले भनें– तिमी सन्तानवती हुने भएकी छौ। पुत्र उत्पन्न गर्‍यौ भने यो घरलाई फेरि त्यसले उज्यालो पार्ला।

उसले भनी– त्यसै त होला; तर जेठोको कुरा अर्कै हो। त्यसको ठाउँ उसको भाइले लिन कहाँ सक्छ र ?

यसरी हाम्रा दिन बितिरहेका थिए साधारण किसिमबाट, जस्तो कि धनसम्पत्तिले मनग्य भएको घरमा दुई दम्पतीको बित्छ। जसमा एउटा त मध्यवयस्क र अर्की तरुनी भए पनि आफ्नो स्वभावको गम्भीरता र शरीरको भारीपनाले उस्तै छिप्पिएकी– जस्तै उसको गर्भ बढ्दै गयो। अनुहार झन्‌झन् दुब्लो, पातलो हुँदै गयो। शरीरले भ्याइ-नभ्याईकन पनि बिस्तार-बिस्तार तलमाथि गर्दै पछिसम्म घरको काम हेर्थी। पछि त्यसो गर्न पनि सक्ने भइन। र बिछ्यौनामा उत्तानो परेर सुतिरहन्थी; उसको दुब्लो शरीरको पेट असाधारण किसिमले ठूलो हुँदै गएको जस्तो लाग्थ्यो। म बिछ्यौनाको छेउमा उसँगै बस्थें। ऊ मेरो हात आफ्नो हातमा लिन्थी। म सोध्थें– कस्तो छ तिमीलाई प्यारी ?

ऊ सुस्तरी भन्थी– ठीकै छ। समय आइपुग्यो। कसो हुने हो। म सोध्थें– तिमीलाई घबराहट छ ? र सान्त्वना दिँदै भन्थें– किन आत्तिएकी ? यो स्वास्नीमानिसको काम सबै लाटीले गर्दै आएको त हो नि।

तिनताका ऊ मलाई जेठो छोराको बारेमा कुरा भनिरहन भन्थी। जब म भन्थें– जेठो छोरो बडो सुन्दर र सुशील छ, प्यारी। ऊ भन्थी– म चाहन्छु यो पनि त्यस्तै भएर जन्मोस्।

म भन्थें– गर्भवतीले जस्तो चितायो त्यस्तै छाप पर्छ भन्छन् सन्तानमा, तिमीले चिताएको कुरा पुग्ला।

कहिले कहिले ऊ उद्विग्न हुन्थी र छटपटाउन थाल्थी। म सोध्थें– व्यथा लाग्यो प्यारी ?

ऊ भन्थी– होइन, मन एकतमासको भैरहेछ।

म ऊनेर बसेर उसको हात, जीउ, कपाल, सुमसुम्याउथें।

यसरी उसको समय आयो। ठूलो व्यथा लाग्यो; छोरा जन्माउन उसलाई निकै गाह्रो पर्‍यो। दुई दिनसम्म ऊ व्यथाले छटपटाइरही। म अर्को कोठामा बसेर उसले

बिस्तारै कराएको सुन्थें। घरका र छिमेकका बूढी आइमाईहरूको ओहोरदोहोर कोठामा भएको देख्थें। कहिले कहिले म पनि खप्न नसकेर उसको कोठामा जान्थें। बूढीहरू एक स्वरले कराउँथें– पर्दैन लोग्नेमानिसले यहाँ आउन। म फेरि आफ्नो कोठामा आएर पर्खेर बस्थें। दुई दिनको भीषण व्यथापछि उसले छोरो पाई। प्रसवको कार्य समाप्त गरेपछि बूढीहरू कोठाबाट गए; यौटीले मेरो कोठाको ढोकामा आएर भनेर गई– अब जानु क्या हेर्न छोरालाई। कस्तो पीर दिएको आमालाई।

सबै गइसकेपछि म हतारिएर कान्छीको कोठामा गएँ। उसलाई आँखा लागिरहेको रहेछ। मेरो गोडाको शब्द सुनेर उसले आँखा उघारी र सुस्तरी भनी– को ?

मैले नगीचै गएर भनें– कस्तो छ अब तिमीलाई प्यारी ?

उसको म्लान अनुहारमा हलुको प्रसन्नताको रेखा देखियो।

एकापट्टि कुनामा थाङ्नामा लपेटिएको छोरो थियो– सुतिरहेको। उतैपट्टि कान्छीको शिर तकियामा ढल्कियो।

मैले सोधें– खुसी छचौ प्यारी, छोरो जन्माएकोमा ?

उसले मधुरो स्वरमा सोधी– हजुर नि ?

मैले भनें– मेरो आनन्द अटिरहेको छैन ममा।

ऊ प्रसन्न थिई। यद्यपि उसका आँखा भास्सिएका थिए र अनुहार एकदम सुकेको र गाला खाल्डा परेका।

मैले भनें– अब सबै कुरो बेस हुँदै जान्छ। तिमी चाँडै तङ्ग्र ।

जन्मिएको केही दिनसम्म त मलाई प्रत्येक बालक एकनासका जस्ता लाग्छन्; उनीहरूको मुजैमुजा परेको रातो अनुहार सबै बालकको एकै किसिमको हुन्छ। तर बूढाबूढीहरू कुन्नि कुन आँखाले हेर्छन्; उनीहरू सबैको भनाइ थियो– यो कान्छोको पनि नाटीकुटी जेठैको जस्तो अनुहार परेको छ।

मैले मूढ भएर कान्छीलाई सोधें – हो र ?

उसले हाँसेर भनी– म कसरी भनूँ, मैले जेठालाई अझै देख्न पाएको छैन।

पछि जब बालक अलिक ठूलो भयो, जब उसको मुख पुष्ट हुँदै ऊघ्रिन थाल्यो र एकएक गरेर चाउरी अनुहारमा बिलाउँदै गयो, अनि मलाई पनि लाग्न थाल्यो, जेठोकै अनुहार पाएको रहेछ यसले। यसलाई देख्नेबित्तिकै मलाई झल्याँस्स त्यैत्यै उमेरको जेठोको सम्झना हुन्थ्यो। बिछ्यौनामा झुकेर त्यसलाई हेर्दा ऊ पनि जेठोले हेरेको जस्तो मलाई टक्क हेर्थ्यो र पछि मलाई चिन्न पनि थाल्यो।

मैले मनमनै भनें– जेठो नभएर शून्य भएको यस घरलाई अब कान्छोले भरिभराउ पार्नेछ।

कान्छी पनि छिटै तङ्ग्रिएर उठी। उसको स्वास्थ्य पहिलेको भन्दा झन् राम्रो देखियो र स्वभावमा पनि ठूलो परिवर्तन आएको मैले थाहा पाएँ।

मैले भनें– ए, छोराको लागि तिमी पर्खेर बसेकी रैछौ।

उसले सोधी– किन ?

मैले भनें– आजकल तिमी बडो प्रसन्न रहन्छचौ; तिम्रो स्वभावमा पनि चञ्चलता आएको देख्छु। म बडो आनन्दमा छु।

उसले भनी– सन्तानले मातालाई जे पनि गराउन सक्दो रहेछ, त्यसो भए।

छोरो पनि हृष्टपुष्ट हुँदै गयो र रहरलाग्दो। कान्छीलाई उसको स्याहारसुसार गर्दा एकछिनको फुर्सत रहँदैनथियो। आजकाल ऊ घरभरि हल्लीखल्ली गर्दै हिंड्थी, पहिलेको जस्तो चाल नपाउने गरेर हिंड्दैनथिई। कहिले कहिले उसले गाएको पनि सुनिन्थ्यो, छोरालाई काखमा लिएर हल्लाउँदै या त्यसलाई घाममा तेल लाउँदै। ऊ आफू पनि शृङ्गार पार्न थाली। म उसको यस्तो अचिन्त्य परिवर्तनलाई बडो रमाइलो मानीकन हेरिरहन्थें। मलाई यसले पनि भित्री सन्तोष भएको थियो।

बालक तीन महिनाको हुँदानहुँदै उसले आमामा ठूलो परिवर्तन ल्याइसकेको थियो। मेरा प्रति पनि कान्छीको व्यवहार फरक भयो। उसको प्रेममा अब म आग्रह पाउन थालें। कहिले कहिले त जब ऊ कोको हल्लिएको देखेर पलङबाट कुद्दै बालकलाई दूध ख्वाउन तल झर्थी, उसको सेवा पुऱ्याएर उत्तिखेरै फेरि मेरो समीप आउँथी, ठिक्क जेठीकै जस्तो उसको व्यवहार हुँदै गएको थियो।

एक दिन म दिउँसोपख एक्लै आफ्नो कोठामा बसेर कान्छीको पुत्रोत्पन्नपछिको बारेमा सोचिरहेको थिएँ। उसको बोली पनि बीचबीचमा सुनिरहेको थिएँ– भान्छे बज्यैलाई कुन्नि के बनाउन भनेर अह्राइरहेकी या नोकरलाई बैठक सफा गर्न भनिरहेकी, उसले लेग्रो तानेर बालकलाई सुताउने प्रयत्न गरेको पनि सुन्थें। आफ्नो गृहस्थीको सुखले बडो सुखी भएर अनुभव गर्दै बसिरहेको थिएँ। स्वास्नीको प्रेम विलक्षण रूपले प्रकट भएको हुँदा मलाई मनग्य थियो। एउटा जुन सानो कुराको खट्का मलाई लागिरहन्थ्यो कि कान्छी कुन्नि किन उदास रहन्छे– त्यो पनि अब थिएन। हाम्रो जीवनमा कतै पनि बादलको टाटो अब रहेको थिएन। त्यस्तो एकान्तको सुख अनुभव गर्दै म गद्‌गद भइरहेको थिएँ। त्यसै बखतमा ऊ मकहाँ आई। मलाई छक्क पारेर मेरो नजिक आई, सिङ्गारिएर। मैले अविश्वासको स्वरमा ठट्टा गर्ने उद्देश्यले भनें– आज किन यस्तो शृङ्गार नि ? के खुशखबरी सुनाउनु छ .........।

उसले भनी– बजार जाऊँ।

मैले आफ्नो कानलाई विश्वास गरिनँ– बजार ?

अँ, बजार। काठमाण्डू आएको एक वर्षजति भयो। एकचोटि पनि बजार गएकी छैन। छोरालाई लुगाफाटो पनि किनमेल गर्नुपऱ्यो। बैठक र सुत्ने कोठाका सामान पनि थोत्रिइसके, फेर्नुपर्ने भयो।

मैले भनें– हुन्छ, लुगा फेरूँ।

उसले भनी– छिटो गरिबक्सियोस् नि।

त्यसै बखतमा कान्छीको कोठामा बालक रोएको सुनियो। उसले भनी– यसले मलाई एकछिन पनि छाड्ने भएन। दूध ख्वाएर आउँछु है !

ऊ आफ्नो कोठामा लागी। मैले लुगा फेरिसकेको थिएँ। त्यसै बखतमा तल एउटा मोटर आई थामिएको आवाज आयो।

मैले कोठैबाट भनें– हेर त रामे, तल को आयो ?

हाम्री बूढी नोकरनी हस्याङफस्याङ गर्दै कोठामा आई र भनी– ठूलो बाबू आउनुभयो।

मैले विस्मयमा सोधें– मेरो जेठो आयो ?

रामे सुटकेस बोक्दै आयो– ठूलो बाबू आउनुभयो।

उत्तिखेरै जेठो छोरो पनि कोठाभित्र पस्यो– बा म आएँ– भन्दै।

मेरो आज आनन्द र विस्मयको सीमा थिएन । म खुसीले बोल्नै सकिनँ, केवल उसलाई समातेर उसको शिर सुमसुम्याइरहेँ ।

छोरोले भन्यो– बा, मैले तपाईंलाई दुःख दिएँ हगि ?

उसमा कुनै परिवर्तन आएको थिएन, केवल शेख दुब्लाएको र अलिक कालो भएको थियो ।

अनि उसले भन्यो– आमा खोइ; दर्शन गर्न जान्छु ।

तबसम्म मैले वाक्य पाएँ, भनें– अझै नपत्याएजस्तो गरेर आइस् छोरा ।

ऊ हाँस्यो । उही उसको पुरानो हाँसो, उसकी आमाको जस्तो घरै थर्काउने खालको हाँसो ।

मैले कोठाबाट कराएँ– कान्छी, सुन्छयौ, जेठो आयो हेर त ।

उसले आफ्नो कोठाबाट भनी– आयौ नानी । म एकछिनमा आएँ, यो सानोलाई सुताएर ।

जेठोले भन्यो– आमा कुन कोठामा हैं ? म उहीं जान्छु ।

उसको उही पुरानो आतुरी, हडबडी, उही उत्साह ।

मैले भनें– उ क्या त्यै तेरी आमाकै कोठामा ।

ऊ उत्लिखेरै गयो । आमा, म दर्शन गर्न आएँ– भन्दै कुद्दै आफ्नी आमाको कोठातिर गयो ।

घरका सारा परिवार, नोकरचाकरहरू मेरो कोठामा थुप्रिएका थिए । सबैको अनुहार प्रसन्नताले उज्यालो भएको थियो । मैले सबैलाई हेरें– एकएक गरेर । उता छोराले 'आमा...... आमा......' भनेको र कान्छीले 'नानी आयौ ?' भनेको बोली सुनिंदै थियो । तर एकछिनमा उताबाट चालचुल केही सुनिएन । धेरै बेरसम्म छोरो फेरि फर्केर मेरो कोठामा आएन ।

मैले पुकारें– जेठा, के गरिरहिछस्, कान्छी !....

# आमा

नारीको मूल आवश्यकता जीवनमा प्रेमको नै हुन्छ, त्यही हो उसको सबभन्दा ठूलो खाँचो। त्यसैले त त्यसको निर्माण नै पात्रको रूपमा भएको छ जो प्रेमको रसले मात्र भरिन जान्छ। प्रेमविहीन नारी केवल एउटा खोक्रो शरीरको ढाँचा हो। पुरुषलाई पनि प्रेम चाहिंदो हो चाहिन्छ नै, मैले बुझेकी छु, दुई पुरुषको सहवासको अनुभवले, तर उसको त्यो मूलतत्त्व होइन जो नभई ऊ पनि नारीको जस्तो निस्सार होओस्। उसको प्रेम प्रत्युत्तर हो; उसको खाँचो हाम्रो आवश्यकताले जगाएको कुरो हो; जीवनमा हामी नारी नै हो अन्तिम लक्ष्य प्रेमको। पुरुष-अस्तित्वमा प्रेमको त्यो अस्तित्व छैन जुन हाम्रो अस्तित्वमा छ। यदि नारीले आत्मवञ्चनालाई त्यागेर हेर्न सकी भने उसले यदि जीवनको गहिरोपनभित्र हेर्न सकी भने उसले देख्छे, उसको आफ्नो आत्मिक आवश्यकताको पूर्तिका लागि पुरुष उसलाई प्रेम गर्छ। स्त्री-शून्यलोकमा पनि पुरुष, त्यसो हुनाले मलाई लाग्छ, जीवित रहन सक्छ, सक्रिय भएर नै र शायद सुखी भएर नै, किनभने उसको तात्त्विक आवश्यकताको कुनै आपूर्तिको बोध उसलाई हुने छैन। हामी नारीहरू ? जीवित रहनै सक्दैनौं पुरुषविना। हाम्रो सार्थकता नै लोप हुन्छ त्यस स्थितिमा, हाम्रो अस्तित्वको आधार, हाम्रो सृष्टिको हेतु सब लोप भएर जान्छ। पानीका बुदबुदाजस्ता हामी हुन्छौं। हाम्रो समाजको लघुतम रूपका लागि पनि पनि दुई व्यक्ति चाहिन्छ– जसमा एउटा पुरुष नै हुनुपर्छ। हाम्रो दीर्घतम रूप पनि त्यही हो। पुरुष आफू नै आफ्नो समाज रच्न सक्छ, त्यसको समाजको सबभन्दा सानो रूप त्यो स्वयम् हुन सक्छ; र पुरुषको अनन्तमुखी जीवनका अनन्त रुचिहरूले गर्दा उसको बृहत्तम समाज सम्पूर्ण मानवजातिलाई सम्मिलित गराएर ब्रह्माण्डलाई छिचोल्न पुग्छ। त्यहाँसम्म पनि उसको पहुँच हुन्छ। हामीलाई आफ्नो खाँचोको छोटो जन्जीरले पुरुषसँग बाँधेर राख्छ; त्यसैको चारैतिरको क्षेत्र हाम्रो विश्व हो। त्यसैले मैले भनेको– प्रेम हाम्रो जीवनको आधार हो। त्योभन्दा बाहिरका प्राप्तिहरू हाम्रा लागि उपलब्ध हुने तत्त्वहरू होइनन्– विज्ञान, दर्शन, कला, साहित्य यदि यी अभिव्यक्तिहरू हाम्रो......... पेटबाट पोखिएर हामीबाट निस्केका कुरा होइनन् भने। म त्यस्ता नारीको कुरा गर्दिनँ जो शरीर नारीको धारण गरेर पनि जसले नारीत्वको प्रकृति र स्वभावबाट आफूलाई उम्काएका छन्। ती त नारी रहेनन्, बाह्य रूप उनीहरूको नारीको नै रहे पनि। मलाई थाहा छैन स्वधर्म त्यागेकी नारीको जीवनको अनुभव कस्तो हुँदो हो। कस्तो व्यक्तित्व त्यसले पाउँदी हो। म त आफ्नो साधारण अनुभवको कुरो मात्र गरिरहेकी छु यहाँ; सामान्य नारीहरूको, जसलाई आफ्नो जीवनमा सबभन्दा ठूलो खाँचो प्रेमको हुन्छ।

तर यति भनेर के म यो पनि भन्न सक्छु कि नारीलाई प्रेम पाएर सबथोक पुग्छ ? के मैले प्रेम यथेष्ट मात्रामा पाइन जीवनमा, यही मेरो सानो जीवनमै २२-२३ वर्ष पुग्दानपुग्दै, यौवनको प्रथम प्रहरमै, म के पुरुषको प्रेमले ओतप्रोत भइनँ र ? एउटा प्रेमले मात्र होइन, दुई-दुई पुरुषको प्रेम। त्यसो भए किन लाग्छ– प्रेम यथेष्ट

हुँदो रहेनछ, प्रेम मात्रले पुग्दो रहेनछ स्त्रीलाई पनि। मेरो जीवनको अनुभव यही हो। नारीको जीवनरस प्रेम त हो यसमा सन्देह छैन, तर खोइ किन म सार्थक हुन सकिनँ, सन्तोष किन भएन मलाई !.....

यस्तै अन्यौलमा पर्दा, जब मलाई केही कुरो पनि नबुझेको जस्तो लाग्छ; भाग्य भन्ने कुरामा विश्वास गर्न मन लाग्छ– आफ्नो कर्ममा। सक्रियता स्त्रीको गुण होइन, त्यो कर्ता हुन सक्दिन। सृष्टिले उसलाई कर्मको स्थितिमा राखेको छ। नारी त्यस्ती तत्त्व हो जसमाथि क्रिया सम्पादित हुनुपर्छ। निश्चेष्टा होइन, नारी कहिले पनि निश्चेष्ट हुन्न, केवल सक्रिय त्यो हुन सक्दिन– उघ्रिने चेष्टा उसको आफ्नो स्वभाव हो। सक्रिय हुने त पुरुषको काम। यस्तो नारी प्रकृति भएकोले असहायताकी जीव हुन्छे त्यो। कर्ता हुन नसकेकीले अबला; कर्म हुनुपरेकोले भाग्य भन्ने कुरामा आधारित। नारीत्वमा कर्म र भाग्यको स्थायी सम्बन्ध प्रकट हुन्छ। कर्म उसको मूलतत्त्व हो; भाग्य त्यसबाट पोषण प्राप्त गर्ने परजीवी तत्त्व। मलाई लाग्छ, नारीलाई भाग्यको आधार नलिई हुन्न। त्यसैले त हामी जुन स्थितिमा पनि आफूलाई अनुकूल पार्न सक्छौं। शरीरले र मनले, कोमल र भाग्यले पनि त्यसैले त नमनीय, नहुने....... पशुवर्ती हुन सक्ने।

मेरो जीवन दुईचोटि प्रारम्भ हुन्छ; मेरो जन्म दुईचोटि भयो– अर्कोचोटि जब मैले आफूलाई उसको प्रेममा पाएँ। त्यो दोस्रो जन्मले मेरो पूर्वजन्मको स्मृति नै लोप गरिदियो। २० वर्षको मेरो जीवनमा यावत् कुराहरू त्यस एक घटनाले धोई, पुछी सफा गरिदियो। सबै कुरा मैले बिर्सें र प्रेम गर्न थालें, मानौं, अरू कुनै कुरा मेरा जीवनमा घटेनन्, ऊसँग प्रेम गर्नुबाहेक। आमाले धनकुटाको एउटा गाउँमा जन्म दिइहोलिन्; प्रेमले मलाई बनारस शहरमा जन्म दियो; यस्तो किसिमबाट कि लाग्थ्यो मेरो स्वाभाविक जीवन नै त्यही हो। मान्छेले सास फेरेको जस्तो। हामी दुवै हिन्दू युनिवर्सिटीका विद्यार्थी थियौं। म आर्ट्सपट्टि, ऊ विज्ञानको। अरूहरूको अनुभव कुन्नि कस्तो हुन्छ, मेरो लागि प्रेमको अनुभव विस्तारै सानू बीउबाट जरो हाल्दै वटवृक्षसरह कालान्तरमा छधापछधाप्ती हुनेजस्तो भएन। मध्यम गतिबाट त्यसको बाढी आएन नजानिंदो किसिमबाट; उसको महाजालले एकएक तन्तु गरेर मलाई बेरेन, आज एउटा सानू तन्तु बुनियो, भोलि अर्को, पर्सि अर्को– अहँ त्यस्तो भएन। एकैचोटि बिजुली चम्केको जस्तो भयो, मुटुमा घनगर्जन हठात् हुन थाल्यो, ढुक्–ढुक्–ढुक्......। म त्यस उमेरमा पुगिसकेकी थिएँ, जसबाट शायद प्रेम त्यस्तै अकस्मात् एकैचोटि चुर्लुम्म पार्ने गरी आउँछ।

फागुन निखन थालेको थियो। परीक्षाको समय नजिकै आउन थालेकोले क्लासको पढाइ पनि समाप्तप्राय: हुँदै गएको थियो, त्यसै हुनाले कलेजमा उस्तो चहलपहल थिएन। बनारसको याम नै यस्तो हुन्छ कि जाडोमा उत्साहका दिन तातेर आउन थालेको हावाले बगाएर लगिदिन्छ र जसलाई वसन्त भन्छन्, त्यस ऋतुले एक प्रकारको उदासी मात्र लिएर आउँछ। विद्यार्थीलाई परीक्षाको पीर पनि ठिक्क त्यही समयमा थपिन्छ, जब फुस्रो आकाशमा फागुन-चैते हावामा सुकेका पात यताउति उडिहिँड्छन्। कुनै कुनै वृक्ष त यसरी नाङ्गिन्छन् मानौं, ती मरिसकेका हुन्। कुनै कुनैमा भने कोमल पल्लव लाग्न थाल्छ र कुन्नि कुन हाँगामा बसेर कोइली कू-कू गर्न थाल्छ। ४ बजेको बखत थियो। कलेजको बिदाको घण्टी लाग्यो। क्लास-क्लासबाट विद्यार्थीहरू निस्के। म पनि आफ्ना सहेलीहरूका साथ क्लासबाट बाहिर आएँ। सबैलाई घर फर्कने हतार थियो। होस्टलमा बस्ने विद्यार्थीहरूको ताँती सडकभरि फैलियो; शहर फर्किने

विद्यार्थीहरू पनि कोही साइकिल, कोही रिक्सा, कोही एक्का मोटरमा चढेर निस्के। एकछिन त्यहाँ त्यस समय बडो हल्लीखल्ली हुन्छ। मानिसहरूको बोलीमाथि मिसिएर उठेको रिक्सा र साइकिलका घण्टी, मोटरको हर्न र एक्कावालाहरूको घोडालाई हकार। म आफ्नो रिक्साको लागि एउटा रूखमुनि पर्खिरहेकी थिएँ; कलेजको सामुन्ने। साथीहरू होस्टलतिर लागिसकेका थिए। म एक्लै थिएँ। त्यही समयमा मैले उसको स्वर सुनें– म तिमीलाई माया गर्छु, बुझ्यौ ?

म छक्क परें र फर्किएर हेर्दा ऊ उभिरहेको थियो मेरो बगलैमा, बडो गम्भीर मुख लाएर। 'बुझ्यौ' त्यस्तो अन्तिमताको स्वर थियो त्यो मानौं कुनै तर्कपछि अकाट्य रूपमा स्थापित हुन गएको निर्णय होस्– परिणत ध्वनि। विस्मयबाट विउँझिनेबित्तिकै मलाई उसको कुरा बुझ्न गाह्रो लागेन। त्यस्तो अकस्मात्‌को प्रस्तावप्रति मेरो कस्तो प्रतिक्रिया हुनुपर्ने ? क्रोधको ? या स्वीकृतिको ? दुवै कुरा मलाई भएन। मलाई त साधारण कुराले त्यस समय अप्ठ्यारोमा पाऱ्यो। मेरा लुगा असाध्य सादा थिए र खुज्मुजिएका; हावाका नियन्त्रणमा नआउने कपाल जो रूखो भएर कहिले मेरो मुखमा छोपिनपुग्थ्यो त कहिले हावामा बग्न। त्यतापट्टि मेरो ध्यान गयो। निश्चय नै मेरो अनुहार पनि दिनभरिको पसिना, धूलो र अपराह्नको थकानले कम दर्शनीय थिएन होला। त्यसै बखतमा मेरो रिक्सा पनि आइपुग्यो। त्यसमा चढ्दाचढ्दै मैले भनें– निश्चय नै उत्तरको अपेक्षा तपाईंलाई होवोइन होला।

ऊ नबोली उभिरह्यो। मैले सोधें– तपाईंलाई कहाँ जानु छ ? शहरतिर जाने हो भने आउनोस् ठाउँ छ यहाँ।

बाटोमा त्यस्तो कुनै विशेष कुरा भएन हाम्रो। शिष्टाचारका लागि साधारण परिचय पाउने खालका प्रश्नोत्तर मात्र भए। मैले उसलाई बताएँ कि म नेपालीहरूको टोल दुग्धविनायक गल्लीमा बूढी फुपूका साथमा बस्छु र मेरो विषय अर्थशास्त्र र राजनीति छ। उसको विषय भौतिकशास्त्र र रशायनशास्त्र रहेछ र कमच्छामा डेरा लिएर बस्ने गरेको छ रे। परिचयको पनि आवश्यकता थिएन, किनभने युनिवर्सिटीका नेपाली छात्रछात्राहरूको साधारण परिचय सबैलाई सबैको थियो; नेपाली छात्र संघका समय-समयमा हुने विभिन्न कार्यक्रममा एउटाले अर्कोको परिचय पाइहाल्थ्यो। झन् उसलाई नचिन्ने त कुरै थिएन– किनभने ऊ नेपाली छात्रहरूको मुटु मात्र थिएन कि हिन्दूस्तानी छात्रहरूको पनि ऊ बडो प्रिय थियो। युनिवर्सिटीमा भइरहने समारोह र उत्सवहरूमा सबै ठाउँबाट उसलाई निम्ता आउँथ्यो। केटीहरू पनि उसलाई खूब मन पराउँथे। मेरा हिन्दूस्तानी साथीहरू पनि उसको चर्चा गर्थे र भन्थे, बडो सुन्दर छ तेरो नेपाली बस्नेत।

गुदौलियामा ऊ ओर्लियो। मेरो रिक्सा मलाई लिएर चोकतिर लाग्यो। अनि पो उसले भनेको कुराको असर लागू लागेको जस्तो मेरो मस्तिष्कमा पर्न थाल्यो। पहिले रमाइलो स्वाद आयो मुखमा नजानिंदो सुगन्धी भएको जस्तो र शरीर बीचबीचमा फुरुङ्ग–फुरुङ्ग हुन थाल्यो र घर पुग्दानपुग्दा म आनन्दको उन्मादमा रन्किएजस्ती भएँ। किताबहरूलाई भँुमा फ्याँकेर बिछ्यौनामा पछारिएँ। अनि लाग्यो– मुटु चर्किन थालिरहेछ, लाग्थ्यो अब फुट्छ, अब फुट्छ। नसा पनि त्यस्तै झन्झनाउन थाले; आनन्दमा निसास्सियाजस्तो भयो। त्यस स्थितिमा म के सोच्न सक्तथिएँ ? मस्तिष्कमा कुनै वाक्य पनि पूरा बन्दैनथियो; आधा-आधा टुटेका, खण्ड-खण्ड परेका विचार आउँथे, च्यातिएका तस्वीरहरूलाई देखेको जस्तो।

जब हाम्री नोकरनीले आएर मलाई घचघच्याउन थाली– किन बेलुका यसरी निदाएको-भन्दै, अनि पो मैले थाहा पाएँ रात परिसकेछ। भात कुरिरहेका रहेछन्। मैले आङ तानें बडो रमाइलो मानेर। मलाई थाकेको जस्तो भयो, तर आनन्दको बोध मेरो शरीरको रेशा-रेशाले पाइरहेको थियो। केको आनन्द ? झल्याँस्सझल्याँस्स सम्झिरहन्थें– उसले भनेको कुरा– म तिमीलाई माया गर्छु, बुझ्यौ ? त्यही एउटा सानू वाक्य थियो जसले ममा यत्रो ठूलो उदेक ल्याएको थियो। त्यसपछि म अर्की भएँ। पहिलेका सबै कुरा बिर्सिएजस्तो भयो। मलाई लाग्यो मेरो पुनर्जन्म भयो।

त्यसपछि म प्रेमको दुनियाँमा सास फेर्न थालें– प्रेममा आनन्द-दुःख, आशा-निराशा, विश्वास-संशय, घात-प्रतिघातको दुनियाँमा। मेरो चेतन हठात् तीव्रत्तर भयो। शुद्ध मर्ममय, जसको सुख होस् चाहे दुःखको अनुभव चरमतम हुन्थ्यो। निरन्तर खपिनसक्ने स्थितिमा म रहन थालें– आनन्दले खपिनसक्ने, दुःखले पनि त्यस्तै खपिनसक्ने। हो आनन्द, सुख, आशा, विश्वासले नै मेरा ती घडी भरिएर रहन्थे; तर के कहिले-कहिले त्यस्तो विपरीत अनुभव पनि म पाउँदिनथिएँ र ? जब संशय र निराशाको तोडमा परेर मलाई लाग्थ्यो– किचिएकी छु, कसैले घाँटी थिचिरहेको छ– मेरो प्राण हर्न भनेर।

भोलिपल्टैको कुराको मलाई सम्झना हुन्छ। त्यस रात त म सुत्नै सकिनँ। कति लामो लागेको त्यो रात, लाग्थ्यो त्यस्तो लामो रात कहिले पनि भएन। म प्रत्येक क्षणलाई गनी-गनी बिताइरहेकी थिएँ– सोच्दै कि कहिले भोलि होला र फेरि ऊसँग भेट होला– कलेजमा। यो त निश्चय थियो कि ऊ पनि बिछ्यौनामा पल्टी-पल्टी भोलिको निम्ति पर्खिरहेको होला मजस्तै आँखामा निद्रा पटक्क नभएर। उसैको त प्रस्ताव थियो, त्यस्तो गम्भीर कि त्यसलाई सुनेर नै म त्यसरी व्यथित हुँदै रात काटिरहेकी छु। उसलाई मैले केही उत्तर त दिइनँ– हँ, न केही भनें नै। ऊ सोच्दो हो– म के सोच्दी हुँ। उसले आफ्नो प्रेमको 'इजहार' मेरा सामुन्ने गरिसकेको थियो। ऊ बाँधिइसकेको थियो; म पो उसलाई लाग्दी हुँ अझै स्वतन्त्र छु, उसको प्रस्ताव 'हँ' 'न' सम्म पनि केही नभनेर। मैले सोचें-सोचें भोलि भेट हुनेबित्तिकै भन्दिन्छु– म त तिमीलाई माया गर्छु। यो कुरा सोच्नेबित्तिकै लाग्यो कहिले भोलि होला, कहिले ऊसँग भेट होला र आफ्नो कुरा भन्न पाउँला। छटपटी, त्यसैको थियो।

मनमा यस्तै किसिमका कुरा खेलाउँदाखेलाउँदै कहिले हो बिहानपख आँखा लागेछ र भुसुक्क निदाएछु। सूर्यको किरण पसेर कोठा उज्यालो भइरहेको थियो– जब म बिउँझिएँ त्यस्तो रमाइलो, त्यस्तो उज्यालो प्रभात पहिले कहिले पनि भएको थिएन। म उठेर नुहाउने कोठामा गएँ। कुन तन्मयतामा लिप्त थिएँ म कि मलाई केही कुराको ज्ञान थिएन, आनन्दको एकाग्रतामा लिप्त भएर, तर त्यो तन्मयतामा चेतना यस्तो सजग कि प्रत्येक क्षण आनन्दबाट स्पन्दित भएको थियो। प्रत्येक वस्तु एउटा नूतन रङ्गीनपनाले पुष्पजस्तै राम्रो, प्रत्येक भाव सङ्गीतमय त्यही मनस्थितिमा मैले बिहानको काम सिद्ध्याएँ, दिनभरि कलेजमा बिताएँ, म सधैंको जस्तो ४ बजे छुट्टी भएपछि रिक्साका लागि पर्खिएर उभिएँ। हिजो ठीक त्यही घडीमा उसले मनिर आएर मायाको कुरा गरेको थियो। ऐले म उसैलाई पर्खिरहेकी थिएँ। लागेको थियो– हिजोको कुराको उत्तर दिन्छु। तर ऊ आज आएन। ठाउँ शून्यजस्तो भैसक्यो। मैले व्यग्र भएर चारैतिर दृष्टि घुमाएँ। मेरो रिक्सा मलाई पर्खिरहेको थियो। निराशाले हठात् मलाई व्याप्त गर्ला झैं भैरहेको थियो। म भित्रबाट रित्तिन थालिसकेकी थिएँ कि उसलाई देखें, टाढा आफ्ना साथीहरूसँग साइन्स कलेजको बरन्डाबाट तल ओर्लिरहेको। उसलाई देख्नेबित्तिकै मैले पुनर्जीवन मात्र प्राप्त

गरिनँ, तत्क्षण पुनः केवल भरिइनँ, म यति सजग भएँ कि त्यसै लाज लाग्न थाल्यो। उसले भने देखेकै थिएन अझै मलाई। तर उसलाई पर्खी-पर्खी लाजले गाडिन थालें र जब उसको दृष्टि ममाथि पऱ्यो र टाढैबाट उसले बोलायो– 'उमा !' म लज्जाहत भएँ। लाग्यो नाङ्गै उभिएकी छु। मुख रातो भयो, गाला भतभती पोल्न थाल्यो। मेरो शिर त्यसै तल झुक्यो। मलाई लाग्यो– मेरो सङ्कल्प हावामा बिलाएर गयो। म केही भन्न सक्दिनँ उसलाई; वाक्यहारा भएँ।

उसले नजिकै आएर भन्यो– उमा, असल भयो, भेट भयो। एकछिन मैले अबेर गरेको भए तिमी जाइहाल्ने थियौ। नेपाली छात्र संघको बैठक बोलाउनुपरेको छ, परीक्षापछि लगत्तै सबै जना आफ्ना-आफ्ना घर लागिहाल्छन्, त्यसो हुनाले, छुट्टिनुभन्दा पहिले प्रत्येक वर्ष गरेजस्तो प्रीति सम्मेलन गर्नुपर्छ। पर्सि मिटिङ बोलाउनु छ। तिमी दुग्धविनायकपट्टिका विद्यार्थीहरूलाई खबर गरे। ल त जाऊ। रिक्सावाला हतार गरिरहेछ।

यो कस्तो निस्पृहता। म स्तब्ध भएँ र त्यसै स्थितिमा यन्त्रवत् रिक्सामा चढें। हिजो त्यस्तो प्रस्ताव गर्ने व्यक्ति, जुन प्रस्तावले म रातभरिमै अर्की नारी भएर जागें– पूर्ण प्रस्फुटित नारी– जसले मेरो जीवन नै एकदम अर्को पारिदियो, त्यो व्यक्ति आज छात्र संघको एउटा निरर्थक कुराको जिम्मा लगाउन मात्र मसँग भेट्छ, मानौं उसलाई केही भएको छैन, ऊ जस्ताको तस्तै छ। के त्यत्रो भूकम्पको अनुभव त्यसलाई भएन ? हाई ! ज्ञानहीना नारी– के के सङ्कल्प लिएर आएकी थिइस्; केके भन्छु भनेर सोचेकी थिइस्, अब कत्ति रित्तो भएर फर्किन थालेकी छस्। म मर्माहित भएँ। बाटोभरि कुनै कुराको ज्ञान मलाई भएन यसको सिवाय कि म आहत भएकी छु– कुनै मर्मस्थलमा। झगडा, वादविवाद, भनाभनबाट पाएको घात थिएन त्यो जो दुई व्यक्तित्वको सङ्घर्षको तातोमा मानिसले पाउँछ। युद्धक्षेत्रको चोट सहन सकिंदो हो, उत्तेजनाको रन्कोमा। तर यो चोट, किनभने विपक्षीले युद्धोद्धत भएर हानेको थिएन, त्यसैले त झन् मर्मभेदी थियो। मलाई लाग्यो– कस्तो अनाग्रहता। म लाजले भुतुक्क भएँ; लाग्यो नाङ्गी फर्किरहेकी छु सबको दृष्टिका अगाडि। शरीर ढाक्ने कुनै सानो ठाउँ पनि छैन, जहाँ मुन्टोसम्म गाडेर पनि आफ्नो निर्लज्जतालाई आवरण दिन कोशिश गरौं। तर भन्न त मैले केही पनि भनेकी थिइन; मुखले त उघ्रेकी थिइन। तैपनि मन त हारिसकेको थियो नि ! मनले त सबैथोक ओकलिसकेको थियो। त्यही मनको स्थलमा पो त चोट लागेको छ; नग्ना पनि म त्यहीं भएकी छु। मलाई लाग्यो, अब कुन मुख लिएर ऊसँग भेटुँला। हिजो जुन तप्त उन्माद लिएर छटपटाउँदै रात बिताएँ आज पनि त्यस्तै रात बिताइरहेकी छु– लज्जाहत नारीको नग्नताको चिसो निराशामा। त्यसैले त म भन्छु– प्रेमको सुख-दुःख, आशा-निराशा, संशय-निश्चिन्तता, घात-प्रतिघातको दुनियाँकी प्राणी भएर म त्यस दिन जन्मिएकी थिएँ जहाँको उच्चस्थानीय पातलो वायुमण्डलमा जहिले पनि निसास्सिएको बोध हुन्छ, तर जहाँ संज्ञा, चेतनता र इन्द्रियग्राह्यता भने असाधारण किसिमबाट सूक्ष्म र तीक्ष्ण हुन्छ।

प्रेम घटनापूर्ण हुँदैन। कमसेकम मेरो आफ्नो अनुभव त त्यही छ, मेरो प्रेममा कुनै ठूला घटना घटेनन्। साधारण दैनिकतामय त्यो थियो, साना-साना दैनिक जीवनका कुराहरूले भरिएको। त्यसमा हाँसो कहिले पनि आकाशमा गुन्जने खित्कामा उठेन, न रोदन नै छिमेकले सुन्ने डाँकोमा फुट्यो। वीरताका कुनै कदम चालिएनन् त्यसमा, न नाटकीय भङ्गिमामा त्यो कहिले व्यक्त नै भयो। म प्रेम गर्थें भनेपछि, अरू वर्णनयोग्य कुनै कुरा रहँदैन। हृदयको एकान्तमा जे जस्तो कुरो घटिरहेको भए तापनि हाम्रो प्रेममा

त्यस्तो कुनै घटना घटेन, जसको यहाँ चर्चा गर्नु परोस्। के यो भन्ने कुरा हो कि लुगाफाटा र पहिरनतिर मेरो ध्यान जान थाल्यो, जसका प्रति पहिले म सदा उदासीन रहन्थें। सादाबाट रङ्गीन, सुतीबाट सिल्क पहिरनमा आफू बदलिँदा कतिले त्यो सूक्ष्म परिवर्तनलाई लक्ष्य गरे होलान्; यद्यपि म धेरै बेर लाएर लुगा लगाउँथें र ऐनाको अगाडि उभिएर हेर्थें; कस्तो सुहाएको छ भनेर। पहिलोचोटि गालामा लालीको हलुको टाटो लाउँदा मनमा कति तर्क-वितर्क गर्नुपरेको थियो, ऐनाको अगाडि कतिचोटि लाली लाउँदै पुछ्दै गर्नुपरेको थियो, कति मनमा लाज लागी लागी गालामा रातो टाटो रहन दिएकी थिएँ। यति नजानिँदो कि, कसैले पनि त्यसलाई लक्ष्य गरेनन्। मलाई पीर त्यसैको थियो उसले देख्यो भने के भन्ला, कति लाजले भुतुक्क हुँला। हे ईश्वर ! यस शृङ्गारपट्टि उसको दृष्टि नजावस्, नत्र म लाजले मर्नेछु। तर साँच्चै उसको दृष्टि त्यतापट्टि नगएको देख्दा भने कस्तो निराशा भएको थियो। किन पुरुषको त्यस्तो मोटो आँखा हुन्छ ? किन हेर्दैन कि म कति सिंगारिएर आएकी छु– उसले हेर्ला भनेर। ऊ देख्दैन मेरो गालाको लालीलाई जसलाई बिहानभरिको सङ्कल्प-विकल्पपछि गालामा रहन दिएकी थिएँ। त्यसै पनि म उसको सामुन्ने पर्थें, तर उसले देखेन।

तर कुनै दिन मलाई देखेर त्यसै ऊ भन्थ्यो– उमा ! तिमी आज कति राम्री छौ। म भन्थें– झुट्टा। के छ र आज !

ऊ भन्थ्यो– तिम्रो कस्तो रुचिपूर्ण पहिरन छ, मुख पनि सिंगारिछौ। मलाई बढी राम्री लागिरहिछौ।

म भन्थें– छिः के भनिरहेछौ ! साधारण पहिरनलाई पनि राम्रो भन्ने हो ? फेरि लोग्नेमानिसले पनि कसले के लायो, कस्तो शृङ्गार गर्‍यो भन्ने र खोजिनिती गर्ने हो ? छिः....... ।

मन मेरो मयूरजस्तो नाच्थ्यो।

ऊसँग सिनेमा जाँदा त्यसै रमाउँथें। तर कहिले अर्की केटीलाई बोलाएको छ भने त्यसै खिन्न हुन्थें। ऊ भन्थ्यो– उमा, आज तिमी किन केही बोल्दिनौ ?

म भन्थें– तस्वीर राम्रो छैन, हेर्न मन लागिरहेको छैन मलाई।

ऊ भन्थ्यो– नामी तस्वीर हो योः ग्रेटा गार्वीको, हेरन एक्टिङ।

उसलाई नसोधेको भए पनि अर्की केटी भन्थी– मलाई त खूब रमाइलो लागिरहेछ।

म चूप लागेर गुत्थ भएर बस्थें।

यी सब कुराहरू पनि के त्यस्ता घटना हुन् र जसको वर्णन गर्नुपर्छ ? त्यस साँझ म अति उदास घर फर्कन्थें र सङ्कल्प गर्थें– अब म ऊसँग सिनेमा जान्नँ।

तर भोलिपल्टै ऊ बोलाउँथ्यो, म जान्थें। हामी दुई मात्र हुन्थ्यौं।

म उत्साहले टर्याउँ-टर्याउँ कुरा गरिरहन्थें। ऊ भन्थ्यो– तिमी आज कति प्रसन्न छौ नि !

म भन्थें– तस्वीर कस्तो राम्रो छ नि !

यस्ता सानातिना कुराहरूले भरिएका घडी हुन्थे मेरा तिनताका। मेरो प्रेमको यही स्तर थियो– दैनिक जीवनको स्तरमा गङ्गाको शीतल, पवित्र धारजस्तो बगिरहेको। भित्र भने अथाह गहिरोपन, जसको लाग्छ तल छैन। मेरो जन्मदिनको सम्झना उसले गर्नु र केही न केही मेरा लागि उपहार ल्याइदिनु; उसको जन्मदिनमा मैले उसका लागि

स्वेटर मोजाहरू बुनिदिनु– यी सब कुनै उल्लेखनीय घटना होइनन्, न यो नै कि, पछि-पछि सहज किसिमले उसको हातका उपर आफ्नो हात राखेर त्यसै बसिरहँदा पनि मलाई लाग्थ्यो कि– सुखको चरम अनुभूति यही हो ।

कहिले कहिले हामी गङ्गाघाटमा जान्थ्यौं । ऊ भन्थ्यो– नौकाको यात्रा गरूँ आऊ न ।

कति रमाइलो नौकाविहार हुन्थ्यो हाम्रो सन्ध्याकालीन काशीको गङ्गाका उपर । मानिसहरूको चहलपहल, घाटमा भइरहेको ध्यान, आरती, भजन, कीर्तन अनेकौं मन्दिरहरूको घडी घण्टनाद, बिस्तारै उत्रँदै आएको सन्ध्याको अन्धकार एक-एक गरेर दीप बल्दै गएर ठाउँ-ठाउँमा घाट झकमक्क हुन थालेको; अनि एक-दुई एक-दुई गरेर आकाशमा, घरका छत, मन्दिरका शिविर र मिनारहरूका उपर तारा टप्टपाउँदै निस्कन लागेको– घाटका माथि सोझो तारेभीरजस्तो भएर उभिएका घर, महल, मन्दिर र तिनमा बनेका नाना किसिमका झ्याल-झरोखाहरू– यो अद्‌भुत दृश्य हाम्रो आँखाका अगाडि राख्दै हाम्रो नाउ गङ्गाको कालो जलमा, जहाँ प्रकाशका किरमिरे रेखाहरू सलबलाउँदै तैरिरहेका हुन्थे, बग्दै जान्थ्यो; डाँडाको छप-छप र डोरीको मच-मच शब्द गर्दै । त्यही बखत हुन्थ्यो– म सुस्तरी उसको हात आफ्नो हातमा लिन्थें– मानव र देव ध्वनिले गुञ्जित भएको त्यस पवित्र घडीमा संयोगको अवसरलाई समातेको जस्तो गरेर । मानवको स्मृतिभन्दा टाढाको समयदेखि प्रवाहित भएको पवित्र गङ्गाको जल र त्यसमा स्नानार्थ आउने असङ्ख्य मानिसहरूको त्यस्तै प्राचीन प्रवाहको निरन्तरताको पृष्ठभूमिमा मलाई लाग्थ्यो– यो हाम्रो प्रेमको संयोग अनियन्त्रित छ दैवी आशीर्वादले, मङ्गलाभिषिक्त छ । यो विराट् मानवीय रङ्गमञ्चका असङ्ख्य दृश्यहरूको उत्पादक-प्रयोजक (Producer) स्त्री-पुरुषको प्रेम त हो नि, जसले जीवनका यी दृश्यहरूलाई अर्थपूर्ण पनि बनाउँछ र, जसको सन्मुख चितामा निरन्तर जलिरहेको मृत्यु पनि अर्थपूर्ण हुन्छ र, आफ्ना रङ्गमञ्चमा यो पनि निर्धारित सीमित भूमिका निर्वाह गर्छ । यी भावनाहरू कुनै शब्दमा आउँदैनथिए । उसको हातलाई आफ्नो हातमा लिएर म बसिरहँदा सुखको अनुभवमा निःशब्द भएर मनमा उठ्ने भाव थिए ती । ऊ पनि घोरिएर बसिरहन्थ्यो । ऊ पनि शायद त्यस्तै कुनै विराट् रहस्यमयताको आभासले निःशब्द भएको हुन्थ्यो ।

कहिले कहिले कुरा पनि गर्थ्यौं, बडो सुस्तरी र रहस्यमय सृष्टिको सन्तुलन हाम्रो वाणीले नखल्बलियोस् भनेर । उसले एक दिन भन्यो– उमा, पहिलो दिन त्यसरी तिमीलाई हठात् प्रेमको स्वीकारोक्ति सुनाउँदा तिमीलाई लागेन– म कस्तो बदमास छु भनेर ?

मैले भनें– बदमास भएको भए त्यस्तो लाग्ने थियो । उसले भन्यो– मैले तिमीलाई प्रथम दृष्टिमा नै प्रेम गर्न थालें; देख्नेबित्तिकै लाग्यो यो कुन उज्यालो मेरो आकाशमा चम्कियो आज । त्यसपछि कत्तिचोटि तिमीसँग भेटघाट भयो, कुराकानी भए, कत्तिचोटि लाग्यो– भनूँ माया गर्छु तिमीलाई तर सकिनँ त्यस दिनसम्म । मेरो प्रेम प्रथम दृष्टिको प्रेम हो । तिम्रो नि उमा ? कहिलेदेखि तिमीलाई लाग्यो– तिमी मलाई माया गर्छ्यौ ?

मैले सुस्तरी भनें– त्यो त मलाई सम्झना छैन । आज त लाग्छ, मैले सदादेखि तिमीलाई नै प्रेम गर्दै आइरहेकी थिएँ, पूर्वजन्मदेखि नै– अनादिकालदेखि ! साँच्चै साँच्चै ।

मैले लट्ठिएर उसको छातीमा आफ्नो शिर राखिदिएँ ।

बिहा हामी स्वास्नीमानिसका लागि नियतिको दुर्लङ्घ्य सन्देहको वाहक भएर आउँछ। मेरा लागि कत्रो उग्र नियतिको रुद्रनाद भीषणताको रूपमा त्यो उपस्थित भयो, जुन कठोर भीषणता केवल नियतिको एकतन्त्रीय परमसत्तामा मात्र मानिसले अनुभव गर्छ। तर तिनताका, प्रेमको सौरभमय कालमा मलाई यसको कहिले पनि ध्यान आएन। प्रेम त्यस्तो निर्द्वन्द्व थियो, त्यस्तो आफू नै स्वतः पूर्ण कि बिहाको पनि त्यसलाई आवश्यकता पर्छ भन्ने कुरा कहिले पनि मैले चिताइनँ। सुरु-सुरुमा क्लासका साथीहरू कुनै गुप्त स्वादले जिब्रो चलाउँदै, आँखा झिम्म पार्दै मलाई भन्थे– उमा, आजकल त निकै बसउठ चल्दैछ नि बस्नेतसँग तिम्रो। म लाजले रातो हुन्थें। पछि-पछि जब हाम्रो प्रेममा सम्बन्धको सहजता स्थापित भइरहेको थियो उनीहरूका गुप्त चाखले सोधिएका प्रश्नको उत्तरको जवाफ त केही दिन्नथिएँ, तर आत्मविश्वासको आँखाले उनीहरूलाई हेर्थें र लाग्थ्यो, सबैको सामुन्ने प्रेमको सिंहासनमा आसीन म साम्राज्ञीजस्ती छु। कहिले उनीहरू सोध्थे– के तिमीहरूको बिहा हुने निश्चय भैसकेको छ र ?

म यस प्रश्नको प्रसङ्गलाई हृदयङ्गम गर्न नसकेर उनीहरूलाई टुलुटुलु हेरिरहन्थे।.........

एक-दुईचोटि उसले पनि बिहाको चर्चा गर्‍यो र भन्यो– हाम्रो बिहा भएपछि कति रमाइलो होला।

मैले केही बोलिनँ। रमाइलोको योभन्दा अर्को रूप कस्तो हुन्छ– त्यसको कल्पना मैले गर्न सकिनँ।

उसले भन्यो– तिमी पनि क्षेत्री म पनि क्षेत्री। बिहामा कुनै बाधा छैन, बुझ्यौ उमा!

मैले भनें– मैले त त्योभन्दा अगाडि गएर कुरा बुझिसकेकी छु। समाजभन्दा अगाडि गएर र बिहाभन्दा पनि अगाडि गएर। लाग्छ, प्रियाप्रेम भएपछि अरू सबै कुरा प्रसङ्गहीन छन्।

उसले भन्यो– बिहा त गर्नुपर्छ हामीले।

मैले भनें– मैले गर्दिनँ कहिले भनें र ?

नियतिको त्यस्तो दुर्दमनीयतालाई धारण गर्ने कुरा बिहाका प्रति कस्तो उदास थिएँ, म कति अज्ञानी।

उसले भन्यो– प्यारी, तिमी कति भावुक छयौ। त्यसैले त मलाई लाग्छ, तिम्रो रक्षा मैले सदासर्वदा गरिरहनुपर्छ, तिम्रो पुरुष भएर तिमीलाई जीवनपर्यन्त संरक्षणमा मैले राख्नुपर्छ। प्रेमले मलाई पुरुषत्वको बोध गराएको छ।

उसले मलाई अँगाल्यो। म सजिलैसँग उसको आलिङ्गनभित्र परें। उसले त्यसरी नै भन्यो– बिहा हाम्रो प्रेमको स्वीकृति हो, समाजबाट लालमोहर अङ्कित गरिएको स्वीकृति।

मैले बिस्तारै अङ्कमालबाट निस्केर सोधें– त्यो लालमोहर पाइएन भने ? कुनै आशङ्काको स्वर मैले झिकेको थिइनँ। एउटा सानो तर्क मात्र उपस्थित गरेकी थिएँ।

उसले हाँसेर भन्यो– सत्य कसले खोस्न सक्छ र ? हाम्रो प्रेम त कायम नै रहन्छ। त्यसलाई कसैले खोस्न सक्दैन जो पुरुष-स्त्री को सम्बन्धको वास्तविक कुरा हो, मेरी उमा!

हाम्रो नाउ पञ्चगङ्गा घाटमा लागिसकेको थियो। मेरो काँधमा शललाई राम्ररी मिलाएर ओढाइदिंदै उसले भन्यो– साँझतिर जाडो-जाडो लाग्न थाल्यो, हैन उमा ?

मैले उसको कोटको बटन लगाइदिएर भनें– खै मफलर किन नल्याएको ? सर्दी लाग्ला।

दुर्घविनायकमा मेरो घरको कोठासम्म मलाई पुऱ्याएर ऊ गयो।

यो होइन कि म प्रेमको गम्भीरताले बोझिल भएर मात्रै रहन्थें तिनताका, गर्भवतीजस्ती, केवल अमिश्रित सत्त्वले मात्र भरिएका हलुका किसिमका रमाइला समय पनि थिए तिनताका जब हामी हावामा पुतलीजस्ता त्यसै बगी-बगी हिंड्थ्यौं, जब हामी इन्द्रधनुषका टुक्राजस्ता आफ्नो निःसत्त्व रङ्गीनीमा अलमस्त भएर बग्थ्यौं। कतिचोटि सँगसँगै उसको घाट दशाश्वमेधमा गएर नुहाएका थियौं, जब म लुगा फेरेर चिसो कपालमा तौलियाको फेटा गुतेर घाटको पण्डितको अगाडि बसेर निधार थाप्थें– त्यो सहृदय बूढो घाटिया बाँसको टोपर तल बसेर मायालु हातले मेरो मस्तकभरि सेतो चन्दनको छाप लगाइदिन्थ्यो– विभिन्न बुट्टा भएको; अनि उसको निधारमा पनि त्यस्तै किसिमको छाप लगाइदिन्थ्यो। कहिले-कहिले मेरो आफ्नो नेपाली घाट पञ्चगङ्गाको घाटियाले मलाई चन्दन लगाइदिंदा सोध्थ्यो– नानी, उनी को हुन् तिम्रा ? म केही बोल्दिनथिएँ। उसलाई टीका लगाइदिंदा उससँग घाटियाले सोध्यो– तिमी पनि यहीं पढ्छौ विश्वविद्यालयमा ?

उसले भन्यो- अँ।

कतिचोटि दिउँसो क्लासबाट फ्रान्सिसी बिदा लिएर युनिवर्सिटीभित्रको खेल बगैंचामा त्यसै चहारिहिंड्थ्यौं, कहिले अम्बा र बयर खाँदै र कहिले लुकी-लुकी बारीको केराउका कोसा टिप्दै। कहिले त्यसै अल्लारिएर गहुँ, जौ, केराउ, आलस, तोरी, कुसुमका खेतहरूको सीमालाई नाघ्दै गङ्गाको त्यस धारिलो कमारमा पुग्थ्यौं, जहाँ बाङ्गिएकी गङ्गाको धारले काटिएको उच्चा ठाउँमा उभिएर उसपारिको सूर्य किरण परेर उज्यालो भएको त्यो पुरानो रामनगरको किल्लालाई हेर्थ्यौं र ऊ भन्थ्यो– दाहिनेपट्टिको नदीको बहावलाई देखाएर– त्यतै चुनारगढ पनि छ। एकचोटि हामी त्यहाँ जाउँला नाउबाट।

चुनार जाने त कहिल्यै मौका पाएनौं, तर नाउको त्यस्तो यात्राको कुराले नै रमाइलो हुन्थ्यो।

काशीको समय कहिले पनि उत्सव, समारोह, जात्रा, मेलाहरूबाट नओगटिई खाली रहँदैन। केही न केही भैरहन्छ; कहीं न कहीं बाह्रैमास, कहिले कुन पूजा त कहिले कुन मेला। कुनै त्यस्तो पूजा, उत्सवहरू भएन जसलाई हामीले छाडेका होऔं– गणेशपूजा, लक्ष्मीपूजा, दुर्गापूजा, नागपूजा, माटाका राम्रा-राम्रा देवीदेवताहरूका रङ्गीन र साना-साना मूर्तिहरूलाई हातमा लिएर चिसो लुगा बोकेका हामी निधारमा सेतो चन्दन र गलामा फूल र पातको, एकोहोरे पातलो माला लगाएका मेला रसमा रेलिंदै पेलिंदै हिंड्थ्यौं। दिवालीमा ठठेरी बजारको घुइँचोमा नकिच्चिई हामीलाई हुँदैनथियो, जहाँ चहकिला ग्याँसका बत्ती टल्किने भाँडा-वर्तनहरूले गल्लीलाई त्यसै रौनक बक्सिन्थ्यो र रमितेहरूको चेहराको प्रसन्नतालाई झन् उज्यालो पार्थ्यो। राती घर फर्किंदा थाकेको मेरो शरीरले बिछ्यौनाको स्पर्श पाउनेबित्तिकै म निदाउँथें; दिनभरिको रमाइलो नगरभ्रमणपछि त्यस्तै रमाइलो निद्रामा मेरो रात्रि बित्थ्यो।

एक दिन क्लास सिद्धिएपछि म उसका लागि रिक्सामा बसेर पर्खिरहेकी थिएँ। ऊ एउटा कागजको टुक्रा हातमा हल्लाउँदै आयो र मसँग रिक्सामा टाँस्सिएर बस्दावस्दै भन्यो– सुन्यौ ? मैले बिहा गर्नु रे बाले लेखिपठाएको। के खोज्छस् कानो....?

मलाई सोधेको मुद्रामा उसले आँखा माथि चढायो।

मैले उसको उत्साहमा आफ्नो उत्साह थपेर भनें– आँखा होइन ?

उसले भन्यो– मैले चिट्ठी पाउनेबित्तिकै बालाई लेखिसकें नि– एउटी केटी पाइया' छ बा, असाध्य राम्री, त्रिभुवनमा नभएकी सुशीला, विदुषी र ३६ सै लक्षणले युक्त।

मैले जिस्किएर सोधें– थाहा छ त्यसको नाउँ के हो– उ.......मा। हामी त्यसै रमाइलो मानेर हाँस्यौं– उत्साहले ओतप्रोत भएर। हामी त्यस बैंसमा थियौं र त्यस्तो मनस्थितिमा कि जे कुरामा पनि हामीलाई उत्साह, रमाइलो र हाँसो लाग्थ्यो।

त्यसको केही दिनपछि उसले भन्यो– बाले मेरो चयनमा अग्रिम स्वीकृति दिनुभएको छ, र लेख्नुभएको छ– छोरा, ठूलो उत्साहसँग; ठूलो धूमधामसँग तेरो विहा गरौंला। तैंले रोजेकी केटी मेरी बुहारी भैसकी, चाँडै बिहा गर्नुपर्छ।

अनि मतिर हेरेर उसले भन्यो– चाँडै नै, बुझ्यौ उमा ! चाँडै नै। बाले भनेको छ– चाँडै .......।

उसका आँखा उत्साहले टलक्क भएका थिए। मैले पनि त्यस्तै उत्साहमा भनें, केही रसिकतामा– भोलि नै बुझ्यौ, भोलि नै।

उसले गम्भीर भएर भन्यो– ठट्टाको कुरा होइन। साँच्चै भोलि नै त ?

भविष्यमा त्यत्रो प्रचण्ड परिस्थिति ल्याउनुपर्ने रहेछ मेरो भाग्यलाई, त्यसको के पत्तो त्यस दिन मलाई। त्यस दिनको उपहास ठट्टैठट्टामा त्यस प्रचण्ड परिणामको बीउ लुकेको रहेछ। हाम्रो बिहा पनि, उसको बाले भनेको जस्तो उत्साह र धूमधामसँग सम्पन्न हुन पाएन। बाबुको आफ्नो प्रिय छोरोको बिहाको स्वप्न साकार हुनुभन्दा पूर्व नै मेरो नियतिले हठात् अचिन्त्य मोड लियो; मलाई आफ्नो कक्षबाट उफारेर अर्को विरानो कक्षमा हालिदियो। बाबुले चिताएको बिहा त भएन, तर मैले ठट्टैठट्टामा भनेको जस्तो बिहा चाहिं हाम्रो भयो– भोलि नै बुझ्यौ, भोलि नै.......।

उसले भन्यो– साँच्चै भोलि नै।

भोलिपल्टै हाम्रो बिहा पनि भयो, लघुकृत बिहा; दुई प्रेमी हृदयले प्रेमका उपर अन्धआस्था राखेर गरेको बिहा। दुई भावनाको विश्वासले आफ्नो सानू मुट्ठीमा आफ्नो भावीलाई बन्दी गर्ने आस्थामा निर्णय लिएर सम्पन्न गरेको बिहा। यो कस्तो तारतम्य कि प्रेमको बाहुल्यले उत्पन्न भएको बिहाप्रतिको मेरो उदासीनता र उसलाई भने बिहाको अविलम्ब खाँचो– यसले गर्दा उत्साहको रमाइलो ठट्टाको प्रस्ताव उसको खाँचोले गर्दा उसका लागि स्वाभाविक युक्तियुक्त भयो र मेरा लागि मेरो उदासीनताले गर्दा निरपेक्ष।

गम्भीर भएर भोलि नै साँच्चै, भनेर ऊ चूप लागेको त्यसपछि चूपै बसिरह्यो। काशीको घाटमा सन्ध्या उत्रिन थाल्यो– सन्ध्याकालीन कार्यरततामा गङ्गातट अशान्त थियो। त्यो त्यस्तो मन्त्रयुत घडी थियो जब मानिसको समस्त चेतनामा कुन्नि कस्तो असर पर्छ कि गम्भीर भावनामा त्यो निमग्न भएर निश्चल हुन्छ। मैले नबोलीकन सधैंको जस्तो उसको हातलाई आफ्नो हातमा लिएँ र हलुको किसिमले आफ्नो शिरलाई उसको वक्षमा अडाएर घाटको दृश्य हेर्न थालें। जब हाम्रो नाउ पञ्चगङ्गा घाटमा

लाग्यो, ऊ नबोलीकन उठ्यो, र सदाको जस्तो मेरो काँधमा मेरो शललाई मिलाएर ओढाइदियो। मैले पनि मफलरलाई उसको घाँटीमा बेरेर गाँठो पारिदिएँ र कोटको बटन लगाइदिएँ। घाटको सिँढीमा उक्लँदाउक्लँदै उसले भन्यो– म सदाको जस्तो सहाराका लागि उसको पाखुरा समातेर उक्लिरहेकी थिएँ– भोलि हाम्रो स्वयंवर छ। तयार भएर बसे।

राती निदाउनुभन्दा पहिले बिछ्यौनामा लेटीलेटी उसले भोलि हाम्रो स्वयंवर भनेको कुरा सम्झँदा मनमा कौतूहल जाग्यो। बिहाको त यतिचोटि चर्चा चलिसकेको थियो हाम्रो बीचमा र म यति त्यसका प्रति कौतूहलशून्य थिएँ कि ती चर्चाले कहिले पनि मेरो हृदयमा कुनै विशेष आन्दोलन ल्याएन– प्रेमको समुद्रमा बिहाको एक अञ्जुली पानी थप्दा के असर पर्थ्यो र! तर त्यस राती म कौतूहलताले स्पन्दित भएँ। शायद स्वयंवर भन्ने शब्दको भावप्रवण इतिहासले गर्दा होला त्यसो भएको। बिहाको सामाजिक ध्वनि त्यसमा रहँदैन; जङ्गलमा कुनै राजा र देवकन्या या अप्सरा गन्धर्वमा अरू कुनै अमानुषिक कन्याको गुप्त प्रणय र संयोगको भावना यसमा परिलक्षित भएकोले मेरो युवती हृदयमा त्यसले चाख उत्पन्न गर्‍यो होला। प्रेम नै त स्वयंवर हो– यो मेरो त्यस रातको आनन्दपूर्ण उद्वेग र कौतूहलता मेरो कठोर भवितव्यको क्षण स्थायी करुणा र सहृदयताको खुकुलोपना थियो, जब उसले मलाई आफ्नो कठोर पन्जामा सदाका लागि च्याप्नुभन्दा पूर्व सबै नारीले पाउने विवाहपूर्वको रङ्गीन भावनाको सुखमा मलाई पनि डुब्न दिएको थियो। शूलीमा चढाउनुभन्दा पूर्वको त्यस्तो व्यवस्थाजस्तो जसमा दण्डित व्यक्तिलाई उसको अन्तिम इच्छापूर्तिको व्यवस्था हुन्छ। भवितव्यको सहृदयता र करुणा वास्तविक यस कारणले हुन्छ कि दण्डको पूर्वसूचना दण्डितले पाएको हुन्न र उसको त्यो क्षणिक दण्डावकाशको सुख वास्तविक लाग्छ त्यसलाई। मैले त्यस रात स्वयंवरको स्वप्निल भावनामा रङ्गमगिँदै बिताएँ। बिहान उठ्दा मेरो हृदय बडो प्रसन्न थियो, शरीर पुलकित। मैले उठ्नेबित्तिकै सम्झें उसले मलाई पूर्वदिश दिएको– तयार भएर बसे। कसरी तयार हुनुपर्ने हो मैले, यसको त केही आदेश दिएन उसले। के गर्नुपर्ने हो मैले ? के कस्तो कार्यक्रम हुन्छ स्वयंवरमा र कुन ठाउँमा ? कुन कर्मकाण्ड आज घटित हुने हो ? हामीबाट कुन अनुष्ठानको सम्पादन हुने हो ? केही कुराको अत्तोपत्तो मलाई थिएन। आनन्दले बारबार फुरुङ्ग भइरहेको मनमा स्वयंवरको मर्मलाई बुझ्ने प्रयत्नमा प्रश्न उठिरहन्थ्यो– कस्तो अनुष्ठान ? कुन अग्निका सन्मुख ? केही कुराको पनि ज्ञान नभएर उत्कण्ठाले काँपिरहें।

शय्या त्यागेर मलाई त्यस दिन गङ्गास्नान गर्न मन लाग्यो। त्यति बिहानै म कहिले पनि स्नान गर्न तल झरेकी थिइनँ। घाटको सिंढीको सिरानमा एकछिन उभिएर तल तटको दृश्य हेरें। सूर्योदयभन्दा पूर्वको प्रकाशमा गङ्गा नदी नीलो स्यातमा चढेको धारजस्तो टल्किरहेकी थिइन्। प्रभातको विराट् स्तब्धतालाई तटमा बसेर स्नान गरिरहेका असङ्ख्य नरनारीहरूको तुच्छ मानवीय कार्यरतताले भङ्ग गर्न सकेको थिएन। मानिसहरूको शत-शत कण्ठबाट उठेको पूजा प्रार्थनाको वाणी र मन्त्र पाठ तलै उनीहरूकै नगीच रडमडिरहेको थियो; त्यसमाथिको प्रभातकालीन स्तब्धता निर्द्वन्द्व भएर विश्वका उपर छाइरहेको थियो। एउटा पवित्र भावनाले भरिएर मैले आफ्नो शिरमा धोतीको फुर्को आँचलमा राखें र हात जोडेर शिर निहुराएँ, कुनै देवी-देवता, ईश्वर-परमेश्वरलाई सम्झेर होइन। यो लागेर कि यो विराट् निर्द्वन्द्वताको मध्यमा मानिसले

आफ्नो–आफ्नो सुखको सामग्री पाइहाल्दो रहेछ र उसको लघु हृदयको पोषण पाइहाल्दो रहेछ। मेरो सुखी हृदयको अज्ञात कृतज्ञताले स्वतः झुक्न गएको थियो मेरो शिर। कहिले कहिले सुखको अनुभूति किन त्यस्तो पावन हुन्छ ? किन कहिले कहिले त्यो कृतज्ञ हुन्छ विश्वका यावत् दृश्य तथा अदृश्य तत्त्वपट्टि ? किन सुख कल्याणकारी हुन्छ ? त्यस दिन गङ्गाजीको शीतल जलमा स्नान गर्दा मलाई कत्रो महान् सुखको बोध भयो र साथै कत्रो महान् पावनताको। मैले धेरैबेर लगाएर आप्लावन स्नान गरें। लुगा फेरेर पवित्र जलले अभिसिञ्चित केशलाई पिठ्यूँमा पारेर म घुँडा टेकेर पण्डितको अगाडि बसें। बूढो पण्डितले मस्तकभरि बुट्टा भएको टीका लगाइदियो र भन्यो– आज वसन्तपञ्चमी हो, नानी। त्यसपछि चन्दनचर्चित माथको मध्यमा एउटा रक्तचन्दनको टीका पनि लगाइदियो। त्यस बखतमा गङ्गापारिको बालुप्रान्तको सीमान्तका वृक्षपङ्क्तिका उपर सूर्यको रातो बिम्ब (मेरो स्वयंवरको दिनको सूर्य) सारा विश्वमा आनन्द छर्दै उदायो।

घरमा आएर मैले त्यस दिन विशेष आयोजनाका साथ आफ्नो शृङ्गार गरें– हलुको ख्यालको पातलो जरीको कार्च भएको बनारसी साडी लगाएँ र मयूरपङ्खी सिल्कको चोलो, जसको भुईंमा पातला तासका उठेका सुन-चाँदीका मसिना बुट्टा मढिएका थिए र जसका अधकट्टे पाखुरा र किनारा-किनारामा बाक्ला चौडा किनखाबका पट्टी गाँसिएका थिए। कपाल पनि बडो यत्नसँग कोरें। मुखको भने केही शृङ्गार गरिनँ, बिहानको चन्दन जस्ताको तस्तै ललाटभरि रहन दिएँ र लाग्यो त्यस ललाटतलको आँखीभौं या गालाको कुनै शृङ्गार पनि अनुपयुक्त हुन्छ। अनि पर्खेर बसें उसका लागि– कुन अनुष्ठानमा उसले आज मलाई आफूसँग सम्मिलित गर्ने हो !

अनुष्ठान ? जुन तीव्र आनन्द, पीडा, आह्लादको उन्मादमय अनुभव भयो मलाई आफ्नो पुरुषसँग त्यो रात बिताउँदा, त्यसमा जसरी मेरो शरीर अर्पित भइरह्यो म स्वयम् घडी-घडी लिप्त भइरहें चुर्लुम्म, चुर्लुम्म आनन्दको महासिन्धुमा– त्यस अनुभवलाई अरू के संज्ञा दिन सक्छु र अनुष्ठानको संज्ञाबाहेक, दुई शरीर स्त्री-पुरुषको सङ्गमस्थलमा सम्पन्न भएको अनुष्ठान।

भन्छन्, निभ्नुभन्दा ठिक्क पूर्व दीप एक क्षणका लागि झलल्ल भएर उज्यालो हुन्छ रे। मेरो सुखको निर्माणको ठिक्क पूर्व त्यो दिन त्यसै उज्ज्वल भएर चम्केथ्यो। एक दिनभरिमै जीवनको सम्पूर्ण सुखलाई केन्द्रित गरेर भोगेकी थिएँ मैले– किन एक दिन ? केवल एक सन्ध्या !

त्यसको कहीं वर्णन सम्भव छ र ? कुन अमानवीय स्थितिमा पुगेर भोग्न सकी हुँली जन्मजन्मान्तरको सञ्चित सुखलाई त्यस एक सन्ध्याको अवधिमा– चेतना कति तीक्ष्ण भयो होला, इन्द्रिय कति संवेदनशील, शरीर कति धारण-समर्थ त्यो सुखभोगका घडीमा ? निश्चय नै म मानवीय थिइनहुँली त्यस समय।

उनले आएर मलाई लिएर गए। फुपूको कोठाभित्र मुन्टो पसाएर– फुपू ! उमा मसँग जाँदैछिन्। आज राती आउने छैनन्। युनिवर्सिटीमै समारोहमा अबेर हुन्छ।

म तल्लोपट्टि आफ्नो कोठाको ढोकानेर उभिएर नङ टोक्दै त्यो सुनिरहेकी थिएँ।

फुपूले भनिन्– हुन्छ, जाओस्; तर नानी, बढेकी छोरी छ, राम्रो विचार राख्नू।

उसले भन्यो– म जिम्मा लिएर जाँदैछु फुपू। धन्दा नमान्नोस्।

घरभन्दा बाहिर मेरो हात समातेर उसले बडो उत्साहको स्वरमा भन्यो– उमा, तिम्रो मैले आजदेखि जिम्मा लिएँ नि। पाणीग्रहण गरें। इः हेर।

हाम्रो जोल्टिएको हातलाई २–३ चोटि हल्लाएर उसले भन्यो– इः हेर !

के हो स्वयंवर ? यस दिनको कुन कुराले म गृहीता भएँ, परिणिता भएँ ? आयुर्वेदिक उद्यानको मालीले गुँथेका २ ओटा मोटा गुलाबका मालालाई साटासाट गर्दा त्यसो हुन पुगें कि म, कि त्यस रात उसको शय्या अंशाया भएपछि परिणिता भएकी छु। स्वयंवर त्यो पो थियो कि ? तर के शय्याको अंशाधिकार– त्यसको लाभहानिको भागी हुनु त दुई पक्षको संविदा त्यसको परिणामस्वरूप पाइने कर्तव्याधिकारको यमज सन्तति होइन र ? त्यो त त्यस्तो स्वाभाविक निःसृति होइन र ? जसको उद्‌गमको स्थल कुनै पूर्वाचरणमा अवस्थित रहन्छ ? के त्यो पूर्वाचरण माल्य विनिमय हो त ? कि त्यो विनिमयभन्दा धेरै पहिलेको हाम्रो आचरण हो, त्यो जब हामीले आफ्नो हृदयको विनिमय गरिसकेका थियौं ? यस्ता चिन्तनीय मेरा त्यस बखतका प्रक्रिया हुन्थे, जब म विवाहिता नारी भएर एउटा परपुरुषकी अर्धाङ्गिनी भएकी थिएँ र ठूलो घरकी स्वामिनीकी हैसियतवाली भएर दिउँसोको उदास घाममा बार्दलीमा एक्लै बसेर जीवनको विडम्बनाका उपर मनलाई गुत्थ्याउँथे। सोचिरहन्थें कसकी पत्नी हुँ म ? जसलाई मैले आफ्नो प्रेम अर्पित गरें ? जससँग बनारसमा गुलाबको मालाको आदान-प्रदान गरें ? जसलाई मैले सर्वप्रथम आफ्नो शरीर दिएँ स्वाभाविक किसिमबाट उषामा पृथ्वी उघ्रेकी जस्ती भएर उघ्रिँदै ? या त्यो पुरुष मेरो पति हो जसलाई मेरा मातापिताले मलाई कन्यादान दिएका थिए, र जसले अग्निको अगाडि मलाई आफ्नी तुल्याएको थियो र जसलाई मेरो नारीशरीर बराबर उपलब्ध भैरहेको छ। स्त्री-पुरुषको सम्बन्धको आधार के हो ? तिनको संविदाको वास्तविक रूप कस्तो हुन्छ ? यस्ता मानसिक उधिन-पाधिन, उधाइ-बुनाइ त मेरा पछिका क्रिया थिए, जब जीवनमा सर्वहारा भएर विश्लेषण गर्न बस्थें म त्यो ठूलो घरको एकान्त बार्दलीमा। सोच्थें– के भो ? हुनुपर्ने के हो ? त्यो हुन गएको के हो ? शायद यस्तो चिन्तन बुरुवाको लक्षण हो।

तर त्यस दिन म विजयिनी थिएँ, आनन्दको लहरको सुवर्ण शिखरका उपर गोडा चाल्दै आकाशमा माथि-माथि– झन्‌झन् माथि– विचरिरहेकी थिएँ। शहरबाट सोझै हामी विश्वविद्यालयको आयुर्वेदिक उद्यानमा गयौं; त्यहाँकी मालिनीले एउटा ठूलो टपरीमा गुलाफको माला उनेर राखेकी थिई। त्यो उसलाई दिँदै भनी– तिमीहरू सुखी भए। उसको सानो छोरा नाङ्गै छाप्रोको अगाडि उभिइरहेको थियो। माली भने यतापट्टि कुनै आग्रह नदेखाएर लहरै लगाएको मेहदीको बारको टुप्पा टुप्पालाई आफ्ना दुवै हातले ठूलो कैंचीले कत्र्दै थियो।

मालिनीले हाम्रो सम्बन्धको सुरभि सुँघिसकेकी रहिछ। मलाई यो सानो कुराले पनि बडो रमाइलो लाग्यो। हाम्रो प्रणयको सामाजिकतामा अवतीर्ण हुने दिनमा त्यसको प्रथम परिचय त्यस्ती एउटी गरीब स्त्रीले पाई, जसले आफ्नो उद्यानका सबभन्दा राम्रा-राम्रा फूलबाट हाम्रा लागि माला प्रस्तुत पारिदिएकी थिई। प्रणयको यस्तो क्षुद्र प्रवर्तन– यस्तो सानो सामाजिक भूमिकाले मलाई यस कुराको ध्यान दिलाएन कि बाजागाजाका साथ ठूलो उत्सव समारोहमा मेरो नूतन सामाजिक परिचय भएन; मलाई लाग्यो– ठूलो सामूहिक विज्ञापन अनुपयुक्त हुन्थ्यो। प्रेम त्यस्तो वाणिज्यिक सामान त होइन जसको बृहत् विज्ञापनको आयोजना गर्नुपर्छ। यसको परिचय त हृदयको स्तरमा मानिसले पाउनुपर्छ, जस्तो कि मालिनीको हृदयले पाएको थियो। म त्यसै मालिनीको आशीर्वादले गदगद भएँहुँली।

त्यस दिन प्रत्येक कुरा उपयुक्त थिए। लाग्थ्यो– कुनै अदृश्य शक्तिले हाम्रो प्रेमको एकान्त निर्णयका लागि समुचित व्यवस्था गर्दै आइरहेको थियो। विश्वविद्यालयको पर्खालको ठिक्क बाहिर एउटा सुनसान मन्दिर, जसको मलाई पहिले पत्तै थिएन– आज हाम्रा लागि कति उपयुक्त भयो। सानो मन्दिर, जसलाई मानिसले धेरै पहिले छाडिसकेका थिए, तर देवताले निश्चय नै यसलाई छाडेको थिएन होला। पीपल र बेलको छायाँमुनिको शीतलस्थलमा अनेक मूर्तिहरूले घेरिएर एउटा ठूलो शिवलिङ्ग ध्वंसमय परिवेशको मध्यमा निर्द्वन्द्व भएर स्थित थियो– ढलेका गारा, झारपातले ढकमक्क भएको क्षेत्र, ध्वजा-पताका, अक्षता, पूजा, घडी-घण्ट शून्य भएको त्यो एक्लो भग्नप्राय: मन्दिर। त्यहाँको पुरानो कूपको होचो प्रस्तरमञ्चमा उभिएर हामीले माला एकअर्काको गलामा लगाइदियौँ। शान्ति अविच्छिन्न रह्यो; पृथ्वीबाट आकाशमा शाश्वत उल्लसित भएर खडा रहेको शिवलिङ्ग, शान्ति एकान्तता, शून्यताको महत्तम गम्भीरताले उभिएको उभिएकै थियो। हे, सदाशिव ! जीवनको कीटनिर्मित बाङ्गोटेढो पथका यात्री हामी मानव, पथभ्रष्ट भएर बाटैमा जीवनपर्यन्त भौतारिरहन्छौं, कतै नपुगेर। दुई बिन्दुका मध्य संक्षिप्त दूरी एउटा सरल रेखाले नाप्छ भन्ने महाज्ञानलाई कदाचित् पनि, कदापि पनि मानवले आत्मसात् गर्न सक्दैन। तिमी आफ्ना ऋजुता, सरलता, संक्षिप्तता, हार्यता, ह्रस्वता, जटिलताग्रस्त, माहाभ्रा अज्ञानलाई क्षमा गर- क्षमा गर।

त्यस दिन यस्तो याचक भावना ममा थिएन। हो, शिवलिङ्ग त्यहाँको अखण्ड शान्ति र एकान्तताको ठूलो छाप मेरो अन्तरहृदयमा परेथ्यो। लाग्यो– मेरो हृदयको आनन्द गम्भीर भयो त्यस वातावरणमा, त्यस क्षणका लागि। मन्दिरबाट बाहिर आउँदा म अद्‌भुत रूपकी भएकी हुँदी हुँ– बनारसी रेशमी साडी, मयूरपङ्खी चोलो, ललाटभरिमा पत्रलेखा र छातीमा गुलाफका राता पुष्पदलको मोटो माला कम्मरतलसम्म झुलेको र आनन्द, उत्साह, गम्भीरता, प्रेम र उत्तेजनाका सम्मिश्रणले तन्काएको अनुहार लाएकी।

जीवनको महाभेलमा गएकी ग्रामीण कौतूहला नारी– उत्तेजना विस्फारित मुटु लिँदै म त्यस दिन आफ्ना प्यारासँग घुमी-घुमी हिडें– एउटा बृहत्तर रोटेपिङमा मच्चिएर। उत्तेजना र आनन्दको मच्चाइ थियो त्यो– क्षण-क्षणमा विलीयमान हुने दृश्यको ताँती अटुट किसिमबाट आँखामा उद्‌भासित हुन्थे– मुहूर्त-मुहूर्तमा अडेका दृश्य र तिनीहरूको अटुट शृङ्खला। आनन्द र उत्तेजनामा पनि त्यस्तै असङ्ख्य मुहूर्त र तिनका अटुट शृङ्खला। दुर्गामन्दिर र त्यहाँका अर्धमानव बाँदरहरूका कौतुक क्रीडा र मेरो भय स्वाङ र प्रेमरक्षाका लागि ऊसँग टाँसिनु, ठाडो सिँढी, तलको चौकोर कुण्डको हरियो घातक रङ्गको पानी; रिक्सामा हर्रर, कहीं गहमा होटल, केवल पृष्ठभागतिर भुसित भैरहेका सडकका घरहरू र मुखमा गुलाफी हावाको हलुको स्पर्श; दशाश्वमेधको घुइँचो जहाँ नदीको तटसम्म उत्रिंदा लाग्थ्यो मेरो गोडाले कतै टेकेका छैनन्, स्वत: प्रवाहित भैरहेकी छु म उसका साथ टाँसिएर फेरि नौका विहार, घाटका नरनारी, बत्ती, आकाशका तारा, पहाडको भीरजस्ता अजङका घर र तिनका छयाङ्ग परेका पाटा, डाँडाको छप-छप; फेरि विश्वनाथको दर्शन– हर हर महादेव, शम्भो, काशी विश्वनाथ गङ्गे– र त्यहाँ जल र असङ्ख्य नरनारीको पैतालाले चिप्लो पारेको सेतो कालो सङ्गमरमरका बुट्टेदार फर्श, आक्ष, देवाराधना पनि कति ध्वनिमय, मानवका सहस्र कण्ठबाट विभिन्न स्वरमा उठेका प्रार्थना र घडी घण्टहरूको त्यस्तै कम्पायमान भएको त्यो देवलोक; मानवको रेला-पेलामा स्थापित शिवलिङ्ग, असंयत मानव- स्त्री-पुरुष, बालक–बालिका, वृद्ध-युवा, ग्रामवासी वा नगरवासी, संन्यासी या गृहस्थी, योगी-भोगी, रोगी, कामुकहरूको त्यो महासम्मेलनस्थल, जहाँ सबै आफ्ना-आफ्ना मुकुण्डा फुकाएर

एकत्रित भएका आफ्ना-आफ्ना आशा-निराशा, कामना, सिद्धि प्राप्ति, प्रार्थना, कृतज्ञता लिएर त्यहाँ आएका। आत्मज्ञताको सम्बन्ध जोर्दै विश्वेश्वर जगन्नियन्तासँग हर हर महादेव शम्भो र त्यो भुँडे गणेश जसको रातो सूँडको टुप्पो र दुईपत्रे त्यस्तै रातो भुँडीका उपर चौडा अर्धवृत्त बनाएर अडेको छ, हृदयको उत्साह त्यसले झन् थपिने, चिल्लो, रातो भुँडे देवको विचित्र रूप देखेर। तर त्यो रूप कति मङ्गलमय– वक्रतुण्ड महाकाय कोटी सूर्य सम प्रभः निर्विघ्नं कुरुमे देही मम कार्येषु सर्वदा।

अनि त्यो विश्वनाथको गल्ली, नारीहरूको स्वप्नलोक– सानो साँगुरो गल्ली जसलाई मानिसहरूको सानो समूहले पनि घुइँचो पार्ने, ग्यास र बिजुली बत्तीले जसका दुवैतिरका साना-साना पसल झकमक्क; नारीको रहर कहिले पनि शान्त नहुने गरी प्रदर्शित गरिएका छन् सामानहरू– नेपाली बाबू, राम्रा-राम्रा साडी यस पसलमा छन्, आउनोस्, हेर्नोस् मात्रै; बैनी यता दक्षिणी साडी मङ्लोर, बङ्लोर, तमजोरका; बनारसी रेशमका हलुका, भारी, जरी, तूका, बेलबुट्टा काढिएका, सक्कली; सुन र चाँदीमा तारका छापा पनि छन् रेशममै; आधुनिक जार्जेटमै, सिफनका माकुराका जालाभन्दा पनि पातला; मैना छापा मलमलमा पनि विभिन्न बुट्टाका, मसिना, मोटा, थोप्ले, बेलबुट्टे र इन्द्रधनुषका रङ्गका; लखनऊका नवाबी बीबीहरूले लगाउने खालका चिक्कन, बातिक; जयपुरका गाढा रङ्गका चोली, पातला ढाका पनि छन् र मिलका सादा धोतीहरू पनि, घरकाज रहँदा लगाउने खालका। नेपाली बाबू, नेपाली बाबू, हेर बैनी यता हेर; टीका, सिन्दूर, बासना आउने, फिक्का, गुलाफी, गाढा तुलको, धूले-बुकुनी; प्याले विभिन्न आकारका बट्टा र शिशीमा टिकुली, सलमा, सितारा, पोते, चूरा, काँचका पातला, मोटा, बाक्ला बालजस्ता, लाहाका पनि, रङ्गीबिरङ्गी थरीथरीका कपालका धागा, पट्टीदार, फुर्कादार, फूलका झुप्पाजस्ता ...... ।

कति किन्नु। उमा, यो पनि किन राम्रो त छ नि; यो पनि, यो पनि, यो पनि कति किन्नु। किन, किन अरू किन उमा; ए, मोठावाला उसलाई पनि टिप, उसलाई पनि, यसलाई पनि।

घर्रघर्र गरेर पाङ्ग्रो घसार्ने, मच्च-मच्च एकैचोटि भाँचिएर थच्चिने हो कि भनेझैं गरेर हिंड्ने बग्गीमा मालसामान लादेर हामी हिंड्यौं– त्यस्तो डोली चढी बधू हिंडी– हृदयमा बच्छेबाजा बजाउँदै। घर्रघर्र, मच्च-मच्च थचारथुचुर हा हा। कहिले नसिद्धिने आनन्द र उत्साह।

कहिले बग्गी कमच्छा उसको डेरा पुग्यो, कहिले मालसामान उतारियो, कहिले भान्छामा गएर दुवैले त्यस रातको अल्पभोजन स्टोभमा पकायौं, कहिले खायौं– मलाई अत्तोपत्तो छैन। एकदम अत्तो छैन त्यो पनि होइन, तर चेतनाको बाहिरी परिधिमा ती सब कुराको पत्तो अङ्कित त थियो तर मध्य चेतनामा केवल आनन्दको अनुभव मात्र स्थापित थियो। त्यसैमा लीन भएकी थिएँ म। आनन्दबाट स्वतः चालित भएर दिनभरि यताउता गर्दा एक स्थलमा आएर हठात् पुनः संज्ञा प्राप्त भएको झैं बिउँझिएर म टक्क थामिएँ, जब ऊ भनिरहेको थियो– उमा, उमा, तिमी थाक्यौ, रात धेरै गयो ल हिंड सुत्न।

अगाडि सुत्ने कोठाको ढोकाका दुवै पाटा उघ्रिएको थियो, जसबाट मैले देखें– भित्रको मधुरो रोशनीमा तनक्कसँग कसिएको बिछ्यौना बिछ्याइएको छ पलङ्माथि। कोठाको भित्ता गुलाफी रङ्गको र त्यस्तै गुलाफी तन्ना कसेको बिछ्यौनामा र पलङसमीपको सानो टेबुलउपर गुलाफको एउटा ठूलो गुलदस्ता।

हठात् मैले रोकिएर भनें– नाइँ, नाइँ।

नारीले पुरुषसँग कुन ठाउँमा रेखा कोर्छे र भन्छे– योभन्दा यता होइन ? कि कोर्दिन ? मेरो "नाइँ, नाइँ" के मेरो रेखा कोराइ होइन ?

उमा, उमा.......!

नाइँ, नाइँ, प्रिय नाइँ !

प्यारी उमा, प्यारी !

नाइँ, नाइँ !

उसले मलाई बोक्यो हलुकोसँग– उमा, मेरी......!

मैले भनिरहें– नाइँ प्यारा, नाइँ !

यो रेखाको कोराइ नभने के भन्ने त ? स्वाद थिएन, स्त्रीको चरित्रकला थिएन त्यो। मेरो अन्तरआत्माले जान्दछ मैले नखरा गरेकी थिइनँ तर के त्यसमा रमाइलो थिएन ? थियो; भय पनि त थियो, केको, कुन अज्ञातको ? कुन आशङ्काको, जस्तो कि उत्तेजना कठिन हृदयले दर्शकद्वारा कुनै रहस्यमय दृश्यमाथि पर्दा उठेको हेर्न पर्खिएर बसेको जस्तो। यदि उसले मेरो आग्रहलाई मानेर मलाई भुँमा झारिदिएको भए के म कुद्दै भाग्थें र ! यहाँसम्म आएको तमाम यात्रा-पथका उपर पश्चात्ताप भएर विश्वनाथको गल्लीलाई छाड्दै, गङ्गाको नौका विहारलाई छाड्दै, दुर्गाकुण्डलाई छाड्दै, भग्न शिवमन्दिरलाई छाड्दै, मालिनीको त्यस उद्यानलाई छाड्दै, छाड्दै, छाड्दै के पुनः त्यहाँ गएर अड्थें त्यस घडीमा जब पहिलो दिन उसले मलाई भनेको थियो– कलेजको अगाडि म आफ्नो रिक्साका लागि पर्खेर बस्दा– म तिमीलाई माया गर्छु बुझ्यौ ? त्यो त हुने कुरा नै थिएन, तर मेरो नाइँ, नाइँ पनि स्वाद थिएन।

नारीलाई जित्नुपर्छ पुरुषले, प्रत्येक नयाँ-नयाँ अवस्थामा, उसको यौनदान उसको प्रेमको दान त हो; तर त्यो दान पनि पुरुषले जितेर नै लिनुपर्छ क्यार– प्रत्येक नारी प्रथम रात पुरुषद्वारा हरण गरिएर उसको शय्यामा पुग्नेपर्छ क्यार। मेरो अवरोध त्यस्तै थियो क्यार– मलाई बलपूर्वक जित, म स्वयम् तिमीलाई त्यसमा सहयोग दिनेछु, आफू जितिनमा भनेजस्तो।

जब उसको अन्धो औंलाले केही काम्दै, छाम्दै मेरो तना फुकाल्न थाले, मैले व्यग्र भएर भनें– नाइँ, नाइँ, प्यारा नाइँ.......!

उसको बाफिलो बोली सुन्थें– प्यारी उमा, प्यारी.....!

एक एक गरेर मेरा वस्त्र झारिए, बिछ्यौनातल थप थप, मेरो रन्किएको शरीरमा केवल गुलाबको माला बाँकी थियो, जसको चिसो स्पर्शको बोध मेरो छातीले पाइरहेको थियो र मस्तिष्कको धमिलिंदै गएको आकाशमा जसको मधुरो सुगन्ध व्याप्त भैरहेको थियो। आँग रन्किएको त थियो तर मेरो निर्वस्त्र शरीर बारबार काँपिरहन्थ्यो मुटुको क्षेत्रबाट चिसो निस्केर। त्यस व्याकुलताको अवस्थामा मेरो ओठले नसुनिने विरोध वाणीलाई निरर्थक बकिरहेको थियो– नाइँ, नाइँ प्रिय, नाइँ, नाइँ।

निश्चल भएर आशङ्काले सास तानेर पर्खेर बस्दा पनि सङ्कल्पहारा, म आवृत्ति पाठ गरिरहें– नाइँ, नाइँ– आस्थाहीन स्वरमा। त्यसैले शायद मलाई स्थिर पनि पाऱ्यो– नाइँ, नाइँ, प्रिय......।

उमा, प्यारी, उमा........

एकछिनपछि लाग्यो, मेरा तन्किएका नसाहरू केही खुकुला भए; शरीरबाट कठोरता केही निस्कियो; जीउ सिरिङ्ग हुन मध्यम भयो; शरीरको रन्काइ पनि केही कम भयो– लाग्यो, म तन्द्रामा पर्न थालें– लट्ठिएको झैँ भएँ– प्राण र शरीर दुवैले उग्र वेदना, आनन्दको आशङ्का र कल्पनाले पाएको कठोरता केही बिलाएजस्तो भयो, सास लिन सकिएलाजस्तो लाग्यो– लाग्यो, सबै कुराको प्रत्याहार भैरहेछ– सबै तत्त्व फर्केर गइरहेका छन्– सजिलो भएको जस्तो लाग्यो ।

तर त्यो प्रत्याहार त वेगमय आक्रमणका लागि हिंस्रक पशुले पछि सरेको जस्तो रहेछ । हठात् चेतनाशून्य पार्ने वेगको आघात ममा भयो– समभावमा आइरहेको ममा– मेरो शरीर र प्राण दुवैका उपर ठूलो आघात भयो– भ्वाप्प– नाइँ, नाइँ, नाइँ.....।

बत्ती निभेको जस्तो भयो, अन्धकारमा अब लुप्त भयो मेरो शरीर र चेतना.......।

मलाई केही स्पष्ट सम्झना छैन; आदियुगको कुनै गुफाको शीतल अन्धकारको काईको गन्ध भ्वास्स नाकमा पसेको जस्तो, तातो बाफिलो एउटा मानवगन्ध पनि मेरो अनुहारभरि फैलिएको– म थिचिएकी जस्ती ठूलो बोझले, सास लिन गाह्रो भैरहेको– घाँटीभित्रबाट सुक्दै आएको जस्तो ऐठनमा परेझैँ पानी भन्छु तर वाक्य ननिस्किएको । अनि लागेको........ रसिलो पदार्थ मेरो मुखमा परेको, तिर्खाएकी म असंयमी भएर चुस्न थालेकी त्यसलाई, प्राण रसाएको– उमा, प्यारी.......।

विस्मृतिमा अवलुप्त भएको प्राणमा सङ्गीत झैँ अस्फुट शब्द पर्छ– उमा, उमा । आषाढको पहिलो वर्षाजस्तो– अन्तस्थल सिमसिम रमाउँदै, रसवती भएकी हुन थाल्छु म, शरीर र प्राण दुवैले– ओठले मात्र होइन, अङ्ग-अङ्गले चुम्बनको दान-प्रतिदान गरिरहेछ; समस्त शरीर र चेतनालाई ढाकिएर म अँगालिएकी छु; आनन्दमा पुनः चेतना अवलुप्त हुँदैछ, शरीर फेरि पग्लिँदैछ ........।

तर फेरि मर्मलाई आहत गर्ने कुन आघातले व्यथित हुन्छु– कुन निष्ठुरताको विकारमा फेरि विधिएकी हुन्छु– घाइते हरिणी छटपटाएकी जस्ती वेदनाले छटपटाउँछु । पुनः शरीर सुक्न थाल्छ, तिघ्राका नसा तन्किन्छन्, स्तन कठोर हुन्छन्, बेलका फलजस्ता, अब फुट्ला अब फुट्ला भन्नेजस्तो गरेर बल्किन्छन्; पेटका भित्र तल कुन भार आउँछ चिसो, तल्लो पेट भास्सिएर बिलाउँछ– पीडाको ध्वनि आर्तनाद कण्ठभित्रै किचिन्छ– आत्तिन्छ र भित्री प्राण पीडामा निस्सासिंदा सहाराका लागि दुवै पाखुराले अँठ्याउँछु उसलाई– आलिङ्गन होइन त्यो शत्रुसँग जुधेको जस्तो– हत्या गर्ने उन्मादले पागल भएर..........।

यौन असहनीय पीडा र त्यस्तै असहनीय आह्लाद– जसमा वेदना र आनन्दोचित जगत्बाट स्थूल शरीरजगत्मा परिणत हुन्छ– अनुभूति आफ्नो तीव्रताको जोरले शरीर धारण गर्छ, जसमा लाग्छ र शरीरतत्त्व अतिरिक्त अरू केही छैन ब्रह्माण्डमा– माटोबाहेक, स्थूलबाहेक; तल फेरि जसमा शरीर सुख र पीडाको उद्रेकले शरीर एकैचोटि धप्प बलेर निर्धूम अग्निशिखामा परिणत हुन्छ र त्यो पनि पछि उन्मादको चित्त जगत्मा बिलाएर जान्छ– पीडा र आनन्दको स्पन्दन मात्र शून्यमा प्रकम्पित भैरहन्छ– माटो रहन्न ब्रह्माण्डमा, स्थूलता रहन्न, केवल चेतना प्राणतत्त्वबाहेक ।

यौन........... कति युग विते मेरा त्यस अनुभूतिमा त्यस रात..... । पुरुष-स्त्रीको त्यस महामिलनमा– छाला छालासँग मिस्सियो; मासु मासुसँग; अस्थि अस्थिसँग; मज्जा मज्जासँग; हृदय हृदयसँग; प्राण प्राणसँग– आनन्दको अनुभूतिले एकतत्त्व भएर–

सृष्टिको आदिस्थितिमा पुगेर.......यौन त प्रेम नै हो रहेछ जसले त्यस क्षणमा आदर्श शरीर रूप धारण गर्छ र जो पुनः शरीर आदर्शमा बिलाएर जान्छ। स्थूल तत्त्व सूक्ष्म तत्त्वमा, सूक्ष्म तत्त्व स्थूल तत्त्वमा अन्तर्निहित हुन्छन्।

जब मैले आफ्नो शरीरको क्षुद्र उडूपीलाई यौनको महासमुद्रमा छाडिदिएँ, उद्भट कामनले क्षुब्ध भएको महासागरमा, कति कहालिंदो अनुभव थियो यौनको....... निस्सीम, कालो, नीलो समुद्रमा असहाय शरीरको एउटा क्षुद्र तरणी....जसलाई शून्यबाट उठी, उठिरहने प्रलय वायुले उफार्ने-थचार्ने, मलाई लाग्यो म तूफानमा उठ्ने बस्ने गरिरहेछु– तल-माथि यन्त्रवत्, आनन्द र पीडाको लहरमा परेर।

पछि, कालान्तरपछि क्षुब्ध सागर बिस्तार-बिस्तार शान्त हुँदै जान्छ– वायुको गति मत्थर पार्दै जान्छ, आनन्द र पीडाको लहर सानो-सानो हुँदै जान्छ– शरीरको नाउमा समुद्रको हलुको आघात मात्रै पर्न थाल्छ थप-थपको जस्तो– यौनको लय मध्यम हुन थाल्छ, थामिनुभन्दा पहिले– सुस्तरी-सुस्तरी पिङको गति भएजस्तै– एउटा अवर्णनीय सुख-शान्ति र आनन्दले शरीर भरिन थाल्छ। उद्वेग, उन्माद, व्याकुलता अब रहँदैन। केवल ब्रह्माण्डव्यापी आनन्द र शान्ति। सिन्धु प्रशान्त हुन्छ जसको काँचजस्तो चिल्लो सतहका उपर मलयानीलमा– इन्द्रधनुषी आभाले भरिएको रङ्गीन आकाशतल– जहाँ केवल गुलाफको फूलको नजानिंदो बास्नाको अनुभव हुन्छ, जहाँ एउटा पुरुषको न्यानो सास आफ्नो काँधमा एकनाससँग पर्छ र जहाँ उसको मुटुको एकनासको स्पन्दनले आफ्नो वक्षलाई नजानिंदो किसिमले तलमाथि गरेको पाइन्छ........ त्यो थियो मेरो सुखको रात।

अरू केही भन्नु छ र अब! बाँकी केही रह्यो र ....?

x x x

किन रहेन?

त्यही त म बारम्बार भनिरहन्थें– किन रहेन र, किन रहेन र? सुखस्वप्नबाट बिउँझिएर आँखा उघारेपछि मरुभूमिका उपरको सुक्खा बाटो मेरो सामुन्ने किन परेन र लामो जीवनको यात्रा बाँकी नै किन रहेन र? बार्दलीमा बसेर काठमाण्डू शहर र त्यसलाई चारैतिरबाट घेरेर राख्ने पहाडहरूका उपर दृष्टिपात गर्दै म भन्थें– किन रहेन र? यो अवशेष नै कत्रो लामो, कहिले नसिद्धिने, यो वक्यौता नै कत्रो बोझिलो। जीवन के धपिंदै हिड्नु हो एकनाससँग, जसको कुनै पुग्ने ठाउँ छैन, जहाँ केही शीतल विषाद छैन– उदासीको तालमा एक-एक पदलाई उचाल्दै र जहाँ सुख अब आशाको वस्तु रहेन, त्यो त अतीतको स्वप्नमा बिलाएको कुरा हो– सुख।

त्यस बखत मेरो पतिको आवाज आउँथ्यो कोठाबाट– कान्छी के गरिरहिछौ?

म भन्थें– त्यसै बसेकी छु के हो?

उनी भन्थे– एक्लै के बसेकी?

अनि एकछिनमा आफैं बार्दलीमा आएर भन्थे– किन एक्लै बसेकी? एक्लै के सोचिरहेकी छौ प्यारी?

म जुरुक्क उठ्थें– केही होइन।

हुन पनि के त्यस्तो कुरो म सोचिरहेकी हुन्थें र जस्तो कि कसैलाई चाखलाग्दो चर्चा गरूँ– जीवनको कस्तो लामो यात्रा ! यस्तो छन्द न बन्दको सोचाइको के महत्त्व छ र ! मेरो उदासी पनि कस्तो निरर्थक यो सबै थोकले पुगेको ठूलो घरमा।

म सोध्थें– के मर्जी हुन्छ ?

उनी भन्थे– आऊ, कोठाभित्र।

म बिस्तारै पछि लागेर कोठामा आउँथें। उनी मलाई बिछ्यौनामा लग्थे। कोठाको बाहिर शहर आफ्नो दिउँसोको कर्मचक्रमा घुमिरहेको हुन्थ्यो। भ्याल-ढोका थुनिएको अँध्यारो कोठामा पतिको शय्यामा म पुग्थें।

उनी भन्थे– प्यारी, तिम्रो आफ्नो मर्जी छैन मेरो बाहेक ?

म भन्थें– नारीको इच्छा पतिको मर्जीको कुरो हो।

आफ्नो इच्छालाई शून्य पारेर नारी जीवनको अवशेष यात्रामा हिंड्न सक्छे, बक्यौताको बोझ बोकी-बोकी– इच्छाले शून्य पारिएको जीवनबाट लोप भएको आनन्द र वेदनाले छाडेर गएको खोक्रो अस्तित्व– त्यही त थियो मेरो बाँकी रहेको सत्त्व। जब म भन्थें– हजुरको मर्जी मेरो इच्छा हो, त्यो वक्रोक्ति हुँदैनथियो। खोक्रो जीवनको तालमा अविश्रान्त किसिमको एक-एक पाइलो चालेर हिंड्दाको स्वाभाविक मानसिक प्रक्रिया थियो मेरो त्यो; जब म स्वेच्छाले चालित भएर यो नूतन सन्तुलनलाई बिगार्न चाहन्नथें। इच्छाको यस्तो लोप एक किसिमको मृत्यु होला, तर त्यस्तै स्थितिमा त बक्यौताको भार बोक्न सकिन्छ– आफ्नो रहर, इच्छा, कामना, आशाबाट आफूलाई हलुको पारेर।

जीवनमा एउटै बाटो छ र– आफू अवतीर्ण हुनुभन्दा पहिले नै कोरिएको जसको बालुवापथमा जीवनको गति जलजस्तो गुडिन्छ। मानिसले जे-जस्तो गरे-नगरे तापनि, त्यही एउटा निर्धारित पथमा उसले हिंड्नुपर्छ। मानिसको प्रयत्न पनि के त्यही एउटा बाटोमा हिंड्नका लागि गरेको पूर्वचेष्टा होइन, जसमा चेष्टाहीन भएर पनि त्यसैमा त्यो हिंड्ने थियो ? मानव प्रयत्न– उसको उद्योग, पुरुषार्थ– उसको प्रारब्धको नै अनुकूल हुन्छ क्यारे, जस्तो कि पुरुषार्थहीनता पनि हुँदो हो। मैले के गर्नुपर्थ्यो ? त्यो गर्थें र म ? र यदि गरेको भए पनि मेरो अर्को बाटो कोरिन्थ्यो र ? किन गरिनँ ? किन रेलबाट हामफालिनँ; किन विष खाइनँ ? किन शरीरमा आगो लगाइनँ ? किन धरहराबाट कुदिनँ ? कसले मेरो हात छेक्यो ? मेरो प्रारब्धले ? के प्रारब्ध त्यस्तो हृदयहीन प्रभु हो जो कसैलाई माफी दिंदैन– उसले पाउनुपर्ने बली प्रत्येक मनुष्यबाट एक-एक गरेर कौडी-कौडी, पला-पलाको हिसाब गरेर नसकुन्जेल। हाम्रो जीवन त्यही बक्यौताको तिराइ हो प्रारब्धको वज्र-हृदय साहूलाई ? मृत्युको सहाराले त्यसलाई छल्न पाइन्न। आखिर मृत्यु पनि त त्यसैको खटनको कुरा हो, उसले दिने फर्स्यौट हो, उसले दिने मुक्ति।

अँध्यारो पारेको कोठाबाट पति मलाई बोलाउँछन्– आउन्नौ प्यारी

म उठ्दै भन्छु– आएँ।

उनी मलाई भन्छन्– तिमीले बूढो पति पायौ।

म किञ्चित् हाँसेर भन्छु– लोग्नेमानिस पनि बूढो हुन्छ र ! र यो हजुरको चाला बूढोको चाला हो र ?

उनी खुसी हुन्छन् र मलाई आफूसँग टाँस्छन्, पतिको आग्रहले। र उनको अनुकूल हुन्छु पत्नीको प्रारब्धले। उनीसँगको सम्बन्ध सहज भैसकेको थियो, प्रारब्धको मेरो भोग स्वाभाविक।

प्रारब्धको भोग ? बीच-बीचमा मनमा उठिरहने यो विचार जीवन प्रारब्धको भोग हो– मेरो व्यथित हृदयको क्रन्दन थिएन, आर्तनाद थिएन त्यो। त्यो त यात्राको निरन्तरको धावनमा सुइँ-सुइँ गरेर तानेको श्वास थियो मेरो, आकुल-व्याकुल भएर कराएको होइन। पतिको अनुकूल भएर शय्यामा उनीसँग टाँस्सिएर सुत्दा पनि कहिले-कहिले बनारसमा उसको सम्झना आउँथ्यो, प्रारब्धले त्यो सम्झना पनि सजिलो पार्दै गएको थियो। लाग्थ्यो यो कस्तो भोग हो, त्यस दिन स्वयंवरको राती पछिको, आजको यो मेरो।

पलङबाट तल उत्रेर पतिले कुन्नि के भने। मैले पलङमा थचक्क बसेर चोलोको तना बाँध्दै सोचें– नियतिको एकोहोरो गति नै त प्रारब्ध हो नि।

पतिले भने– सुनिनौ ?

मैले भनें– के ?

उनले भने– सुख केमा छ प्यारी ?

उनी बडो प्रसन्न थिए। मैले उनको प्रश्नलाई राम्ररी बुझ्न सकिनँ। उनको मुख टुलुटुलु हेरिरहें। प्रारब्धको भोगमा सुखको चर्चा कहाँबाट उठ्यो, स्वेच्छाले लोप भएको भोगमा।

उनले भने– पुरुषलाई स्त्रीको प्रेममा।

उनी बडो सन्तुष्ट भए होलान्।

मलाई लाग्यो– प्रारब्धसँग अनुकूल हुनमा, सुख त कुन्नि सास भने सजिलै लिन सकिन्छ।

मैले उनको प्रसन्नता र सन्तुष्टिलाई बुझेर भनें– पत्नीलाई पतिको सुखमा। म हाँसेकी पनि थिएँ। उनलाई लाग्यो होला म पनि प्रसन्न छु। अप्रसन्न पनि त थिइनँ नि ! प्रसन्नता अप्रसन्नताभन्दा बाहिरको स्थितिमा।

त्यस स्थितिमा मेरो मनमा बारम्बार आइरहने कुरा थियो– मेरो कर्तव्य के थियो ? जब मेरो ठूलो दाजु मलाई लिन बनारस पुगे, के गर्नुपर्थ्यो मैले ? अब त्यो प्रश्नको पनि महत्त्व छैन प्रारब्धको अनन्त कुण्डलीमा बेरिइसकेपछि।

स्वयंवरको भोलिपल्टै उसलाई कलकत्ता जानु थियो। घरमा बिहाका सामानहरू पठाउनु छ रे– चाँडै फर्केर आइहाल्छु, उमा।

उसले मलाई दिउँसोतिर मेरो दुग्धविनायकको घरमा पुऱ्याइदियो। त्यही साँझ ऊ कलकत्ता गयो पञ्जाब मेलबाट; र त्यही रात दाजु आउनुभयो मलाई लिन भनेर छोटी लाइनबाट– अकस्मात्। दाजुसँग मेरो कहिले पनि खुलस्त व्यवहार थिएन, म डराएकी थिएँ उहाँसँग र कहिले पनि अदबमा आएर दोहोरो कुरा गरेकी थिइनँ। घरमा आमाबाहेक कोसँग खुलस्त थिएँ र; पुरुषको समाजसँग कहिले पनि हेलमेल हुन पाएकी थिइनँ। जब मैले दाजुलाई डराई-डराई भनें– दाइ, म अहिले जान्न घर। उहाँले, जस्तो कि उहाँको स्वभाव थियो रूखो ढङ्गले सोध्नुभयो– किन ?

मैले भनें– दाइ, मेरो परीक्षालाई अब केवल तीन महीना बाँकी छ।

उहाँले भन्नुभयो– अब कति पढ्छेस् । स्वास्नीमानिसले कति पढ्नुपर्‍यो । ठूली भइस्, बिहे गर्ने उमेरकी भइस् । अब कति पढ्छेस् ?

मैले भनें– म बिहे गर्दिनँ ।

उहाँले भन्नुभयो– भो, भो. यस्ता कुरा नगर् । बिहा नगरे गर्छेस् के ?

मैले भनें– म बिहे गर्दिनँ, दाइ ! गर्दिनँ ।

मेरो जिद्दी देखेर होला उहाँले अलिक नरम भएर भन्नुभयो– तेरो बिहेको कुरा कसले गरेको छ र अहिले ?

म किञ्चित् आश्वस्त भएँ । तर भोलि जाने तरखर गरेको देख्दा फेरि व्यग्र भएँ । मैले फेरि भनें– दाइ, म बिहे गर्दिनँ ।

उहाँले भन्नुभयो– बुझें, बुझें । ल हिंड् । बाआमाले किन बोलाएको हो, उहीं गएर जे भन्नु छ भनेस् ।

यहीं आएर लाग्छ– नारी सृष्टि हो भाग्यको– नियतिको अधीन, एउटा सृष्ट जीव । पुरुष– त्यस्तो सम्पूर्ण भावले नियतिको अधीन हुन्छ कि हुन्न, त्यो मलाई थाहा छैन । हाम्रो सृष्टि नै जुन रूपबाट भएको छ– पात्रको रूपमा-त्यसमा सक्रियता सम्भव छैन । त्यसैले होला शरीर र मन दुवैबाट हामी कोमल, नरम छौं, लल्याकलुलुक पर्ने जीव । तर दृढता हाम्रो स्वभाव होइन, जिद्दी हुनसक्लाउँ, हठ पनि गरौंला, तर दृढता– अहँ त्यो नारीले पाइन, यदि म पुरुष भएकी भए ! कुन्नि, के म केवल हतबुद्धि भएर व्यग्र मात्रै भैरहन्थें र ? ऊ पनि नभएको अवस्थामा सहारा नपाएर के कसो गर्नुपर्ने हो नबुझेर– दाजुको कठोर निर्णयका विरुद्ध दह्रो भएर उभिन नसकेर ? कुन्नि, एकचोटि आत्तिएर मैले दाजुसँग आफ्नो तमाम लज्जा त्यागेर भनें– दाइ, मेरो बिहा भैसकेको छ ।

आजकाल ठूलो घरको एकान्त बार्दलीमा बसेर म सोच्छु– मैले किन हातगोडा चालिनँ ? किन डाँको छाडेर कराइनँ दुनियाँले नै सुन्ने गरेर– मेरो स्वयंवर भैसकेपछि म अर्को बिहा गर्दिनँ ।

रणचण्डी भएर घर, समाज, माता-पिता, दाजु-भाइ सबैलाई तिलाञ्जली दिएर किन भनिनँ– म आफू हुन्छु । किन मैले पुरुषार्थ गरिनँ र यदि त्यो गर्न नसके पनि किन सदाका लागि सुती दिइनँ रेलतल या नदीको जलभित्र...... किन मृत्युलाई वरण गरिनँ ?

पुरुषार्थ– आफू हुनु..........नारीले ?

जीवनमा पराभूत भएपछि हृदयको निर्जनतामा उठिरहने तर्कहरू- किन यसो गरिनँ, किन उसो गरिनँ– आगो मरिसकेको त्यस्तो चिसो खरानी हो जसलाई म बसी-बसी उल्टीपाल्टी गरिरहन्थें यो जानेर पनि कि तत्त्वहीन थुप्रो हो त्यो जसमा अब आगोको सानो फिलिङ्गो पनि बाँकी छैन । यस्ता तर्कनाहरू आइरहन्छन् मनमा तर कहिले पनि विश्वास गराउँदैनन्– तर्कको प्रमाणले विश्वास हुँदैन । लाग्छ, म अरू केही गर्न सक्दिनथिएँ जे गरें त्योभन्दा अतिरिक्त ।

एकछिन चूप लागेर जब दाजुले भन्नुभयो– ल बुझें । बाआमालाई भनेस् । मलाई पनि लाग्यो– बाआमालाई भन्नु पनि उचित नै हो । यद्यपि म आशङ्काले व्यग्र थिएँ तैपनि त्यस समय मलाई लागेको थिएन मेरो सुखस्वप्नको यति छिट्टै भताङभुतुङ हुनेछ एउटा भुइँचालोमा परेर ।

म निमुखा भएर उभिरहें । तल हाम्रो मालमत्ता लगिसकेको थियो । दाइ पनि सिंढीबाट तल ओर्लिंदै हुनुहुन्थ्यो, भन्दै– ल अबेर हुन लाग्यो । गाडी छुट्ला । म

एकचोटि आफ्नो कोठामा फर्केर आएँ र हाम्रो चुल्लोचौको गर्ने हिन्दूस्तानी नोकर्नीलाई बोलाएर भनें– जमुना, उनी आए भने भन्नू, म चाँडै आउँछु– भनेर म गएँ।

जमुनाले सोधी– को, नानी ?

म एकछिन हतप्रभ भएँ। कसैलाई त थाहा छैन उनी को हुन्। मैले भनें– ऊ क्या मलाई कहिलेकाहीं लिन आउने, पुऱ्याएर जान्थे नि !

जमुनाले भनी– बुझेंबुझें, भनिदिउँला।

मैले उसको हातमा दस रुपियाँको नोट राखिदिएँ।

तल चोकबाट दाजु कराउँदै हुनुहुन्थ्यो– के गरिराछस्, उँभो। अबेर भयो।

रेलको यात्राभरि मनलाई सम्झाइरहें– आमा-बालाई भन्नैपर्थ्यो। आमाको अनुहार सम्झेर मन झन् स्थिर हुन्थ्यो– उहाँले केही गरेर पनि मेरो कुरा काट्नुहुन्न।

शङ्का लागेर एकचोटि बाटामा मैले दाजुलाई सोधें– काठमाण्डू किन जाने दाइ ?

उहाँले छोटो जवाफ दिएर रेलको झ्यालबाहिर आफ्नो टाउको पार्नुभयो– जहानै आएका छन् पशुपतिको दर्शन गर्न।

काठमाण्डू पुगेर सब कुरो छर्लङ्गियो। तमाम आयोजना मेरो बिहाको निम्ति रहेछ। यो नौलो ठाउँमा– यो बिरानो मुलुकमा– असहाय एक्ली भएर मलाई मेरो बिहाको विरुद्ध रुने कुराबाहेक अरू केही गर्न आएन। दिनभरि रोइरहें एक्लै अथवा जो सामुन्ने पऱ्यो उसैको अगाडि– बा, म बिहा गर्दिनँ। आमा, म बिहा गर्दिनँ।

बाले झर्केर भन्नुभयो– के भइरहेछ छोरी तँलाई ! केको हत्ते गरेकी यस्तो ! ठूलो घर पाउन थालिरहिछस्, धन-सम्पत्ति प्रशस्त भएको घर– रानी भएर बस्छेस्।

आमाले मेरो आँसुले भिजेको मुखलाई आफ्नो धोतीको फुर्कोले पुछ्दै भन्नुभो– नानी, किन रुन्छेस् ? असल घर देखेर बाले दुलाहा रोज्नुभएको छ। उमेर अलिक छिप्पिएको छ र त्यसले के भो, झन् रिझाउन सक्लिस्। हामी आइमाईको जात जस्तो भयो त्यस्तैमा रमाउनुपर्छ। नरो छोरी नरो।

बूढी आमालाई कसरी सम्झाऊँ, मेरो मनको कुरा ? मैले रोएको देखेर त्यसै उहाँ व्यथित हुनुहुन्छ। कसरी उहाँले बुझ्ने कि मेरो दुलाहा बूढो हुन लाग्यो भनेर म रोएको होइन, मेरो त बिहा भैसकेको छ, आमा !

आमाले आत्तिएर भन्नुभो– के भन्छेस् नानी, कस्तो बिहा ?

मैले आमाको काखमा मुन्टो घुसारेर धुँक्क-धुँक्क गर्दै भनें– हो आमा, मेरो स्वयंवर भैसकेको छ। बनारसमा एउटा साथीसँग।

आमा रुन थाल्नुभो र भन्नुभो– यस्ता कुरा नगर्। तेरो बा गरीब भएर के भो, इज्जत छ, नानी ! मलाई त भनिस् भनिस्, अब कसैलाई यो नभनेस्।

मैले आफ्नो स्वयंवरको कुरा आमालाई भनेकोले परिवारमा झन् उल्टो असर पऱ्यो। दाइले पनि बालाई भनिसक्नुभएको रहेछ।

बाले रिसाएर भन्नुभो– मेरो नाकमा गू लाउँछु भनेको ? बरु मलाई सेरिदे, ल्या खुकुरी।

आमा कोठाको कुनामा दिनरात धुरुधुरु रोइरहन लाग्नुभो।

घरको यो रुवाबासी, बा र दाजुको कठोर व्यवहार र यो नौलो ठाउँले मेरो बुद्धि झन् हरायो। नारीको प्रारब्धले कर्तव्याकर्तव्यको ज्ञान मबाट लोप गरायो– विपत्तिको अचिन्त्य मारले म शक्तिहीन भएँ, संज्ञा-प्रेरणाशून्य, सिंहको अगाडि परेकी हरिणीजस्ती।

आँसुले धमिलो पारेको आँखाले मेरो बिहाको आयोजन अखण्ड रूपले चलिरहेको देखिरहन्थें म हतबुद्धि भएर। बिहा सानो किसिमबाट गर्ने रे– पशुपतिको जङ्गलमा गएर– विधि मात्रै पुऱ्याउने रे........ दोस्रो बिहा भएकोले दुलाहालाई ठूलो किसिमबाट बिहे गर्ने इच्छा छैन रे...........।

काठमाण्डूमा हाम्रो घरपतिको कान्छो छोरो– १५-१६ वर्षको हुँदो हो। ऊ कहिले-कहिले मेरो कोठाको अगाडि आई उभिएर भित्र हेर्थ्यो। म उता ध्यान दिन्नथिएँ। एक दिन उसले सोध्यो– दिदी, किन त्यसरी रोइरहेको ?

मलाई उसको बोली बडो मायालु लाग्यो।

अब यी सब कुरा सम्झेर पनि केही अर्थ छ र ? केही छैन। तमाम कुरो सिद्धिसकेपछि, साङ्गोपाङ्ग भैसकेपछि। मैले केही सन्तोष लिन सकें भने यही एउटा कुरा लिन सक्छु कि मेरा दुलाहा सन्तोषमा छन्, मबाट सुखी। प्रारब्धको भोगमा मेरो आर्जन भन्ने हो भने यही एउटा कुरालाई भन्नुपर्छ कि मेरा दुलाहा असल छन्। असल दुलाहा मात्र पर्याप्त हुँदैन भने– त्यतिले सुख पाईंदो रहेनछ भने ?

मेरो बिहा भएपछि मैले माइतलाई चटक्क बिर्सिएँ। बाबु, दाजुहरूसँग कहिले पनि न्यानो मायाको सम्बन्ध मेरो थिएन। गाउँमा मेरो केटाकेटी दौंतरी साथीहरू पनि भएनन्। पढ्नलेख्नमा मलाई लगाइदिएकोले दिनभरि अरू गाउँका केटाकेटीहरूसरह खेतबारी, वन चहारी हिंड्न पाउँदिनथिएँ, जसले गर्दा स्मृतिमा त्यहाँका दृश्यहरूको छाप बलियोसँग पर्न पाएन। हो, आमाको भने बारम्बार सम्झना आइरहन्छ। कहिले-कहिले बडो विरक्तिमा आएर सरापेर भन्न मन लाग्छ– उहींले हो मेरो यो गति पारेको। बनारसबाट दाजुसँग नेपाल आउँदा मेरो सबभन्दा ठूलो भर उहाँमाथि राख्दै आएकी थिएँ। तर उहाँले मद्दत गर्नु सट्टा झन् रोईरोईकन मेरो सङ्कल्पलाई कमजोरमाथि कमजोर बनाइदिनुभयो। मेरो सङ्कल्प नै के थियो र, तर आमाका आँसुको अगाडि म हतबुद्धि हुन्थें।

आमाबाहेक घरमा मसँग सहानुभूति गर्ने कोही थिएन। सानी छँदा हप्कीदप्की खाएर रुँदै म उहाँकहाँ पुग्थें र उहाँको फरियामा मुन्टो गाडेर रुन्थें। उहाँ मलाई मायाले अँगाल्नुहुन्थ्यो र भन्नुहुन्थ्यो– किन रुन्छेस् उमा, स्वास्नीमानिसले दुःख सहन सक्नुपर्छ, अर्काको खटनमा बस्नुपर्ने जातले।

आमाका यस्ता कुराले मन झन् झन् कमजोर हुन्थ्यो। म भीरु, डरछेरुइ, कातर हुँदै गएँ। लाज पनि मलाई बिछट्टै आउँथ्यो। निमुखा भएँ। मेरी आमा पनि त्यस्तै हुनुहुन्थ्यो। उहाँलाई देख्नेबित्तिकै लाग्थ्यो-सदैव उहाँलाई डरले छोपेको छ र उहाँ आफूलाई कतै लुकाउन चाहनुहुन्छ। उहाँको गोरो, दुब्लो-पातलो अनुहारको कोमलतामा कतै पनि दृढताको भाव रहँदैनथियो; आँखा सदैव रसाएका जस्ता। उहाँको बोली कहिले पनि साउतीभन्दा उच्च स्वरमा उठेन। पुरुषहरूले हैकम गरेर चलाएको घरमा नजानिंदो किसिमबाट आफ्नो अस्तित्वलाई सूक्ष्मतम पारेर मेरी आमा हाम्रो गृहस्थीमा बस्नुभएको थियो। उहाँको मलाई अर्ती पनि त्यसै हुनुपर्छ भन्ने हुन्थ्यो– नानी, हामी स्वास्नीमानिसहरू प्रारब्धका सन्तान हौं। जे परिआए पनि प्रारब्धको भोग हो भनेर खेप्दै जानुपर्छ, उमा !

बा, दाजुहरू कहिले पनि मलाई आफूसँग बाहिर लग्नुहुन्नथियो। म रुन्थें। आमा भन्नुहुन्थ्यो– छोरीबेटीले बाहिर जाने रहर गर्नु हुन्न। घरभित्रै उसले बस्नुपर्छ जीवनभरि।

म रोईरोई भन्थें– भाइ मेला हाट जान्छ। पीपी बाजा किन्छ। म भने केही पनि पाउँदिन, आमा!

आमालाई यो स्वाभाविक व्यवस्थाजस्तो लाग्थ्यो। उहाँ भन्नुहुन्थ्यो– भाइ त लोग्नेछोरा हो, उमा! त्योजस्तो हुने रहर नगर।

म बिलौना गरेर धेरैबेर रोइरहन्थें र आमाको काखमा निदाउँथें। बिउँझिएपछि आमा मेरो मुख पुछिदिनुहन्थ्यो र कपाल कोरिदिनुहुन्थ्यो– हेर लिखैलिखा परेको कपालमा!

अनि मिस्रीका, छोहोराका, नरिवलका टुक्रा दिएर भन्नुहुन्थ्यो– ल यहीं बसेर खा। मुख पुछेर बाहिर जानू।

यस प्रकार गुप्त प्रेम पाउँदै आएर मलाई आमाको बडो भरोसा थियो। घरभित्र एउटा त्यस्तो एकमात्र कुना हामीले आफ्नो मायाद्वारा न्यानो पारिराखेका थियौं जहाँ आमा र छोरी एकान्तमा बसेर भरोसा र सुखको अनुभव गर्थ्यौं। बाहिर पुरुषको त्यस्तो लोकबाट सुरक्षित भएर जहाँको हाहाहीही, डाँको स्वर र हप्कीदप्कीको दुनियाँमा हाम्रो प्रवेश थिएन।

दुलाहाका घरमा एक्लै आमालाई सम्झेर बसिरहँदा आजकल पो लाग्छ– म कस्ती नादान थिएँ कि त्यस्ती निरीह प्राणीबाट मद्दत पाउँला भनेर आशा गर्ने। उहाँले कहिले पनि रुनबाहेक अरू केही कुरा गर्न जान्नुभएन, कुनै विपत्ति पर्दा– कस्ती कोमल हृदयिनी हुनुहुन्थ्यो। तर प्रारब्धको विरुद्धमा कसैले के मद्दत गर्न सक्थ्यो र? आमाले मद्दत गर्न खोजेको भए पनि मेरो प्रारब्धको अगाडि के चल्थ्यो र उहाँको। निरन्तर आँसु बगाएर उहाँले बस मेरो प्रारब्धलाई मद्दत पुऱ्याउनुभयो।

मैले उपाय पनि नगरेकी होइन– काठमाण्डूको हाम्रो घरपतिको कान्छो छोरालाई- १५-१६ वर्षको हुँदो हो, आफ्नो हातको सुनको बाला दिएर भनें– भाइ, एउटा मद्दत गर मलाई।

उसले मायालु स्वरमा मलाई सोध्यो– के भो, दिदी किन दिनभरि रोइरहनुहुन्छ? दुलाहा बूढा हुने भए भनेर दिदी? मैले आफ्नो हृदयलाई बडो संयमित पारेर भनें– होइन, होइन। भाइ, एउटा मद्दत गर। बनारस गएर उनलाई बोलाएर ल्याऊ; भन्नू– मेरो बिहा गरिदिन आँटे, आमाबाले– चाँडै आऊ, चाँडै आऊ भनेकी छ भन्दिनू।

उसले छक्क परेर सोध्यो– कसलाई दिदी?

मैले बनारसको ठेगाना दिएँ र भनें– तिम्रो खर्चलाई यो सुनको बाला छ। जान सक्छौ बनारस?

उसले भन्यो– किन सक्दिनँ? एकचोटि पढ्न भनेर म त्यहाँ गएको थिएँ। पछि भागेर फर्की आएँ।

मैले भनें– चाँडै-चाँडै जाइहाल, हवाईजहाजको टिकट किनेर।

उसलाई पठाएको दुई दिन त मलाई निश्चिक्कजस्तो लाग्यो। सोचें, केही न केही उपाय उनले गरिहाल्छन्। मेरो चिट्ठी पाउनेबित्तिकै दौडँदै आउलान् र मेरो उद्धार

गर्लान् । यता धेरै दिनदेखि मेरो जीउ त्यस्तो हलुको भएको थिएन । आशा र विश्वासमा मेरो उदासी बिलाएर गयो । काठमाण्डूको यो मेरो पहिलो यात्रा थियो । मलाई लाग्थ्यो, शहर रमाइलो होला । म बार्दलीमा गएर गल्लीको कुना-कुनासम्मको शहरलाई हेर्थें । आकाशको सानो टुक्रालाई देखेर मलाई आफू पर्खेर बसेकी छुजस्तो लाग्थ्यो । दुई दिनपछि मलाई फेरि आशङ्काले ग्रस्त पार्न थाल्यो । आएन भने ? घरपतिको छोराले उनको कमच्छाको डेराको पत्ता लाउन सकेन भने ? म आत्तिएँ । एउटा अर्को पनि कारण थियो मेरो व्यग्रताको । मेरो महिना हिजो नाघ्यो, म पर सरिनँ । यो नूतन सम्भावनाले ग्रसित भएर म कोठा र बार्दली, फेरि कोठा गर्न थालें र शङ्काले सोच्न थालें– उनी आएनन् भने ? अब त झन् लाग्यो, हाम्रो सम्बन्ध नमेटिने गरी स्थापित भैसकेछ मेरो शरीरमा । म नयाँ प्रेमले फेरि उनका लागि व्याकुल भएँ– हे भगवान् !

तर मेरो केही लागेन । ऊ चौथो दिनमै फर्केर आयो र भन्यो– दिदी उनी छैनन् रे बनारसमा ।

मैले विह्वल भएर सोधें– कहाँ छन् रे ?

कुन्नि ।

मैले फेरि सोधें– घर त फेला पार्‍यौ ?

किन पत्ता लाउन सक्दिनथिएँ र ! त्यही एकतले पहेंलो घर होइन ? ठूलो फलामे फाटक भएको जसको छेउमा चौकीदार पनि बस्छ, जुंगे ।

मैले एक रात त्यस घरमा बिताएकी हुँ । तर मलाई घरको कुनै प्रकारको सम्झना छैन, कस्तो घर थियो, कुन रङ्गको र त्यसको फाटक कस्तो थियो र चौकीदार कस्तो ।

मैले अधीर भएर सोधें– अनि ...........?

उसले भन्यो– चौकीदारले भन्यो, बाबू बेपत्ता हुनुहुन्छ । एकचोटि आउनुभयो, त्यसपछि गएको गयै हुनुहुन्छ । मालमत्तासम्म त्यसै छाडेर जानुभएको छ । घरको मालिकले आफ्नो ताल्चा मारिदिएको छ घरमा । दिदी, मैले तपाईंले दिएको चिट्ठी चौकीदारलाई दिएँ । उसले भन्यो– उः त्यो झ्यालबाट भित्र कोठामा खसाइदिनू । धेरै चिट्ठी उनका त्यसरी नै थुप्रिरहेका छन् ।

म हतास भएँ । म फेरि आमाकहाँ पुगें । उहाँ कोठाको अँध्यारो कुनामा बसेर दुना गाँसिरहनुभएको थियो । भनें– आमा, मैले पेट बोकिसकेकी छु ।

आमाले घाइते आँखाले मलाई हेर्नुभो । तत्काल उहाँको आँखामा ठूल्ठूला आँसुका थोपा बन्न थाले । उहाँले मलाई हेरेको हेर्‍यै बरबर आँसु खसाउन थाल्नुभो । त्यो निरीहतालाई देखेर म झन् हतबुद्धि भएँ । मैले भनें– हो आमा, मेरो बिहा भैसकेको छ । मैले अर्काको गर्भ पनि धारण गरिसकेकी छु । अस्ति पर सर्नुपर्ने, सरिनँ । आमा ! किन बोल्नुहुन्न, आमा, किन ?

उहाँ भने टोल्लाएर रोइरहनुभयो । त्यसपछि म पनि टोल्लाइरहें । त्यही स्थितिमा मेरो विहा भयो– टोल्लाएको स्थितिमा ।

त्यसरी मेरो अर्को स्वयंवर भयो, यसपालि पनि खिज्याउने परिहासजस्तो– स्वयंवर नै भयो । दुलाहाको द्वितीय विवाह भएकोले छोटकरीमा सिद्ध्याउने हेतुले– उनलाई ठूलो समारोहको आकिह थिएन रे । केवल अत्यावश्यक धार्मिक क्रिया सम्पन्न गराएर मलाई एकलौटी पार्ने विधि मात्र गर्ने रे । यसपालि पनि माला साटासाट र

विडम्बना पनि कस्तो कि यसपालि पनि शिवलाई नै साक्षी राखेर उनको पशुपति जङ्गलमा। म भने चेतनाशून्यजस्ती थिएँ, यो दोस्रो पटक। आमा पनि डेरामा चेतनाशून्य भएर लडिरहनुभएको थियो रे, वेदनाले। अरू भन्थे– छोरीको मायाले, तर मैले बुझेकी थिएँ कुन धार्मिक वेदनाले उहाँ आहत भएर बिछ्यौना समातेको समात्यै रहनुभयो, जुन दिनदेखि म वत्‌बुद्धि भएर सहारा र सहायताका लागि भनेकी थिएँ– म गर्भवती छु, आमा !..........

स्वयंवरपछि म अर्काकी भएँ र लगत्तै अर्काको घरमा भित्रिन पुगें। बिहाको रात प्रत्येक नारी शायद राजी हुन्छे, त्यसैले त उसका लागि त्यो रात त्यस्तो आयोजना हुन्छ। मेरो बिहा जस्तोसुकै छोटकरीमा सिद्ध्याएको भए पनि मेरो 'मधुयामिनी' नसिद्धिने एउटा कालरात्रि थियो। जसलाई धूप र फूलहरूको गन्धले मात्र मलिन पार्न सक्ने त्यस्तो झकझकाउँदो वासगृहको अग्लो शय्या। मेरो त्यस्तो मानसिक स्थितिमा पनि मलाई लाग्यो कि त्यहाँका यावत् वस्तु नग्नता, मलिनता र धूमिलतामा निमग्न थिए। एउटा यस्तो कुरुचिले व्याप्त थियो वातावरण जस्तो कि केवल प्रेमशून्य यौनको आदान-प्रदानमा हुन्छ। यी सब कुरा त मैले भोलिपल्ट पो सम्झेको कि वेश्यालयको कुत्सित, फोहोरी, मैलो धब्बाले भरिएको जस्तो त्यो थियो अन्तःपुर। त्यसैले त पवित्र हुनका लागि कति बेरसम्म लगाएर त्यस बिहान मैले नुहाएकी थिएँ; कुनै पनि मलिनताको धब्बा शरीरमा रहन नपाओस्; पवित्र नै रहोस् यो मेरो शरीर जहाँ केवल १३ रात्रिपहिले एउटा सुचितम दैवत्वले प्राणप्रतिष्ठा पाएको थियो। धारातल सचैल स्नान गर्दा मैले आफ्नो शरीरलाई लक्ष्य गरेर भनेकी थिएँ– यो मेरो इष्टदेवले टेकेको ठाउँ हो तीर्थस्थल। हे प्रभु ! यसलाई पवित्र रहन देऊ।

बिहाको रात ममा यस्ता कुनै विचार आएका थिएनन्। भावनाशून्य भएकी म विवाहको बाक्लो पहिरनले किच्चिदै कुन्नि कसको सहाराबाट बिछ्यौनासम्म पुगेकी थिएँ, मलाई पुऱ्याउने व्यक्तिको हातको सहाराबाट छुट्नेबित्तिकै म तल भुइँबिछ्यौनामा त्यसै आफूलाई थाम्न नसकेर एक डल्लो भएर थुप्रिएँ। एकछिनपछि दुलाहा आए– दुलाहा, किनभने उनले बडो स्वाधिकारसँग मलाई उठाएर बिछ्यौनामाथि लगे। शय्याका उपर फेरि म एउटा थुप्रो भएँ। लाग्थ्यो, ममा कुनै किसिमको शक्ति बाँकी थिएन– मेरो शरीरका यावत् जोर्नीहरू लल्याकलुलुक थिए। उनले मेरो चिउँडोलाई हातले उचालेर मेरो मुख माथि पारे र मेरो शरीर पनि आफ्नो अनुकूल तुल्याएर भने– कान्छी, प्यारी !

मलाई आश्चर्य त्यस समयमा केही पनि लागेन। उनले भने– किन नबोलेकी प्यारी ! कस्तो लाज ? केको लाज ?

लज्जा मलाई पटक्कै थिएन। लज्जा पनि त भावनाको एक प्रकारको प्रतिक्रिया हो। उनलाई लाग्यो मेरो सहयोगको कमी र शरीरको त्यस्तो परित्यक्त रूपमा निसन्कह मेरा लज्जाबोध कारण छ। उनले सुरुमा होला शायद मेरो प्रतिक्रियालाई पर्खिंदै, बिस्तार-बिस्तार मसँग आचरण गरेपछि केही हतारमा आएर एक-एक गरेर मेरो लुगा फुकालिदिए– म एकदम विर्वस्त्र भएर उत्तानो परीकन– मेरो २२ वर्षको उमेरलाई उघार्दा, मलाई कुनै किसिमको लज्जाको अनुभव भएन। लज्जाको मात्र के, कुनै किसिमको प्रतिक्रिया भएन ममा– मानौं, घटना मेरो अनुभवको क्षेत्रमा परिरहेको छैन। मृतात्मा त्यसरी नै आफ्नो शरीरलाई चितामा चढाएको देख्दो हो; त्यसरी नै आफ्नो शरीरलाई, अनाग्रहताका साथ या एकदम अनुभवशून्य भएर, खरानी भएको देख्दो हो।

त्यस्तै स्थिति त हो नि मृत्यु– सजगता, जस्तो ममा न थियो न होला, तर त्यस्तो अनुभवशून्यता, सचेतनताको त्यस्तो लोप केवल मृत्युमै हुन्छ– शरीर पोलिन्छ पीडाबोध हुँदैन, नग्न हुन्छ तर लज्जाबोध हुँदैन । मर्नुभन्दा पहिले म त्यसरी एकचोटि मरिसकेकी छु ।

उनले एकछिनपछि धोद्रो बोलीमा पुकारे– प्यारी !

रात्रिको अन्धकारमा ध्वनित थियो मृत्युको त्यो आवाज । उनी बिछ्यौनाबाट जुरुक्क उठेर बसे र मलाई समातेर हल्लाए– प्यारी, प्यारी ! म हल्लिएँ– कुम र घाँटीका जोर्नीहरू लल्याकलुलुक गर्दै– केही उत्तर नपाएर उनले भने– थाकिछौ सुत ।

अनि मेरो शरीरको लुगा मिलाइदिए ।

मेरो आँखा उघ्रेको थिएन शायद, मेरो शरीर पनि आफ्नो काबुमा थिएन, माटोको मूर्तिजस्ती थिएँ– केवल चेतनाको एउटा द्वार खुलेको हुँदो हो जसको अँध्यारो दुलोबाट म आफ्नो लाशलाई हेरिरहेकी थिएँ– त्यसलाई उल्टाईपल्टाई गरेको, त्यसको चिसो ओठको म्वाई खाएको, त्यसलाई आलिङ्गनमा किचेको । फेरि क्लान्त सम्झेर त्यसलाई पन्छाएको–

लगत्तै एकछिनमा मैले फेरि सुनें उनी घुरेको– सन्तोषपूर्ण विश्रान्तिको ध्वनि– घ्यार्र घ्यार्रर...........

आँखामा जाली लागेको जस्तो– एकनासको अँध्यारोले छोपेको जस्तो जगत्, भित्र मनमा पनि– चेतनाको आकाशमा त्यही कालो धमिलो बादल टम्म छाएको– प्रत्येक क्षणको योगपछि त्यसको ध्वाँसिएको अनुभव भएको जस्तो, कालो छानामा झुन्ड्याइएका सुकुटीका साँप्राजस्ता प्रत्येक क्षण, प्रत्येक अनुभव, प्रत्येक घटना मेरो जीवनको धुकधुकी पनि एउटा कालिमामय शून्यतामा चुर्लुम्म भएको ।

र यदि रातको कुन प्रहरमा हो कुन्नि मेरो सचेतनता तीव्र भएर नजागेको भए– अनुभवको पोल्दो दर्शनले हठात् म छटपटाएर जाग्रत नभएकी भए म त्यस रात मरिसकेकी थिएँ । अनुभव र सचेतनताको पहिलो चोट जब मेरो मर्ममा पऱ्यो मेरो चेतनालाई केवल एउटा असह्य भावनाले ग्रसित गरिरहेको मैले पाएँ– लाग्यो, म रौरवमा जाक्किएकी छु अत्यन्त घृणित भएकी छु फोहोरमा आपाद मस्तक डुबेर । मेरा दुलाहा सानो स्वरमा घुर्दै निदाइसकेका थिए । निदाएको अनुहार पनि घृणित हुन सक्दो रहेछ– सन्तोष पनि कस्तो कुरुचिपूर्ण । कोठामा फूल बासी भएर गन्हाउन थालिसकेको जस्तो थियो; बिछ्यौनाभरि किचिएका फूल पंखुरीहरू कुहिसकेका थिए । लाग्थ्यो, पुतलीहरू किचिएर बदरङ्ग भएर गन्हाउन थालेका छन् । धूप कुन्नि कहिले निभिसकेको तर त्यसको गन्ध अझै बाँकी थुनिएको कोठाको हावामा– त्यस्तै बासी गन्ध– कोठामा एक प्रकारको दुर्गन्ध व्याप्त थियो; मानौं कुनै नर्कवासी प्राणीको बासी मुख उघ्रेको छ त्यहाँ । पेटका उपरको पाप्रोमाथि हात पर्दा मलाई लाग्यो, अब म थाम्न सक्दिनँ । निस्सासिंदै म कोठाबाट बाहिर आएँ र नुहाउने कोठाभित्र पसें । तै बान्ता भएन ।

त्यसपछि सुचिताका लागि नुहाउन लागेको रातभरि नुहाइरहें– लाग्यो, शरीरमा म कलुषताको अणुसम्म रहन दिन्न । खूब दली-दली नुहाएँ– रात्रिको र हिजो दिउँसो स्वयंवरको कुनै चिह्न आफ्नो शरीरमा रहन दिइनँ । सेतो मलमलको साडी र सुती चोलो लगाएर बार्दलीमा आएँ– प्रभातको पुनीत क्षणबाट आफ्नो शरीरको अकलुषिततालाई पुनः प्राप्त गर्न ।

पवित्रता के मनको कुरो हो ? 'मन चङ्गा तो कठौती में गङ्गा ?' त्यसो भए किन मलाई बारबार अपवित्रताको अनुभव भइरह्यो। त्यस बिहानभरि मलाई किन लागिरह्यो कि म बिटुलिएकी छु ? मेरो मनमा त कुनै प्रकारको विकृति आएको थिएन : बस झन् बढी प्रेमनिमग्न भएकी थिएँ म– लाग्थ्यो, पराइकी हुन पुगेर म आफ्नोकी झन् नजिक भएकी छु। यस तेह्र दिनभित्र यदि मेरो प्रेमको असीमतामा वृद्धि हुन सक्थ्यो भने प्रेम झन् बढेको थियो। तन्मयता र एकाग्रतामा पुगेर मलाई लाग्थ्यो, मेरो जीवन अब प्रेमको एउटा निर्धूम अग्निशिखा मात्र रहन गएको छ।

बुझ्दिनँ म यी सब कुरा, यद्यपि यी सबकुरा मनमा उठिरहन्छन्। कहिले-कहिले लाग्छ– नारीको शरीर पनि प्रेमको अंश हो; नारी प्रेम न केवल हृदयले गर्छे, शरीरले पनि गर्छे । आखिर प्रेमको बीउलाई जतिसुकै हार्दिक भए तापनि त्यसको शरीरले नै धारण गर्छ। मैले सहसा सम्झिएँ– म गर्भवती छु।

मनको कुन कुनामा होला यो अनुभव भएको कि नारीप्रेम शरीर र मनको दान हो। गङ्गाको पवित्रता गङ्गाजीमा मात्रै प्राप्त हुन्छ– कठौतीकी गङ्गा मनकी भएकीले केवल आधा गङ्गा मात्र हो। त्यसैले होला रातभरि फोहोरमा गाडिएकी जस्ती भएकी थिएँ; त्यसैले यत्रो आयोजना र पूजामय एकाग्रतासँगको मेरो त्यस बिहानको स्नान र स्नानोपरान्त बार्दलीमा ब्रह्ममुहूर्तको पावनताले चोखिने त्यस्तो खाँचोको अनुभव मलाई भएको।

तर काठमाण्डूको त्यस प्रभातले कस्तो बासी मुख लिएर आएको। पूर्वपट्टिका ठूल्ठूला घरहरूले सूर्योदयलाई सदाका लागि ढाकिदिएका थिए। त्यसो हुनाले उज्यालिँदै आएको आकाश तल उघ्रिँदै आएका सडक घरहरूजस्तै लाग्थ्यो, कुनै जाली प्रकाशले उज्यालो भएका छन्। सूर्य यहाँ उदाउँदैन। सडकमा हिंड्न थालेका मानिसहरू हुस्सु पातलिँदै गएपछि लाग्थे– सिधा प्राप्त प्रेतात्मा हुन्, कात्रो अझै फ्याँक्न नपाएर फाटफुट निस्किएका। टुकुचाको मैलो पानी फोहोर बम्बा तल बगिरहेको थियो। जल छ, स्रोत छ, ध्वनि पनि छ कलकल तर स्वच्छ सुचिताको ठाउँमा प्रवाहित भैरहेछ धूमिल कलुषता। मेरो गार्हस्थ्य-जीवनको प्रारम्भ त्यसरी नै भयो– अब मृत्युपर्यन्त गृहस्थीको असुचिताको दलदलमा फसेर मैले जीवन बिताउनुपर्ने भयो– सूर्य नउदाउने लोकमा एउटा बासीपनले घेरिएर हरघडी आफूलाई चोखो राख्ने प्रयत्नमा। रोज बिटुलिनुपर्थ्यो र रोज म आफूलाई धोइपुछी गरेर पवित्र पारिराख्थें। र यस कुराको सन्तोष थियो कि मैले शरीरलाई अपवित्र हुन दिएको छैन। मेरो गर्भमा रहेको बीउले लाग्थ्यो क्षण-क्षण हुर्किरहेको सन्तानले कोखको एउटा क्षुद्र स्थानबाट नै पनि मेरो तमाम देहका उपर कुनै मन्त्रले यही एउटा पावनताको आभा मढिदिएको छ। लाग्थ्यो– गर्भवती नारी कलुषित हुनै सक्दिनँ।

केही दिनपछि नै,

सधैं मलाई जुरुक्क बिछ्यौनाबाट उठेर मुख थुन्दै नुहाउने कोठाभित्र पसेको देखेर एक दिन उनले भने– उमा, के भयो तिमीलाई ?

बिहानपख उनले केही चिन्तित स्वरमा भनें– पेट दुख्छ रे, डाक्टर बोलाउनुपर्‍यो कि ?

मैले मुखमा बटुलिन खोजेको पानीलाई घाँटीतलै किचेर राख्ने प्रयत्न गर्दै भनें– पर्दैन।

काठमाण्डूले बिहानको बासी मुख बाइरहेको थियो। बार्दलीबाहिर बिहानको चिसोमा लटपटिएको रातभरिको बाफिलो गन्दगी। गर्मीको याम– तर गर्मीको राप नभएको– गुम्म बाफिएको तातो मात्र सेलाइसक्न थालेको जस्तो। मैले थाम्न नसकेर थुक र ऱ्याल पेटबाट उम्रेर आएको हावाको गुब्बारालाई एउटा वाक्कको ध्वनिमा बार्दलीबाट बाहिर फ्याँकें– गिद्धको बिष्टाजस्तो त्यो तल भुइँमा फ्यात्त छरियो।

मैले उनीपट्टि पटक्कै ध्यानै नदिएर फनक्क फर्केर कोठाभित्र आएँ।

उनी अन्यौल मानेर उभिइरहेका होलान्।

तर के कहिल्यै उनले मलाई प्रत्येक राती आफ्नो फोहोर पसिने आलिङ्गनमा राख्न बिर्से र– अन्धो प्रागऐतिहासिक भुइँमा पेट घस्रेर हिंड्ने थुतुने जनावरले समातेको जस्तो मलाई चिप्लो त्यही पाशमा नाक-मुखबाट बाफ र च्याँट्ठिएको (Grunts) ध्वनिको मुस्लो ओकल्दै। त्रास या भय थिएन मलाई त्यस जङ्गली पकडाइमा, घृणाको आवेश पनि बटुल्न सक्दिनथिएँ– लाग्थ्यो, फोहोरको दलदलमा मैले उद्धारको केही प्रयत्नमा हलचल गरें भने झन्झन् फोहोरमा भास्सिनेछु। त्यति पनि सजगता थिएन क्यारे मेरो सारा चेतनामा, केवल असुचिताको भाव व्याप्त थियो।

तर यो पनि होइन कि मैले गृहस्थीलाई, भावनाशून्य भएर नै सही स्वीकार गरें। विरोधको हातगोडा नचालेर पत्नीत्वको दैनिक प्रवाहमा आफूलाई छाडिदिएँ– अहँ, त्यसो गरिनँ। शुरु सुरुमा विरोधका साना-ठूला प्रदर्शनले मैले त्यस सानो गृहस्थीमा पर्याप्त हलचल पनि ल्याएकी थिएँ। मेरो सादा– एकदम वैध स्वरूपलाई लक्ष्य गरेर दुलाहाले भनेका थिए– किन कान्छी, किन त्यस्तो उदास पहिरन गरेकी ?

आवश्यकताभन्दा बढी उत्तेजनामा आएर भनेकी थिएँ– के दुलही हुँदैमा मैले आफ्नो सानोतिनो इच्छाको पनि इतिश्री गर्नुपर्छ ? दासी छु भन्दैमा के मेरो हृदयका तमाम इच्छाको लोप भएको छ र ?

यति भनेर उठेर कोठाबाट फुत्त बाहिर आएँ। उनी कोठामा एउटा अनौठो ध्वनि अत्यासको झिकेर बसिरहे।

एक दिन मैले आफ्ना सारा लुगाफाटा नोकर-चाकरलाई बाँडिदिएँ। उनले विस्मयमा सोधे– के गरेकी ?

मैले आकारणमै व्यङ्ग्य गरेर भनें– देखिबक्सँदै छ के गरिरहेकी छु।

उनले मेरो क्रोधलाई बुझेर शान्त स्वरमा भने– तर ती लुगाफाटाहरू किमती छन्; उनलाई सस्तो बलियो घरकाज गर्दा हुने किसिमको लुगा दिए भैहाल्छ नि।

मैले व्यङ्ग्यलाई त्यागेर उनको मर्मलाई लाग्ने गरी भनें– यी मैले माइतीबाट ल्याएका कपडा हुन्। तपाईंको घरको छोएकी छैन।

उनले फेरि अत्याहटमा आएर भने– ल ल जे मन लाग्छ गर, यो घर पनि तिम्रै हो– मेरो भन्दा बढी।

को हुन् उनी जसको यसरी मैले विरोध गर्न थालें। गृहस्थीको पहिला केही दिन त मैले उनलाई देखेकै थिइनँ– फोहोर कुराको ठूलो चिसो भानले भरिएको भासबाहेक, कुहेको दलदल जसको आलिङ्गनलाई म भासमा जाकिएको भन्थें ? व्यक्ति भनेर देखेको थिइनँ– प्राणी भनेर सोच्दा पनि जसको कल्पना मेरो मनमा केवल त्यस्तो थुतुनोको हुन्थ्यो जो तीतो ज्वाला र अमानवीय ध्वनि मात्र झिक्थ्यो, दलदलमा निवास गर्ने कुनै जनावर पेटबाट घस्रिने। तर यता मैले उनलाई एउटा मानवको रूपमा लिन थालें–

त्यसैले त उनको तमाम चेष्टालाई विरोध गर्न थालें। उनका सानातिना मनोभावलाई बुझेर तिनको नाकदरी गर्न थालें। तिनलाई शत्रु बनाएर उभ्याएँ...... 'अहँ' भन्न थालें। उनलाई हरप्रयासले चोट पुऱ्याउन थालें। तर एक दिन मलाई लाग्यो– त्यसरी नै सही, शत्रुताको सम्बन्धले नै सही मानिसको सम्बन्ध स्थिर हुन गएको छ उनको र मेरो बीच।

मेरो धेरै प्रकारको विरोधलाई चूप लागेर सहन्थे उनी, व्यग्र हुन्थे, उदास, दुःखी हुन्थे। भन्थे– जे मन लागे पनि गर, जसरी पनि तिमी सुखी होऊ यस गृहस्थीमा, त्यै गर।

तर कहिले कहिले मेरो 'अहँ' को बाधालाई पटक्कै सुन्दैनथिए। मैले फरक बिछयौना पारेर सुत्दा उनले जुरुक्क उचालेर आफ्नो पलङमा लगे– बडो दृढतासँग भने– यो त हुन दिन्नँ।

मनले जति दरो भए पनि शरीरको विरोध शिथिल हुन्थ्यो मेरो, र बारबार मलाई उनकी पत्नी हुनुपर्थ्यो।

तिनताका नै हो एक-दुईचोटि बडो स्पष्ट रूपले आत्महत्याको विचारले मलाई हल्लाएको। उनी त चाँडै निदाइहाल्थे र घुर्न थाल्थे। म भने बल्ल उनले छाडेको मेरो शरीरलाई यथास्थित नरहन दिएर सानो बल्बले नीलो पारेको दलिनतिर टुलुटुलु हेरिरहन्थें। मन र शरीर क्लान्त हुन्थ्यो, आफ्नो शरीरको लुगा पनि मिलाउन जाँगर हुँदैनथियो। लाग्थ्यो, म आजीवन बन्दी भएकी छु। शत्रुको मुट्ठीमा परेकी एउटी असहाय शिकार।

त्यसै बखत मेरो मनमा आत्महत्याको चनाखो विचार आउँथ्यो– दलिनमा झुन्डिएको एउटा फलामको मोटो मुन्द्रोले झन् त्यस विचारलाई व्यावहारिक रूप दिनपट्टि सुऱ्याउने काम गर्थ्यो। आत्महत्याको विचारले पनि मानिसलाई ढाढस दिंदो रहेछ– कैदखानाको पर्खालमा स्थित सानो छिर्ने चिराबाट बाहिरको स्वतन्त्रताले ढाढस दिएको जस्तो।

पलङको डन्डीमा उक्लिएपछि मेरो हातले सजिलैसँग दलिनको मुन्द्रा समाल्न सक्दो रहेछ। पलङतल एउटा सानो खिरिलो डोरी पनि कार्पेटमुनि राखें। मलाई लाग्यो– जीवनको समस्या सिद्धियो। अब म जुन दिन चाहे पनि स्वतन्त्र हुन सक्छु।

आत्महत्याको विचारले पनि कस्तो आड दिंदो रहेछ जीवनमा। निर्धक्क पार्दो रहेछ। तिनताका केही दिन मेरो सारा चिन्तन त्यै उद्धारमा केन्द्रित थियो। मुटु ढुकढुक हुन्थ्यो, डोरीलाई सुमसुम्याउँदा हात काँपेको पनि थियो– तर आतङ्कले होइन, किनभने आत्महत्याको सन्त्रासको अनुभव मेरो मनलाई पटक्क थिएन। नयाँ काम- एकदम नयाँ कुरो गर्न खोज्दा हुने हडबडीको भावले मात्र मलाई हलचल गर्थ्यो र त्यसैको चापले म बीच-बीचमा काँप्थें– जाडो भएको जस्तो गरेर।

मेरो विरोध हठात् लोप भएकोले दुलाहालाई सन्तोष लाग्यो होला।

मैले एक दिन औंलोमा गनें– २ महिना भएछ म यस घरमा आएकी।

त्यसै दिन साँझतिर दुलाहा हडबडाएर आए..........

छिमेककी दाहाल्नी त झुन्डिएर मरिछ!

म अचानक अत्तालिएँ। शरीर हठात् चिसो भएको जस्तो भो, र एकछिनमै सारा देहबाट चिसो पसिना बग्न थाल्यो र बडा वेगले लुगलुंग काम्न थालें।

उनले हत्तपत्त मलाई सहारा दिएर बोकेर बिछ्यौनामा सुताए।

दाहाल्नीका सम्बन्धमा मैले पछि पनि केही जिज्ञासा राखिनँ; तर जहिले पनि तिनलाई सम्भिँदा मलाई कम्प हुन्थ्यो, औलोको बिरामी परेकी जस्ती हुन्थें।

आजकल आफ्नो जीवनका उपर कुरा सोच्दा मलाई लाग्छ, आत्महत्या किन गरिनँ भन्ने प्रश्न केवल तार्किक प्रश्न हो– भवितव्यका सम्बन्धमा सोधिएको प्रश्नजस्तो। आँट आएन रे। किन ? के साँच्चै जीवनका प्रति मेरो त्यस्तो लोभ थियो त ?

यस्ता विचार आउँदा भने मलाई सोध्न मन लाग्छ– छिमेककी दाहाल्नीको पूर्व-इतिहास कस्तो थियो !

एउटा कुरा जान्न चाहेर मैले दुलाहालाई सोधें, धेरै दिनपछि– दाहाल्नीले पेट बोकेकी थिई ?

दुलाहाले विस्मयमा सोधेका थिए– यो कस्तो दिलचस्पी तिमीमा ? त्यस दुर्घटनाका सम्बन्धमा तिमीले कुनै अरू कुरोमा चाख लिइनौ, छिमेकभरि गाईंगुईं कुरा भन्किरह्यो– तर आज चाख कस्तो कुरामा लिन्छ्यौ भने– पेट बोकेकी थिई ?

मैले केही बोलिनँ। मनमनै, आफ्नो स्थितिको कमजोरीले गर्दा भन् रीसमा भनें– मूर्ख, मैले पेट बोकेकी छु, त्यसैले सोधेको।

म आफ्नो पेटमा हात राखेर सोच्थें– यो सन्तान यसको होइन, यस घरसँग यसको कुनै सम्बन्ध छैन र लाग्थ्यो, मैले यस घरका प्रति, आफ्नो दुलाहाका प्रति एउटा प्रतिशोधको अग्नि स्फुलिङ्ग लुकाएर राखेकी छु पेटभित्र। मैले आफ्नो शरीरको रक्त पिएर एउटा दैवी भस्म प्रस्तुत गर्दैछु, वैरीसँग बदला लिन। म कहिले-कहिले, त्यसो हुनाले, उग्र सन्तोषले बार्दलीमा बसीबसी हाँस्थें– मूर्ख, मूर्ख मेरा दुलाहा महामूर्ख छन्। उनलाई मूर्ख बनाउन पाउँदा मलाई सन्तोष हुन्थ्यो– पिशाचलोकमा लागेको विषभाण्डलाई लामो डाडुले चलाएको जस्तै गर्दै स्वादले म पेटलाई हातले सुमसुम्याउँथें– तिमी मेरो बदला लिनेछौ।

पेटको सन्तानमाथि मेरो भरोसा दिनप्रतिदिन बढ्दै गयो र त्यसैले गर्दा होला– या समयको प्रभावले हो, मेरा दिन बित्दै गए। दुःखको पनि अभ्यास पर्छ। जीर्ण रोगीजस्तै मलाई आफ्नो जीवनलाई खप्न सक्ने अभ्यास पर्दैगयो। त्यसैले मलाई एक दिन बार्दलीमा बस्दाबस्दै लाग्यो मेरो विरोधभाव पनि कति दिनदेखि शिथिल भइसकेको रहेछ। गृहस्थीको दैनिक जीवनलाई निष्पन्द एकनाससँग बिताइरहेकी रहिछु। मुटुको भित्री तहमा पेटको बालकले सान्त्वना दिइरहेको हुँदो हो; र दिनप्रतिदिन बिताइरहेको जीवनले ममा गृहस्थीका प्रति अभ्यासगत आचरण। मेरो व्यवहार नजानिँदो किसिमले उनको अनुकूल हुँदै गएको रहेछ– कुनै उत्साह या उमङ्गका साथ होइन; केवल अभ्यासबाट प्राप्त भएको रित्तो व्यवहार। अब हाम्रा बीच कुनै प्रकारको सानो-ठूलो खटपट हुँदैनथियो। उनको तर्फबाट त कहिले पनि भएको थिएन; मेरो तर्फबाट अब त्यस्तो आचरण नभएको धेरै भएछ, जसलाई देख्दा म घृणाले जर्जर हुन्थें, अब म तिनको सानो-सानो इच्छालाई बिना कुनै सङ्कोच पूरा गरिदिन्थें र भन्थें; उनले सोध्दा– पत्नीलाई पतिको सुखमा नै सुख हुन्छ।

त्यस दिन बार्दलीमा आफ्नो परिवर्तित रूप देखेर भल्याँस्स लाग्यो– नियतिको आज्ञाको मबाट पालन भइरहेको रहेछ। काल ठूलो ओखती रहेछ।

यता केही दिनदेखि मलाई लाग्दै आएको थियो– मेरो विरोध पनि त एक प्रकारको भावुकता हो। भावुकता मैले बुझ्दै आउन थालेकी थिएँ कि कस्तो छिपछिपे हुन्छ। आँसु कस्तो निष्फल, पीडा नै कस्तो निष्प्रयोजन। जीवनको यात्रामा केही काम आउँदो रहेनछ, केवल समयले लाइदिने गरेको मह्लमबाहेक, त्यसको मृदुताबाहेक। दर्शनको निरर्थकता, सङ्गीत, कविता, कला, धर्म– त्यो त पराजित व्यक्तिको ऊहापोह मात्र हो। तमाम कुरा निष्प्रयोजन रहेछन्। होला, जीवनलाई रङ्गीन तुल्याउँदैनन् तिनले– तर तिनबाट जीवनलाई पोषण प्राप्त हुँदो रहेनछ; ती त्यस्ता भोज्यपदार्थ होइनन्, जसबाट प्राण धान्न सकियोस्। काल मात्र ठूलो ओखती रहेछ।

मैले अठोट गरें– नियतिको अवज्ञा म गर्दिनँ। अपरिहार्यतासँग सहयोग गर्छु।

मैले सजग भएर यो अठोट गरेकी थिएँ; तर मेरो आत्मा र शरीरले त मेरो बुद्धिको सतहमा कुरा ल्याउँदै नल्याई भित्रभित्रै अठोट गरिसकेका रहेछन्। त्यस दिन झल्याँस्स थाहा पाएर मेरो बुद्धिले त्यसलाई स्वीकृति प्रदान मात्र गरेको थियो। त्यसै दिन मलाई लागेको थियो कि असुचिताको भावले मलाई ग्रस्दैनथ्यो। शून्य थियो हृदय तर त्यहाँ असुचिताको बोध थिएन। दुलाहाप्रति प्रेम थिएन हो, तर अब घृणाभाव पनि त रहेनछ। लाग्यो– घृणा असुचिताको एउटा अभिव्यक्ति रहेछ।

मैले पेटको बालकलाई सम्झिएँ। कहाँ छ उसको स्थान मेरो परिवर्तित व्यवहारमा ? के त्यसको परोक्ष निर्देशन त थिएन मेरो जीवनका प्रति, उदासीन भए पनि, बन्दै गएको सन्तुलनमा ? सन्तानको– नजन्मिएको सन्तानको पनि– आमाका उपर कत्रो प्रभाव पर्छ, त्यसको ज्ञान कसलाई छ ? सन्तानले नै त नारीलाई माता तुल्याउँछ– माता, नारीको एउटा विशिष्टताले भरिएको छुट्टै रूप हो– मनसा, वाचा, कर्मणाले छुट्टै भएर अवतीर्ण हुँदै गएको रूप।

भन्न त भनें कि मेरो जीवनको मध्यम गति घटनाशून्य भएर एकनाससँग बगिरहेको थियो– उत्तेजना, पीडा, व्यथा, घृणा र आवेशबाट अब एकदम रित्तिएर। जीवनको दैनिक गति त्यस्तै हुन्छ– कालको प्रवाह भएको लक्षण कतै पाइँदैन, तर काल बितिरहेको हुन्छ। तर त्यस्तो जीवनमा पनि, जतिसुकै साधारण घटना ती भए तापनि, कुनै न कुनै घटनाले यस प्रकार मनलाई आन्दोलन गर्छ कि जीवनमा देखिएका दृश्य, भोग्दै आएका अनुभवले एकदम नयाँ अर्थ प्राप्त गर्छ– अनि लाग्छ काल स्थिर रहेनछ; मभित्रबाट प्रवाहित भैरहेको कालले त्यहाँ पनि मेरो ठूलो परिवर्तन गरिसकेको रहेछ। मैले पेटको बालकको कुरा गरेको होइन– दिनहुँ त्यसको प्रतीक्षा गर्दा पनि मलाई कालगतिको बोध त्यसले गराएन। त्यो त एउटा अचल, कालनियतिबाट नछोइएर मेरो शरीरमा गडेर बसेको थियो– एउटा अमर आशाको रूपमा जसले मेरो अँध्यारो जीवनमा नअस्ताउने सूर्यलाई उदाइराखेको थियो। त्यो तीन महीनाको भयो भन्ने बोध त मैले परोक्ष रूपबाट पाएँ; एउटा साधारण घटनाको मार्फत, जुन घटनालाई म आफ्ना अनुभव योगलाई अर्थ दिने किसिमका अनुभवमध्ये मान्दछु।

मेरो घर, सानो गृहस्थी थियो– दुलाहा र म, र नोकरचाकरहरू जो काम परे मात्र हाम्रो लङपट्टि आउँथे। दुलाहाका कोही इष्टमित्र थिएनन् क्यार, उनी धेरैजसो घरैमा बसिरहन्थे, मेरो नजिकै- म आफ्नो जीवनलाई खुम्च्याउनसम्म खुम्च्याएर घरको सानो कुनालाई ओगटेर रहने गर्थें– दिनभरि बार्दलीमा र राती दुलाहासँग उनको बिछ्यौनामा। माइतीहरूसँग पनि मेरो कुनै सम्बन्ध रहेको थिएन। चिट्ठीपत्र जेजति हुन्थे दुलाहा नै गर्थे। मेरो बिहा भएको तीन दिनभित्रै उनीहरू पहाड गए; दाइले खबर सुनाउनुभएको

थियो कि आमा थला परेको पर्नै हुनुभयो; उहाँलाई काशी पठाउने रे। मेरो जीवनमा तिनताका आएको तूफानले गर्दा म आफू नै यति लीन रहन थालेकी थिएँ कि मैले आमाको पछि केही खोजखबरसम्म लिन खोजिनँ। माइतीलाई चटक्क बिर्सिएकी छु। त्यसो त माइतीलाई सम्झाइराख्ने पनि केही कुरा थिएन नि। बालककाल, मैले त्यहाँ एकलकाटी भएर बिताएँ। बा, दाइहरूसँग कुनै संसर्ग हुन पाएको थिएन, घनिष्ठता र मायाको सट्टा मलाई उहाँहरूसँग बरु डर लाग्थ्यो। मेरो गाउँमा साथी-सँगाती थिएनन्। केवल आमा हुनुहुन्थ्यो जोसँग म त्यहाँ टाँस्सिएर बस्थें। उहाँको मलाई बडो माया लागिरहन्थ्यो। पुरुषहरूको किचाइ र हूलबाट जोगिएर हामी आमा-छोरी घरको एउटा कुनामा तर्सेर जस्तो बस्थ्यौं। जुन किसिमबाट मेरो बिहा घरवालाहरूले गरिदिए त्यसले उनीहरूका प्रति मेरो हृदयमा रहेको माया पनि सुकेर गयो। मेरो आफ्नो व्याकुलतामा मैले आमालाई पनि बिर्सिन गाह्रो मानिनछु र जब दाजुले आमालाई थलिएको थलिएकै अवस्थामा काशी लग्ने भन्ने सूचना दिनुभो मेरो जीवनको विराट् शून्यतामा यो संवादले शून्यताको एउटा अर्को सानो कुना थपेको मात्र थियो होला। मेरो वैधव्य जीवनमा कुनै पनि दुःखको संवाद असह्य थिएन, लाग्यो केही कुराले पनि अब मलाई छुन सक्दैन– चितामा एउटा अर्को अगुल्टो थपेर शवको पीडा थपिन पुग्दैन।

एक दिन दुलाहा बैठकबाट हडबडाउँदै माथि उक्लेर बार्दलीमा म भएनिर आए। उनको हातमा चिट्ठी थियो। उनले बडो स्नेहको स्वरमा भने– कान्छी, आमा काशीमा बित्नुभएछ।

मलाई तत्काल कुनै असर नभएको जस्तो भयो। म नबोलेर बसिरहें। उनी पनि नबोली बसिरहे। यदि उनले केही बोलिदिएको भए हुन्थ्यो शायद, वातावरण त्यस्तो भारी हुने थिएन। दिनको तृतीय प्रहर थियो, सूर्य पश्चिमपट्टि ढल्किसकेका थिए। दक्षिणपट्टिको दृश्यले मलाई अनायास उदास गरायो। पहाडका टाकुराका रूखहरू देखेर मन भारी भयो। अनि मलाई अचानक लाग्यो, म कति एक्ली भएँ। आमाको मृत्युको संवादले मलाई एकैचोटि धक्का दिएर लडाएन। बिस्तार बिस्तार एक्लो भएको भावना थपिंदा थपिंदा एउटा भयावह शून्यताले मलाई ग्रसेको जस्तो पाऱ्यो। र लाग्यो– मेरो जीवन अब एउटा अटल खाइको बाइरहेको मुख भयो। यदि यता समयले मेरो जीवनयात्रालाई सुगम पारिनदिएको भए, शायद हुँदो हो म त्यस दिन त्यति कहालिने थिइनँ। मैले अब अड्न खोज्दाखोज्दै मेरो भाग्यले फेरि मलाई पछाऱ्यो। घाउको पाप्रो उप्काएको जस्तो भयो। पहिले मैले मुखलाई दुवै हातले छोपें र घुप्लुक्क परेर रुन थालें।

उनले मलाई सहारा दिंदै उठाएर कोठाभित्र लगे। म बिछ्यौनामा मुन्टो गाडेर फेरि रुन थालें। यतिका दिनको पीडा जमेर बसेको आज पग्लिएर बग्न थाल्यो। उनले हलुकासँग मलाई आफ्नो काखमा राखेर मेरो शिर र पिठ्यूँ सुमसुम्याउन थाले। उनी पनि केही भावग्रस्त थिए; किनभने उनको अस्पष्ट बोलीलाई घाँटीको बाफले लटपटयाएको थियो– प्यारी उमा...........।

साँझपख म उनको निश्चुक्क भएको काखबाट उठें। म खूब थाकेकी थिएँ।

उनले सोधे– उमा, कस्तो छ तिमीलाई ? मैले साडीको फुर्कोले मुख पुछ्दै उनलाई हेरें। सन्ध्याकालीन मलिनताले उनको अनुहार झन् वेदना र सान्त्वनाको भावमा अँध्यारो थियो। उनले त्यतिबेरसम्म मलाई काखमा राखेर सुमसुम्याइरहे; वेदना या सान्त्वनाको एक शब्द पनि झिकेनन्। तर भुक्क भए पनि कस्तो करुणा व्यथित

अनुहार थियो उनको। उनले भनें– उमा, मलाई थाहा छ, आमालाई गुमाउनु कत्रो ठूलो नाश हो– कत्रो भीषण हानि हो त्यो। कत्रो चोट!

मैले उनको बोलीमा निस्केका ध्वनिलाई लक्ष्य गरेर उनलाई हेरें। भन्न त उनले भनेका थिए तर लाग्यो ती शब्द उनको मर्मबाट आएका सान्त्वनाका शब्द हुन्, जुन सान्त्वनामा आत्मीयताको अंश पनि रहन्छ।

उनले भने– यस्तो स्थितिमा रुनबाहेक अरू कुनै चारा छैन, उमा। त्यसैले मैले तिमीलाई सम्झाउने व्यर्थको प्रयत्न गरिनँ...............।

फेरि छोरीले चढाएको आफ्नो आँसुको अर्घ्यजल, मलाई लाग्यो, आमाले जहाँ भए पनि पाउनुपर्छ। उमा प्यारी, म यस्तो कुरामा बडो धर्मभीरु छु। मृत्युका सम्मुख मेरो धर्मभावना र विश्वास जागृत हुन्छ।

उनले फेरि भने– आमा खसेको दिन म पनि खूब रोएको थिएँ।

यसैलाई मैले घटनाको संज्ञा दिएकी।

एकछिनमा उनले मलाई बिछ्यौनाबाट उठाएर भने– आमाको आत्मालाई अर्घ्य दिन कहिल्यै पनि पुग्दैन, तर उहाँलाई तिमीले आफ्नो जीवनका प्रति उदासीन भएको पनि मन पर्ने छैन। उठ, मुख हात धोऊ, दु:खैले भए पनि जीवन काट्नैपर्छ।

मलाई लाग्यो– उनको बोलीमा स्नेहको आभास छ र कुरामा कस्तो ढाढस र भर! उनमाथि पूरा भर दिंदै म उठें र त्यसरी नै उनको पाखुरालाई समातेर नुहाउने कोठामा आएँ र मुख धुन थालें; पानी उनैले खन्याइदिए।

त्यस रात उनले मलाई बिछ्यौनामा भने, म चूप बसेको देखेर– उमा, तिम्री आमा स्वर्ग भएको दिन यो भनेर सान्त्वना दिन सक्थें कि उमा; म छँदैछु आमा रहनुभएन, तर म त छु.......... तर म त्यो भन्न सक्दिनँ, किनभने पति भएर पनि पतिको अधिकार स्वर झिक्न सकेको छैन मैले तिमीसँग– प्रेमको कमीले होइन, तर हो कुनै केही कमीले हाम्रो सम्बन्धमा– आमाको रिक्तस्थान झन् थप किन म लिन सक्थें।

उनले यो भन्नुभन्दा पूर्व नै मैले पहिलोचोटि उनमाथि आफूलाई जिम्मा लगाएको जस्तो गरेर पाखुरा समात्दै म नुहाउने कोठामा गएकी थिएँ। अनायास फेला परेको आधारजस्तो भएको थियो उनको पाखुरा। त्यसरी आधार पाएको कुरा स्पष्टसँग बुझेकी थिइनँ तबसम्म जब उनले राती भने– म परचक्रीजस्तो तिम्रो जीवनमा बाहिर बाहिरै रहन गएको छु।

भन्न त मैले त्यसमा केही भनिनँ। मेरो हातले त्यसै उनको पाखुरालाई छुन पुग्यो; एक छिनसम्म उनले लगाएको जन्तरलाई खेलाइरहें। तर मैले त्यस रात बुझें उनको जीवन पनि कति शून्य रहेछ। त्यही घटनाले अनि मलाई धेरै कुरा खुलेको जस्तो लाग्यो, मानौं एउटा नयाँ प्रकाश उनमाथि परिरहेको छ र नयाँ रूपले उनी मेरा अगाडि परिरहेका छन्।

त्यस रातभरि उनका कुराहरू मैले सम्झिन थालें– यस तीन महीनाभित्र उनले गरेको व्यवहारका एक-एक स्मृतिहरू मेरो मस्तिष्कमा जाग्दै आए। जुन कुरालाई मैले बिर्सिसकेकी थिएँ– जसको मलाई महत्त्व लागेको थिएन, आज मलाई तिनै कुरा महत्त्वका लाग्न थाले। मलाई लाग्न थाल्यो– म कति आफूमा एकाग्रिएकी रहेछु, आफ्नो दु:खमा कति लीन, आफ्नाप्रति मात्र कति स्वार्थी कि एउटै शय्याको साझीदार भएको व्यक्तिको अस्तित्वको पनि मलाई ज्ञान थिएन– केवल यस घरमा आएको सुरुमा केही

दिन उनलाई शत्रुका रूपमा देख्ने सिवाय। मेरो जीवनको शून्यसँग टॉल्स्टिएको अर्को शून्य पनि रहेछ। मलाई त्यस रात दुलाहाप्रति असीम ममता जाग्यो। आमालाई उम्काएको दिन मैले थाहा पाएँ मेरा दुलाहा कति एक्ला रहेछन्। उनले मर्माहत स्वरमा भर्खरै भनेका थिए– म त परचक्री।

उनले एक दिन भनेका थिए त्यसै बिना कुनै सन्दर्भको, मानौं आफैंलाई सम्बोधन गरिरहेका हुन्– तर जुन कुराको अनुभव मलाई यस अर्धवयस्कमा हुन थालेको छ त्यो हो प्रेमको निस्सारता..........। प्रेमले जीवनका कमजोरीहरू, बाधा विग्रह र चोटहरूलाई निको पार्न सक्दैन रहेछ। ........कि प्रेमको अभावको अनुभव हो ? कि उमा, यो मेरो उदासी मेरो उमेरको असर हो।

आज बुझ्छु उनले के भन्न खोजेका थिए त्यस दिन।

उनले एक दिन मध्यरातमा भनेका थिए– कान्छी, म बूढोले तिमीलाई बिहा गरेर तिम्रा प्रति अन्याय गरें।

हाम्रो पतिपत्नीको जीवन साधारण भइसकेको थियो; त्यसो हुनाले उनको त्यस भनाइमा मैले त्यस दिन केही महत्त्व दिएकी थिइनँ; या देखेकी थिइनँ ती शब्दमा– उनको अभावग्रस्त जीवनको सुकेको अनुहार। मैले चोलोको तना बाँध्दै केवल उत्तर दिने हेतुले भनेकी थिएँ– स्त्री-पुरुषको उमेरको तुलना हुँदैन। हामी स्वास्नीमानिसको जीउ एउटा नहुन्जेल त हो नि............।

उनले सानो उच्छ्वास झिकेर भनेका थिए– उमा, हाम्रो २५ वर्षको फरक कुनै तर्कले पनि मेट्न सक्दैन।

परिहास पनि गरिदिन्थें म– मलाई किन लज्जित पार्न चाहेको हजुरले– हजुरको ठूलो प्रेमको प्रत्युत्तर त्यस्तै किसिमको मबाट पाइबक्सिन्न भनेर ? नत्र किन बारबार हाम्रो उमेरको चर्चा ?

उनले भने– मलाई लाग्छ उमा, हाम्रो दाम्पत्य जीवनमा हामी छुट्टिएका छौं कहीं कतै– एउटा कुनै भेदको वारपार हामी उभिएका छौं। यो भेद हाम्रो उमेरको हो– खाड हाम्रो उमेरले खनेको हो हाम्रो बीचमा। म जीउको लुगा सच्याएर अर्कोतिर पल्टेर सुतिदिएकी थिएँ। उनी पनि एकछिन त्यसै लेटेर निदाएका थिए।

त्यस रात बारबार किन यस्तै कुरा सोचिरहन थालें म ? मेरो प्रत्येक स्मृतिले नयाँनयाँ रूप उनको मेरा सामुन्ने उपस्थित गर्न थाल्यो। म झन्झन् मग्नताले भरिन थालें दुलाहाका प्रति। ममता ? करुणाको बारबार उठिरहने उद्रेक।

जुन उनका कुराले मलाई पहिले पट्टाइ लाग्थ्यो, नीरसतामा झन् विरक्ति थपेको जस्तो हुन्थ्यो, आज तिनलाई सम्झेर आफैंलाई धिक्कार्न थालें– म कस्ती कृपण रहेछु।

उनले कुन खाँचोले मसँग बारबार आफ्नी पहिलेकी पत्नीको चर्चा गर्नुपर्थ्यो। केको भीख थियो जसलाई म आफ्नो कृपण मुट्ठीले उनलाई दिइराखेकी थिइनँ। प्रेमको अधिकार ग्रहण थिएन भने के त्यसको माग पनि थिएन ? उनले आफ्नी पहिलेकी दुलहीलाई बारबार सम्झेर आफ्नो प्रेमशून्य जीवनलाई भिखारीको जस्तो मेरा सामुन्ने राखेको थिएन र उनले कि करुणा र दयाले नै सही म उनको झोली भरिदिऊँ।

एक दिन उनले स्पष्ट र छोटकरीमा त होइन, तर मैले राम्ररी बुझ्ने गरी भनेका थिए– मैले तिमीलाई बिहा गर्ने निर्णय गर्दा जेठीलाई बिर्सेर यो निर्णय लिएको थिइनँ।

म शायद यो कुरा बुझाउन सक्दिनँ क्यार ! तिम्री दिदीलाई बिर्सेर होइन, धेरैधेरै सम्झेर, उसको मायाले विह्वल भएर ।

तत्क्षण उनले यो पनि भनेका थिए– तिमीलाई सम्पूर्ण व्यक्तित्वले माया गर्छु । फेरि उनी उत्लिखेरै भन्न थालेका थिए– तिमी नै भन कान्छी, जब तिमी दुलही भएर यस घरमा आयौ के पहिले हाम्रो चिनजानसम्म पनि थियो ? जेठीले शून्य पारेको मेरो जीवनमा आधारको तलाशमा तिमीलाई मैले बिहा गरेको उमा !

त्यस दिन किन हो कुन्नि उनी भारी मिजासमा थिए क्यार । मलाई निद्रा लागिरहेको थियो । उनले सधैंको जस्तो मलाई आफूसँग टाँसेनन्; न पत्नीको कर्तव्य पूरा गर्न मलाई कर लगाए । उनी भन्दै गए, मेरो प्रतिक्रियाको ख्याल नराखेर, यो पनि ध्यान नदिएर कि बिउँझिएकी छु, निदाइसकें– प्रेमका सूक्ष्म प्रक्रियाहरू पहिले नै कसलाई ज्ञान हुन्छ; अचिन्त्य कदम चालिसकेपछि लाग्छ, प्रेमको प्रेरणाले चालिएको सो कदम हो । साधारण प्रेमको प्रक्रियाहरूको शायद निरूपण गर्न सकिन्छ र त्यसको भविष्यका सम्बन्धमा मनोवैज्ञानिक भविष्यवाणी पनि गर्न सकिएला । जेठीको प्रेमको ओतप्रोत भएको व्यक्तित्व मेरो नभएको भए मेरो समस्त अस्तित्वलाई त्यसले पहिले नै सरल नपारेको भए, हुनसक्छ, म रणुवा नै भएर जीवन बिताइदिन्थें । आखिर ४५ वर्षको पुरुषलाई अविवाहित रहन केही गाह्रो पर्दैन ।

यस प्रकार मैले त्यस रात पुराना स्मृतिहरूलाई उकासिरहें; घाउका पाप्रा उप्काइरहें; आमाको मृत्युको संवादले म भावग्रस्त भएकी थिएँ । त्यस मानसिक स्थितिमा पतिका प्रतिको मेरो व्यवहारलाई सोच्दा मलाई बडो पश्चात्तापको अनुभव हुन थाल्यो । त्यसैले होला, आफूलाई दोषी साबित गरेर दण्ड दिनका लागि मैले स्मृतिका पाप्रा उप्काइरहेकी रातभरि– प्रत्येक स्मृतिले मेरो करुणाहीन हृदयलाई पश्चात्तापको एक चाबुक हान्थ्यो । आत्मपीडनले मलाई केही न केही सन्तोष र सुख दिन्थ्यो– लाग्थ्यो, सन्तोष र सुख यस कुराले छ कि प्रेम दिन सकिनँ त पनि त आफ्नो त्यस असमर्थताले स्वयम् दण्डित भइरहेकी छु । यो के भएको हो कुन्नि, बुझ्न सकिनँ । पश्चात्तापको यत्रो बाढी किन, आमाको मृत्युको संवादले मेरो हृदयको कुन बाँधलाई तोडिदियो ? कति सोच्दा पनि बुझ्न सकिनँ । पश्चात्तापको यत्रो बाढी किन, आमाको मृत्युको संवादले मेरो हृदयको कुन बाँधलाई तोडिदियो ? कति सोच्दा पनि बुझ्न सकिनँ । रातभरि सोचिरहें ।

भन्छन्, जीवन अज्ञानमा भोगिंदै जान्छ; भोगका क्षण बित्दै गएपछि तिनको सम्झनामा भोगको ज्ञान हुँदै जान्छ । अनुभव अज्ञानमा प्राप्त हुन्छ; ज्ञान अनुभवको समाप्तिपछि । तर यो मेरो त्यस रातको पश्चाताप– स्मृतिको दर्शन– कस्तो ज्ञानको सूचक थिए त ? क्षणक्षण गरेर तीन महीनाजति यस घरमा बिताइसकेकी रहेछु– नजानिंदो किसिमबाट, केवल साहचर्यको स्वाभाविक नियमबाट मैले यस घरमा पनि सानो-सानो जरो हालिसकेकी रहेछु क्यार– सम्बन्धको अदृश्य भावलोकमा । एउटा घटनालाई पर्खिरहेको मात्र रहेछ जसबाट मलाई यसको बोध होस् । आमाको मृत्यु त्यस्तै घटना थियो– स्मृतिका उपर एउटा प्रकाश टाढासम्म फ्याँक्दै जाने । त्यसैले त जब मैले सोचें– उनको के दोष मेरो दुर्भाग्यका लागि ? मलाई लाग्यो, मेरो उनका प्रतिको यो अचानक जाग्रत भएको संवेदना अनौठो थिएन । उनको के दोष ? उनको के दोष ?? यस वाक्यलाई मनमा धेरैबेर खेलाइरहें । तर उनलाई दोषबाट मुक्त गरेपछि, म आफैं दोषी साबित हुन पुगें– लाग्यो, निर्दोषीलाई मैले सजायँ दिइरहेकी रहेछु । त्यसैले पश्चात्ताप थियो मलाई त्यस रात ।

पश्चात्ताप प्रेम होइन; जस्तोसुकै सुखको अनुभव मैले त्यसमा प्राप्त गरे तापनि म त्यसलाई प्रेम भन्न सक्दिन। ममता जागृत भएको थियो, हो– पश्चात्तापले जगाएको ममता।

टेबलमा सानो बत्ती शेड तल बलिरहेको थियो। म बिस्तारै बिछ्यौनामा कुहिनोको भरमा उठेर उनलाई हेर्न थालें। उनी मतिर फर्केर निदाएका थिए। ९० रात म उनीसँग यसरी एकै साथ सुत्दै आएकी थिएँ– उनको, पतिको आग्रहलाई विरोध, अनिच्छा र उदासीनताले भए पनि पूरा गर्दै। तर तिनी बिरानाका बिरानै थिए। एउटा पराई। उनलाई चिनेकी थिइनँ। त्यस रात उनलाई हेर्दा मलाई झल्याँस्स लाग्यो, उनलाई यतिका दिनसम्म देखेकी पनि रहिनछु। आँखा पट्ट थुनेर यस घरको सारा व्यवहार गर्दै आएकी रहिछु। उनको अनुहारको परिचय सबभन्दा पहिले त्यस रात पो त मैले पाएँ– र बिस्तारै सुस्केराको स्वरमा आफैंलाई सुनाउन भनें– उनी मेरा पति हुन्।

एक दिन उनी मनिर बार्दलीमा आए र सोधे– के गरेर बसिरहेकी छौ कान्छी ?

मैले भनेकी थिएँ– त्यसै।

उनले सोधेका थिए– के सोचिरहन्छ्यौ ?

मैले भनें– केही होइन। सोचाइ के हुन्थ्यो; मनका हावा हुन्, आउँछन्, बग्छन्।

उनी मनिर थचक्क बसे; र त्यसै भन्न थाले– हामी कति एक्ला छौं ?

त्यति सानो कुरा सुनेर म विह्वल भएँ– र मेरो आँखाबाट आँसु तपतपिन थाल्यो– फेरि आमालाई सम्झेर, दुलाहाका कुराहरू सम्झेर, आफैंमाथि पनि करुणा जागे। ती आँसु विनीत भावनाका आँसु थिए– जुन भावना संवेदनासँग अस्पष्ट भएर हृदयमा सारा दुःखी प्राणीका प्रति उर्लिन्छ। जुन भावनाले करुणाको सिमानामा मानिसलाई पुऱ्याएर अकल्पित त्याग र बलिदानका लागि उसलाई उकास्छ। त्यस्तैमा त कोढीलाईसम्म निःसङ्कोच ऊ अँगाल्न पुग्छ जुन अङ्कमालमा उसलाई हृदयको कुन अभावको पूर्ति भएको अनुभव हुन्छ– आत्मपीडनको उद्रेक पनि आफ्नो अधीर कामनाले वाञ्छाको सुखको रूप लिन थाल्छ। आत्मपीडनले पनि हृदयको बाँझो क्षेत्रलाई सरस पारेको जस्तो।

मैले हलुकोसँग उनको गालालाई छोएँ र त्यही आत्मपीडनको वेगमा आएर उनको म्वाईं खाएँ। उनी ब्यूँझिए। मैले त्यस रात उनको उपभोगमा आफूलाई चढाइरहँदा बडो सुखको अनुभव गरें। कस्तो सुख ?

मैले आफ्नो हृदयका भावनाहरूलाई प्रशस्त केलाएकी छु– एक-एक गरेर तिनका त्यान्द्रासम्मलाई नछाडेर आफ्नो लामो चिन्तनको प्रकाश तल ओल्टाईपल्टाई हेरेकी छु। दिनभरि मेरो अर्को कामै के थियो र ?

त्यसैले मलाई त्यस दिनको सुख प्रेमसँग पृथक् लागेको थियो, प्रेमको सुख मैले राम्ररी बुझेकी छु। त्यस सुखसँग यो सुख फरक थियो। लाग्थ्यो– म अफूमाथि नै पुरानो बदला लिइरही छु– सुख त्यसैको थियो। मन चाहन्थ्यो– कुनै करुणा नराखेर त्यस रात पतिले मेरो भोग गरून्। आफ्ना प्रति कठोर अकरुणा, तर दुलाहाका प्रति असीम करुणा- यदि कोर्रा लिएर उनले मलाई हानेका भए पनि म शायद त्यस रात सुखी नै हुने थिएँ।

प्रेम के हो ? जीवनपर्यन्त प्रेम– त्यसको चरमप्राप्ति र त्यसको निःशेष शून्यताको अनुभव गर्दागर्दै पनि मेरो मनमा यो प्रश्न उठिरहन्छ– प्रेम के हो ? यो त

स्पष्ट नै लाग्छ कि हिन्दू युनिवर्सिटीमा एकताका प्रेमले ओतप्रोत भएर जागेकी थिएँ– एउटा नयाँ सृष्टिमा। त्यो मेरो अनुभव हठात् मैले प्राप्त गरेकी थिएँ। त्यो कल्पनामा पहिले कहिले पनि प्रवेश नगरेको कुरो थियो। परीलोककी राजकुमारीलाई २० वर्षको लामो निद्राबाट कुनै राजकुमारले प्राणदायिनी श्वास फुकेर जगाइदिएको जस्तो र निद्राबाट पूर्ण सजगता प्राप्त हुनुभन्दा पूर्व नै फेरि तत्काले अर्कै स्वप्नलोकमा पुऱ्याएजस्तो। के प्रेमको त्यस्तो रूप मात्र हुन्छ ? त्यस्तो स्वर्गको पारिजात वृक्ष जसको बीउ कहिले पऱ्यो हृदयको स्थलमा, कहिले त्यहाँ हुर्किंदै गयो र कहिले ठूलो भयो कसैलाई थाह हुँदैन– एकैचोटि ढकमक्क प्रस्फुटित भएर आफ्ना फैलिएका धूपित-सुगन्धित हाँगा र जराले तमाम स्वर्गलाई ढाक्दै अचानक हृदयबाट निस्किएर हाम्रो सामुन्ने पर्छ– ब्रह्माण्डको सारा दृश्यलाई सम्पूर्ण रूपले आफूमा आत्मसात् गरेर। प्रेमको त्यो अकस्मात् प्रकट भएको रूप देखेर मलाई लाग्थ्यो– प्रेमको अनुहारलाई म नबिर्सिने गरी चिन्दछु र त्यसैले आज रातीको मेरो अनुभवलाई प्रेमको संज्ञा दिन्नथिएँ र भन्थें– यो त पश्चात्ताप हो– सहानुभति हो या बढीसे बढी ममत्वको भाव ......।

यहीं आएर म फेरि कुरा केलाउन बस्छु। यदि प्रेमले एकैचोटि नआएर हृदयको तमाम झ्यालढोका फोर्दै भित्र प्रवेश गरेन भने, त्यसको के अर्को रूप हुन सक्दैन ? आफूलाई थाहा नै नदिई आज एउटा झ्यालको सानो पल्टा मात्र खोल्छ, भोलि अर्को; आज एउटा गोडा भित्र चाल्छ र फेरि लगत्तै फर्किन्छ; ढोकामा नसुनिने थपकी दिन्छ; कहिले सुस्तरी उघारी पनि हाल्ला– त्यसरी के प्रेम आउँदैन ?

कहिले पश्चात्तापको निहुँ नै गरेर सही; कहिले करुणाको भावनामा नदेखिने गरी लुकेर, कहिले ममताको आडमा, जुन ममतामा कसै निरीहलाई आफ्नो संरक्षणमा लिने आग्रह पनि हुन्छ। त्यस रात जुन आग्रहका साथ मैले शरीरको योगदान पनि दिएँ उनलाई, त्यो पनि बिस्तार-बिस्तार प्रकट हुँदै आएको प्रेमको नै रूप हुँदो हो। लामो अवधिमा परिपक्व हुने प्रेम यस्तै विभिन्न भावनाहरूको एउटा जटिल गाँठो हो– विभिन्न हुन सक्ला परस्पर विरोधी पनि– भावनाहरूको बिना तारतम्य जोगल्टिएको एउटा गाँठो जो मुटुमा क्रमशः कसिँदै जान्छ।

त्यस रात मैले यी सब कुरा सोचेकी होइन– केवल करुणाभावले पश्चात्तापको ज्वालामा परेर स्वेच्छाले आफूलाई बलि दिइरहेकी जस्ती गरिरहें उनका अगाडि। उनी थाकेर फेरि निदाए; म निदाइनँ। हलुकी निश्चय भएँ; लाग्यो– प्रायश्चित्त भयो। मेरो दोष केही मात्रामा पखालियो। मरेकी आमालाई बडो कृतज्ञता भावसँग सोचिरहें; अब पीडाको बोध थिएन मुटुमा। आमाले जीवनपर्यन्त जसलाई म प्रेम भन्छु नपाएर पनि नारीत्वको निर्वाह गर्दै रहनुभयो। उहाँ भन्नुहुन्थ्यो– स्वास्नीमानिस पृथ्वीजस्ती हो, जीवनका सारा चोट सहँदै हिंड्छे। पीडाले ऊ विचलित हुन थाली भने के त्यो माता हुन सक्छे र, नानी उमा। नारीको यथार्थ रूप माताको हो।

आमाका यस्ता वाक्यलाई सम्झेर कृतज्ञताले भरिन्थें। नारीको यथार्थ रूप माताको हो।

पछि यही कुरालाई सम्झेर लाग्न थाल्यो कि प्रेमको गाँठो जटिलता थप्ने अर्को सूत्र पनि रहेछ– गर्भको बालक। हुनसक्छ त्यस रात प्रकृतिको कुनै परोक्ष नियमले मातृत्वको भावना ममा जगाउँदै– आमाको मृत्युको बहानामा– मलाई आफ्नो पुरुषका प्रति ममताको उदय गराएको थियो। मैले त्यसलाई पश्चाताप भनें, करुणा भनें, तर मातृत्व भनिनँ, किनभने त्यो कुरा बुझेकै थिइनँ। मेरो गर्भको सन्तानले मलाई

उकासिरहेको रहेछ क्यार– शायद प्रकृतिले मलाई आफ्नो अवस्थानुरूप कसैको संरक्षणको खाँचोको याद दिलाइरहेको थियो क्यार– मैले ममताले उनलाई आफ्नो संरक्षण प्रदान गरेको भनेको त स्वयम् माताले सन्तानका लागि उनको संरक्षण खोजेको होला।

त्यसैले होला भोलिपल्ट सम्बन्धको नयाँ स्वरमा उकेलिएर हेर्दा म के सुन्छु भने– मेरो गर्भ ३ महीनाको भो– भन्ने हृदयको बोली।

त्यही दिन दिउँसोको कुरा। म सधैंको जस्तो भात खाएर बाहिर बार्दलीमा घाम ताप्न आएँ। उनी भित्र कोठामा पलङतलको भुइँबिछ्यौनामा लेटिरहेका थिए। उनले सधैंको जस्तो बोलाए– कान्छी, के गरिरहेकी छौ बाहिर ?

शायद रातीको अनुभवले, बदलिएको स्थितिले होला– मेरै मनको भावना होला त्यस्तो– मलाई लाग्यो उनको प्रश्नमा उत्तरको अपेक्षा थिएन। त्यसमा केवल एउटा प्रेम सम्बोधन मात्र थियो। उनी त सधैं त्यसैगरी मलाई सोध्थे। सधैं उनको सोधाइ अकारण हुन्थ्यो, जस्तो अकारणका प्रश्न केवल प्रेममा मात्र मानिसले ममत्वको नूतन प्राप्तिले; त्यस दिन मात्र उनको निष्प्रयोजनको बोलाइमा प्रेमको आग्रह देखें।

त्यसैले म झटपट उठेर कोठामा गएँ। त्यसो मैले पहिले गरेकी थिइनँ। भनें– त्यसै बसिरहेकी थिएँ घाम तापेर।

हो बसी मात्र रहेकी थिएँ, तर के मनमा गर्भको सन्तानका सम्बन्धमा नाना तर्कना खेलाउँदै सन्तोषको अनुभव गरिरहेकी थिइन र ? बारबार आमालाई त्यसैले सम्झिरहेकी थिइन र ?

त्यसैले होला मेरो अनुहार गम्भीर हुँदो हो– मातृत्वको अनुभवले।

उनले भने– प्यारी कान्छी, बस यहाँ मसँग र भन के भइराछ तिमीलाई। आज त मलाई लाग्यो कि पहिलोचोटि हाम्रो चिह्नापरिचय भयो हिजो राती। तर तिमी भने उदासजस्ती छौ, उदास होइन गम्भीर छौ। भन्नुपर्छ आज तिमीले।

मेरो हात समातेर मलाई बसाले; म तानिएर आधा शरीर मेरो उनको काखमा झुक्न पुग्यो। मैले बडो सरलतासँग भनें– यस्तो भरिपूर्ण भएको गृहस्थी र हजुरजस्तो रक्षक भर्ता पाएर मलाई केही नपुगेको हुन सक्छ र ?

उनले कृतज्ञ गद्‌गद स्वरले भने– प्यारी तिमीले अझै भनिनौ आफ्नो कुरा।

मैले भनें– के भनूँ, स्वामी ?

मैले टाउको उठाएर उनलाई टुलुटुलु हेर्न थालें– लाग्यो फेरि रातीको जस्तो भावनाले आर्द्र भएर मेरा आँखा रसाउन थालेका छन्। उनले मलाई आफूतिर ताने र मैले भनें– मलाई के भइरहेछ, के भइरहेछ। अन्यथा नमानिबक्सियोस् मेरो व्यवहारले। भारी जीउ भएपछि यस्तै हुन्छ क्यार !

उनले आश्चर्य र आनन्दको स्वरमा भने– भारी जीउ ?

अनि आफैंलाई झूटो किसिमले धिक्कार्दै भने– हुस्सू म पनि। त्यति पनि बुझ्न नसकेको। हो त नि !

मैले भनें– म पर नसरेकी यहाँ आएदेखि।

मैले पहिलाचोटि उनीसँग लाज मानेर मुन्टो गाडें। उनले मेरो चिउँडो समातेर मेरो निहुरिएको मुखलाई उठाए। म त प्रसन्न थिएँ। उनी झन् बढी प्रसन्न। एकचोटि उनलाई हेरेर मैले आँखा चिम्लिएँ। उनले मेरो म्वाईं खाए र किचिएको ओठबाट अस्फुट शब्द झिके– प्यारी !

मैले आँखा उघार्न सकिनँ। उनले अँगालेर मलाई भने– यो आनन्दको समाचार ल्याउने दूतिलाई के बक्सिस दिउँ कान्छी ?

अनि मैले आँखा उघारेर काँतर भएर भनें– मेरो दोषलाई सधैं क्षमा गरिबक्सियोस्। म अरक्षिता छु।

यदि हाम्रो तीन महीनाको बेमेल व्यवहारपछि हिजोदेखि हठात् एउटा नूतन सम्बन्धको सूत्रमा बाँधिएको अनुभव हामीलाई नभएको भए र मेरो त्यस समयको व्यवहारमा हृदयको सच्चाइ लक्षित नभएको भए र उनको मेरा प्रतिको प्रगाढ प्रेम जरो नहालिसकेको भए मेरो त्यस्तो अनौठो याचनाले उनी विस्मयमा पर्ने थिए। तर उनी विस्मय हुने सट्टा अप्रत्याशित प्रेमको व्यवहार भन्ठानेर झन् गद्गद भए– र मेरो मुखलाई बारबार चुम्बनले थुर्निदिन थाले।

मैले यस घरमा पाइलो राखेको सुरुका ताका एक दिन उनलाई धोका दिएर अर्काको गर्भ पेटमा राख्न पाउँदा एउटा बीभत्स सन्तोषले सुखी भएकी थिएँ। उनलाई महामूर्ख भनेर बदला भावले मनमनै हाँसेकी पनि थिएँ। आज त्यो कुरालाई– उनको निर्बोधतालाई देखेर– मेरो मन ममताले आकुलव्याकुल हुन थाल्यो। उनको प्रेम कस्तो एकाग्र, कस्तो निश्चल, कस्तो असंदिग्ध, कस्तो विश्वासपूर्ण !

केही दिनपछि यस घटनालाई लक्ष्य गरेर उनले भनेका थिए– तिमीले त्यस दिन अनौठो कुरा भनेकी थियौ कि तिमी अरक्षिता छौ। त्यस्तो अवस्थामा– पहिलो गर्भधारण गर्दा झन् बढी– स्वास्नीमानिसको मन केही विचलित हुन्छ र मैले बुझेको थिएँ, यो तिम्रो पहिलो अनुभव हो; एक्कासि प्राप्त गरेको कि म गर्भवती छु।

त्यस दिन भने यी सब कुरा भनेनन्। मायाले यति मात्र भने– कान्छी, तिमीले आफ्नो शरीरको बडो ख्याल राख्नुपर्छ। अब तिम्रो जीउ एउटा मात्र रहेन।

मैले भनें– राख्छु। पेटका सन्तानका खातिर पनि त मैले ख्याल राख्नुपर्छ।

र सोच्दै नसोचेको एउटा सानो कुरो गरिदिएँ– उनको हातलाई हातमा लिएर भिम्तारै थिचिदिएँ।

यसलाई उनले लक्ष्य गरेका रहेछन्। पछि भन्थे– तिमी सहयोगी भएर त्यस क्षण मसँग टाँस्सियौ। मलाई लाग्यो त्यसपछि मैले तिम्रो पाणीग्रहण गरें– यथार्थमा हाम्रो बिहाको घडी थियो त्यो।

उनले यो बिर्सिए मेरो गर्भको सुखद संवाद सुनेर कि राती नै त हाम्रो सम्बन्धमा नयाँ न्यानो पसिसकेको थियो। राती नै मैले आग्रहका साथ आफ्नो शरीर दान दिइराखेकी थिएँ, उनलाई।

रातीको कुरा बिर्से, उनी पछिसम्म भनिरहन्थे– मातृत्व अनुभवले मात्र तिमी प्रणयिनी हुन पुग्यौ त्यस दिन।

मैले भनिनँ– कारण जे होस्, हिजै आमाको मृत्युको संवादले म काँतर भएर आत्मसमर्पित भार्या हुन पुगेकी थिएँ।

उनी नै ठीक होलान्– हाम्रो बीचको सम्झौता मेरो पेटको नानीले गरायो।

म शायद गलत थिएँ हुँली– आमाको मृत्युले विह्वल भएर सहारा खोज्दै उनलाई समात्न पुगेकी थिएँ त्यस रात।

आमाको कुरा त उनले सम्झिँदै सम्झिँदैनन्। उनी पछिसम्म भनिरहन्थे– मेरो हात त्यसरी हलुको किसिमबाट तिमीले थिचेकी थियौ र मलाई त्यस स्पर्शमा पहिलोचोटि

मायाको थिचाइ लाग्यो र सहयोगी भावमा तिमी मसँग टाँस्सिएकी पनि थियौ; तर त्यसपछि तिम्रो व्यवहारमा स्पष्ट परिवर्तन आयो। यति बुझेर पनि, उमा ! मलाई कहिले-कहिले लागिरहन्छ त्यस दिन के कुरा हुन गयो कि तिमीमा म परिवर्तनका लक्षण पाउन थालें, मेरा प्रतिको आग्रहका चिह्न ? तिमी माता हुने भयौ भन्ने बोधबाहेक ?

उनी पनि खूब कुरा खेलाइरहँदा रहेछन् मनमा, मजस्तै। उनी भन्थे– मलाई लाग्छ, वैवाहिक जीवनको प्रारम्भिक असन्तुलित अवस्थाको अवधि कुनै दिन त अवश्य सिद्धिन्छ जब एउटा नचिनेको पुरुषसँगको अनौठो सम्बन्धमा हठात् गाँसिन पुग्दा भएको मानसिक स्थिति विस्तार विस्तार लोप भएर नारी गृहस्थीको मध्यमा सहज रूपले पत्नीको स्थितिमा आविर्भूत हुन्छे। प्रारम्भको असन्तुलनको स्थिति बेरसबेर लोप भएर जान्छ। तिमी त्यस दिन गर्भको अनुभवको निहुँले नै सही पत्नीको सहज स्थितिमा प्रकट भएकी थियौ। तिम्रो अन्तरमा बिस्तार बिस्तार नजानिंदो परिवर्तन आइरहेको हुँदो हो, गृहिणीको पदसँग सुस्तरी सुस्तरी भए पनि तिमी परिचित हुँदै गएकी थियौ हौली; भित्रभित्रै मेरी भार्या मनमनै, बाहिर तिम्रो आचरणमा त्यो परिवर्तन लक्षित नभए तापनि। मलाई त्यस दिन हठात् तिमीमा परिवर्तन आएको जस्तो लाग्यो। उमा, निउँ को भयो त्यस वाञ्छनीय परिवर्तनका लागि– हाम्रो सन्तान जो अझै विकसित हुँदैछ, तिम्रो गर्भमा।

त्यसपछि जहिले पनि उनी नजन्मेको सन्तानलाई लक्ष्य गरेर भन्थे– त्यसैले सारा सम्बन्ध स्वाभाविक पारिदियो।

कहिले भन्थे– तिमीमा आएको परिवर्तनको आत्मिक उद्देश्य शायद म थिइनँ; त्यो त तिम्रो पेटको सन्तान थियो। गर्भवती नारीलाई पुरुषको आधारको बडो खाँचो रहन्छ, उसको मनस्थिति पनि त्यस्तै कोमल हुन्छ– असहायजस्ती हुन्छे ऊ। त्यसैले त तिमीले भनेकी थियौ, सम्झ न– म अरक्षिता छु।

त्यस दिन हाम्रो व्यवहार यस्तो खुकुलो र सजिलो भयो कि लाग्थ्यो धेरै कालदेखि म त्यस घरकी गृहीणी भएर बसिरहेकी छु। हाम्रो सम्बन्धको एउटा अर्को खुड्किलो उक्लिन बाँकी नै थियो– छोरो जन्माएपछि जहाँ हामी उक्लेर पुग्यौं– तर सम्बन्धको त्यो भविष्यमा प्राप्त हुने नूतन प्रगाढताको बोध हामीलाई थिएन। त्यसैले लाग्थ्यो पति-पत्नीको सन्तोष र सुखको सम्बन्धले हामी बाँधिएका छौं। कलेजका कुराहरू म कहिले-कहिले सम्झिन्थें, तर ती स्मृतिले मलाई विह्वल पार्दैनथिए। जसको सन्तान मैले पेटमा धारण गरिरहेकी थिएँ तिनको सम्झनाले व्यथा दिन छाड्यो। लाग्थ्यो सन्तानले यस घरमा स्थान पायो; माता यहाँ आएर गृहिणी भई, हावामा बग्दै आएको बीउ मात्र थियो उनको जो मेरो गर्भस्थलमा पर्न आएको थियो। उनलाई सम्झेर म मनमनै कामना गर्थें– तिमी जहाँ रहे पनि सुखी रहू। मैले पनि यहाँ आफ्नो सजिलो स्थान बनाइसकेकी छु।

यसरी मैले आफ्नो घरको गृहस्थीमा विस्तार-विस्तार स्थान लिन पुगें। सुकेको बिरुवामा आशा नभएको आँख्लाबाट अकस्मात् नयाँ हाँगोको टुसो निस्किएको जस्तो एकदम नयाँ शक्तिको प्रेरणा पाएर सुइरिंदै उकासिएको, अब त्यही झिक्रोको बलमा बिरुवा हुर्किंदै रूख हुनेछ।

हाम्रो घर ठूलो रहेछ। अहिलेसम्म त केवल त्यसको एउटा सानो भागको प्रयोग मात्र गर्थें– सुत्ने कोठा र त्यसको बाहिर बार्दली। तलका दुइटा बैठक, काठको कारिगरी

भएको च्याप्टा-च्याप्टा फ्रेममा जडेका बडेमाको ऐना र तस्वीर, सोफा र कार्पेटले सज्जित; एउटा पियानो ।

उनले कोठा देखाउँदै भने– छोराले शोखले किनेको ।

र त्यही बैठकभित्र पछाडिपट्टि, बगैंचामा उघ्रिने दुई खापा भएको फ्रेञ्च झ्यालले उज्यालो पारेको पढ्ने कोठा । त्यो पनि छोरैको ।

म अनायास कोठा-कोठा चहारिहिंड्थें । उनी दङ्ग परेर मसँग रहन्थे । ठाउँठाउँमा मानौं परिचय दिएको जस्तो गरेर भन्थे– छोरोलाई पढ्ने, लेख्ने पनि शोख थियो, नाटक र सङ्गीतको पनि । आफ्नो कलेजमा पनि बडो जनप्रिय थियो रे, मिलनसार ।

पढ्ने कोठाबाट फ्रेञ्च झ्यालको ३ खुड्किलो तल झरेर बगैंचामा पुग्दा उनले भने– बगैंचाको त मलाई पनि शोख, तर फलफूलको बढ्ता, छोरोको भने फूलमा खूब शोख थियो । पर्खालनिर ठूल्ठूला रूख र बिरुवाहरू मैले लगाएको; यताका फूलका क्यारीहरू छोराले ।

क्यारी-क्यारीमा फूलका विभिन्न रङ्गले मिलेर त्यहाँ एउटा ठूलो कार्पेटको भ्रम पारिरहेको थियो । अनौठो यो; त्यस्तो छोरो बिलाएको बिलायै भयो ।

त्यसै बखतमा मालीले एउटा ठूलो गुलदस्ता ल्याएर उनलाई दियो । उनले त्यो मलाई दिए ।

मलाई त्यो गुलदस्ता खूब मन परेको थियो र एकचोटि त्यसै बखतमा लागेको थियो– म कति फरक भइसकिछु ।

माथि पूर्वपट्टिको लङ्मा एउटा सुत्ने कोठा, त्यसैसँग टाँस्सिएको बार्दली र सानो अर्को कोठा, जसमा बाकसहरू थिए र दुइटा ऐना भएका दराज । यो लङ उनकी पहिलेकी पत्नीको रहेछ जसमा लुगाफाटा, पूजाआजाका सामग्री र अरू त्यस्तै जनानाका खय्याकखुत्रुकले भरिएको थियो– त्यो लङ ।

कोठाबाट बरन्डामा आएर उनले भने– जेठीलाई खूब मालसामान जोर्नुपर्थ्यो– हेर न बरन्डाका भित्ताभरि देवीदेवताका तस्वीरहरू । पछिपछि जब ऊ रोगी हुँदै गई पूजाआजाको खूब ध्याउन्न हुन थाल्यो ।

यसरी म आफ्नो घरबाट परिचित हुँदै गएँ । बाहिर पनि उनको प्रशस्त; ठूलो समाज रहेछ इष्टमित्रहरूको, जसको पनि अन्दाज मलाई विस्तार-विस्तार लाग्न थाल्यो ।

हाम्रो विहापछिको अनौठो सम्बन्धले गर्दा मेरो स्पष्ट विरोध र असहयोगले गर्दा उनी त खुम्चिएका थिए, घरका नोकरचाकर पनि त्रस्त भएका थिए । इष्टमित्रहरू पनि घरको अनौठो अस्वाभाविक विषादपूर्ण गरेको अमङ्गल सङ्केत बुझेर हक्कबक्क थिए । उनलाई बुढेसकालमा विहा भन्ने लाञ्छनाको अनुभव पनि आत्मामा अनुभव हुँदो हो । त्यसैले कतिचोटि उनले मलाई भनेका थिए, आत्माको रोदन स्वरमा, पति-पत्नीको एकान्त शय्याउपर रात्रिको मध्यमा– मैले जानिनँ ..........।

.....मैले तिम्रा प्रति अन्याय गरें.........उनी, त्यसैले पनि लाजले होला सङ्कुचित भएर समाजबाट खिचिएर एक्लो आफूमा सीमित भएका थिए, जस्तो कि म पनि कोठाको एउटा कुनामा आफैं डल्लिएर बस्थें ।

अस्तिसम्म पनि पति-पत्नीको स्वाभाविक सम्बन्धमा हामी गाँसिएपछि पनि उनले भनेका थिए– प्यारी प्रेम यथेष्ट हुँदो रहेनछ ।

मैले बुन्न लागेको स्वेटरको काँटालाई थामेर, मुन्टो उठाएर उनलाई हेरें। गम्भीर मुद्रामा थिएँ। मैले भनें– किन ?

उनले सोधे– हेर न हाम्रो बीचमा प्रेम छ, छैन त ?

मैले बुन्ने कामलाई जारी राख्दै भनें– किन छैन ?

उनले भने– मानवसम्बन्धलाई केवल प्रेमको भावनाले मात्र सहज र प्राकृतिक बनाउन सक्दो रहेनछ क्यार...... ४५ वर्षको यो मेरो उमेर.....मैले झर्को मानेको जस्तो गरेर भनें– के जहिले पनि ४५-४५ वर्ष भनेर आत्मसहानुभुति (Self pity) गरिराखेको....

उनले भने– आफू ४५ वर्ष भएँ भनेर गुनासो गरेको होइन। म अहिले त्यस आयुमा पुगेको पनि छैन जसमा म आफूलाई बूढो भन्न थालूँ, मेरा शारीरिक र सामाजिक उत्तरदायित्वको सक्रिय पूर्तिमा मैले आफूलाई शिथिल पाएको छैन, तर यौवन त अब ममा छैन र त्यसैले मेरो दोस्रो बिहा..........

थाहा छ कान्छी, जुन दिन मैले सबभन्दा पहिले तिमीलाई अँगालेको थिएँ मलाई झलझल सम्झना छ त्यस रातीका कुरा, तिमीलाई त के सम्झना होला, सम्झिराख्ने नै कुरा के थियो र तिम्रो लागि– त्यस पहिलो आलिङ्गनमा तिम्रो कोमल शरीरको स्पर्श हुनेबित्तिकै मलाई लाग्यो– म छिप्पिएछु शय्याउपर तिम्रो.........

मैले भनें– भो भो के सम्झिरहेको, मलाई लाज लाग्छ।

भन्न देऊ मलाई कान्छी– लाज छ भने मलाई त्यसको हुनुपर्छ, तिमीलाई किन.....तिम्रो गोलगोल कल्कलाउँदो शरीर जसको तन्किएको पुष्टतामा टल्किने त्वचासँग मेरो त्वचा दाँजिन पुग्दा हामी दम्पतीको उमेरको फरक त्यसै स्पष्ट हुन्थ्यो। २०-२१ वर्षकी तिमी.........त्यसो त पुरुषको शरीरमा कहिले पनि त्यस्तो कोमलता आउँदैन जस्तो कि स्त्रीको........

मैले भनें– स्त्री-पुरुषको उमेरको तुलना हुन्छ र कहीं। हामी स्वास्नीमानिसको जीउ एउटा सन्तान नहुन्जेल त हो नि, त्यसपछि १-१ वर्षमा त हामी ५-५ वर्ष बूढी हुँदै जान्छौं.........

उनले भने– २५ वर्षको फरक कुनै तर्कले पनि मेट्न सक्दैन प्यारी।

मैले ऊनको पोकोलाई भुइँमा थपक्क राखेर भनें– आज के भइरहेछ हजुरलाई ? छि: कति लज्जित पार्न चाहेको मलाई ? यो भन्न खोजेको त होइन कि हजुरको यत्रो ठूलो प्रेमको त्यस्तै ठूलो किसिमको प्रत्युत्तर मबाट पाइबक्सिन्न ? के यो लाञ्छना लगाएको त होइन ?......किन बिर्सिन खोजेको, एक त म अबला, त्यसमा सन्तान बोकेकी........

उनी एकछिन केही बोलेनन्; अनि भने– त्यही त म भन्दै थिएँ। हाम्रो प्रेममा कतै पनि अभाव म पाउँदिन। मनग्य छ, छैन त– र त्यसैले झन् मलाई हाम्रो उमेरको भेदको सम्झना हुन्छ। यदि तिमी ल्याएपछि मलाई किञ्चित् दोषभावनाले ग्रस्त गरेको भए तापनि तिमीबाट पाउन थालेको प्रेमले त्यसलाई पहिले नै मेटिदिइसकेको छ।

"दोष भावना थियो र पहिले ?"

"अप्ठ्यारोपन निश्चय थियो– लाग्यो ठीक भएन क्यार"

एक दिन म भान्छाकोठामा बसेर तरकारी काटिरहेकी थिएँ। पहिले पहिले त्यस लङ्पट्टि जाँदा नोकरचाकरहरू दच्किन्थे। उनीहरूको खल्बल्ली अचानक थामिन्थ्यो,

भयमिश्रित अनौठोपनको भावले उनीहरू खुम्चिन्थे । पछि पछिको हाम्रो बीच मालिक्नी र नोकरचाकरका बीच सहजताको सम्बन्ध जम्दै आयो– प्रत्येकलाई चिन्न थालें र प्रत्येकको स्वभावलाई बुझ्दै आएँ– रमाइली चम्पा, बलबले हरिमाया, गम्भीर खालको हरिप्रसाद भान्छे जसलाई आफ्नो सामाजिक मर्यादाले गर्दा नोकरचाकरको हूलमा मिसाउनु हुँदैनथियो र जसलाई 'तपाई, भन्नुपर्थ्यो; च्वाँठ कालो कृष्णबहादुर उज्यालो दाँत भएको बोल्दा लाग्थ्यो अनुहारमा हाँसो झल्किरहन्छ छिनछिनमा, पानी भर्ने रामे, भाँडा मल्ने कृष्णे......

भान्छाघरको बरन्डामा आएर दुलाहाले भने– ल आउनुपऱ्यो, डाक्टर आएका छन्– कीर्तिमान.........

मैले चुलेंसीबाट आँखा उठाएर ढोकामा उभिएका दुलाहालाई सोधें– किन आएका ?

चम्पा र हरिमाया मुन्टो बटारेर कुरा नबुझेको जस्तो गरेर बसिरहे ।

बाजेले दालको डाडू खूब जोरसँग बजाउन थाले कसौंडीभित्र ।

उनले भने– मेरा साथी हुन् कीर्तिमान, लाज मान्नु पर्दैन ।

डाक्टर कीर्तिमान दुलाहाका बडा ठूला मित्र रहेछन्, खूब हिमचिम रहेछ, दुवै घरका बीच । उनी पनि सोझै त्यहीं आइपुगे र भने– कस्तो सुहाएको भाउजूलाई यो भरिभराउ गृहस्थीमा डम्म भएर बसेको ।

हातलाई तपेसको पानीमा डुबाएर धोएँ र धोतीको फुर्कोले हात पुछ्दै उठें ।

उनले भने– मेरो साथी कीर्तिमान– बडो ठटघाउलो गर्नुपर्छ ।

कीर्तिमानले हात जोऱ्यो; मैले पनि अभिवादन फर्काएँ ।

बडो हँसिलो अनुहारको रहेछ कीर्तिमान– दाँत सुनले मोहरेको जसले गर्दा त्यसै पनि साधारण कुरामा उसले ठट्टा गरिरहेको छ कि जस्तो लाग्ने । आँखामा पनि ठट्टाको चमक हाँसिरहेको जस्तो ।

उसले भन्यो– यति दिनपछि डिस्पेन्सरीमा आएर भने, दुलही र सन्तानलाई हेर्नुपऱ्यो रे । बिहाको खबरसम्म थियो; भोज छैन ल भो.....कस्तो ठो त त्यो छुट्टीसाढो कस्तो पिरति त सबैलाई चटक्क छाडेर..........

उनले भने– भो भो अरू भन्नु पर्दैन ।

"होइन त भाउजू, उनी दुलाहा र बाबु एकैचोटि भएका....."

मैले भनें– धत्.....

नोकरनीहरूले एकचोटि मुखामुख गरे; बाहुनले फोक्सोभरिको हावाले आगो फुक्न थाल्यो चुह्लोमा मुन्टो नै गाडुँला जस्तो गरेर ।

बैठकमा आएर कीर्तिमानले नै सल्लाह दियो– लेडिज डाक्टरलाई एकचोटि देखाए असल, तर त्यसको पनि खास प्रयोजन छैन ।

दुलाहाले भने– एकताका खूब वाक्क वाक्क गर्थिन् र एकचोटि झन्डिएकी दाहाल्नीको खबरले खूब चिसिएकी थिइन्– लुगलुगी काँपेकी थिइन् । होइन कान्छी ?

उसले हाँसेर भन्यो– भाउजू माटो बुक्याउनुहुन्छ कि हुन्न ? पेट बोकेको बखतमा यो त साधारण कुरा हो वाकवाकी लाग्नु, घबराहट हुनु, अत्यासिनु.........

जसरी हाम्रा बीचको सम्बन्धको ढोका उघ्रिँदै गयो, त्यसरी नै हाम्रो समाजको बाहिरी ढोका र हाम्रो परिवारको घरको ढोका पनि खुल्दै गयो। उनका इष्टमित्रहरू आउन थाले, तलको बैठक डम्म हुन थाल्यो, गफसफले, सिगरेटको धूवाँले। हामीहरू बाहिर पनि जान थाल्यौं साथीहरूकहाँ या साथीहरूसँग त्यसै घुम्न। वनभोज पनि हुन्थ्यो। म घरकी स्वामिनीको हैसियतले आफ्नो स्वाभाविक कर्तव्यलाई पूरा गर्दै गएँ– पछि बिस्तार बिस्तार– त्यसमा रिझिएर।

एक दिन वनभोजमा प्रोफेसर ज्ञवालीले भने– कान्छी मैयाकहाँ बनेका परिकार खूब मीठा हुन्छन्।

मलाई बडो सन्तोष लाग्यो, तर शिष्टाचारले भनें– "ज्ञवालीज्यू त त्यसै फुर्क्याउनुहुन्छ।"

मैले त्यस दिन बुझें म आफ्नो घरसँग गाँसिइसकिछु, त्यसैले हाम्रो भान्छाघरमा पाकेको परिकारको तारीफले मलाई खुशी पारेको थियो। त्यही भावनाले प्रेरित भएर– आत्मसन्तोषको प्रेरणाले पनि म आफ्नो बैठकमा चियापानको व्यवस्थामा कुनै त्रुटि हुन दिन्नथिएँ। तर जस्तै सन्तोष मानेर यस्ता मैत्रीपूर्ण सामाजिक जमानतमा म सरिक भए तापनि मेरो उत्साहले सीमा नाघ्दैनथ्यो– त्यसमा गम्भीरताको बन्धन रहन्थ्यो। मैले कहिले पनि खित्का छाडेर हाँसिनँ, त्यसैले कीर्तिमान डाक्टर मलाई डराएर भन्थे– भाउजू, हाँसो ओठको त्यस्तो सानो क्रिया हो जसमा दाँतले चियाउने मौका पाउँछ।

प्रोफेसर ज्ञवालीले उत्लिखेरै सोधे– ल भन्नुहोस् कान्छी मैयाँ तपाईं नै, के तपाईंलाई यसरी भेला भएको, साथीभाइमा कुराकानी र भोजभतेरको रमाइलो लाग्दैन ?

मैले भनें– किन लाग्दैन ?

ज्ञवालीले साथीतिर फर्केर भने– कसो त, हो रहेछ कि रहेनछ, रमाइलो दुवै खालकाले मान्दछन्, तर भिन्न स्वभावले गर्दा त्यसको अभिव्यक्ति भिन्नभिन्न हुन्छ। डाक्टर, तिमीसँग शरीरको ताप जाँच्ने थर्मामिटरजस्तै मनको भाव जाँच्ने यन्त्र भएदेखि बुझ्ने थियौ मैले भनेको मनोवैज्ञानिक कुराको मर्म।

बाटामै, घर फर्किंदा, हामी एक्ला हुनेबित्तिकै दुलाहाले मलाई सोधेका थिए– तिमीलाई साँच्चै साँच्चै रमाइलो लाग्छ यसरी साथीहरूसँग भेला भएर रमाइलो गरेको ?

मैले भनें– लाग्छ नि।

यही प्रसङ्गलाई लिएर हामी घर फर्किंदा अँध्यारो भइसकेको थियो। कोठामा चम्पाले आएर लम्फा बालिदिई।

मैले भनें– सुखको भोग आनन्द या सन्तोषमा पाइन्छ।

उनले भने– के भन्न खोजेकी कान्छी ?

मैले भनें– शायद आनन्दको सीमापारिको कुरो म पाइरहेकी छु– सन्तोष। शायद गर्भवती स्वास्नीमानिसको सुखको बोध त्यस्तै हुन्छ, गम्भीर खालको। सन्तोष हलुको खालको हुँदैन। ज्ञवालीले कुन्नि के भन्न खोजेका हुन्, तर मलाई लाग्छ स्वभावभन्दा अवस्थाको फरकले नारीका चेष्टाहरूमा फरक ल्याउँछ।

उनले भने– त्यसो त हो क्यार। जेठी पनि .......कुन्नि........ तिमीले कहिले पनि आफ्नो मनले बाहिर जाऊँ, घुमौं, बजार डुलौं या पिकनिक गर्न हिडौं भन्दिनौ; हो नाइँ पनि भनेकी छैनौ। उसलाई भने रमाइलो गरिरहनुपर्थ्यो। तिमी चालचुल नगरेर

बिस्तार-बिस्तार पाइला चाल्दै घरका कामकाज गर्छयौ, भान्छामा गएर तरकारी पकाउँछयौ, तलको अँगेनामा बसेर कोठा मिलाउँछयौ या फुर्सद छ भने बार्दलीमा बस्छयौ। नोकरचाकरहरूको सुख-सुविधाको पनि तिमीलाई ध्यान रहन्छ। त्यस्तो त जेठीले कहिले पनि गरिन। घरपट्टि उसको ध्यानै गएन कहिले पनि। प्रिया नै भएर बसी यो घरको। तिमी भने आफ्नो गम्भीर स्वभावले गर्दा आउनेबित्तिकै एकदम गृहिणी भएकी छौ।

मैले बडो सरल, स्वाभाविक ढङ्गले भनें– आउनेबित्तिकै म माताको स्थानमा पनि पुगें नि, प्रिया हुनै कहाँ पाएँ र ?

तत्कालै मैले आफ्नो हृदयलाई छामेकी थिएँ– कहीं त्यहाँ व्यङ्ग्य त लुकेको छैन, छेडपेचको भाव थिएन मेरो मनमा ? अहँ, मैले शुद्ध हृदयले भनेकी रहिछु। त्यसैले त मलाई स्पष्ट हुँदै आयो कि कसरी म यस घरमा स्वाभाविक रूपले गृहस्थिनी हुन पुगिसकिछु– गाँसिइसकिछु उनको गृहस्थीमा। यो मेरो घर– जसको भाग्यसँग मेरो भाग्य जोडिएको छ।

मैले उठ्दै भनें– धत्, यसो गरेर पनि हुन्छ ? भान्छामा कुन्नि के पाकेको छ। दिनभरि घर बाहिरै– छिः।

यस्तै गन्थन लेखेर म आजकाल दिन बिताउँछु– यसो हेरेर ल्याउँदा मेरो जीवन नै सानासाना दैनिक चर्चाको एउटा गुजुल्टो रहेछ। घटनाको यसमा क्रम छैन– घटना नै घटेन यसमा; केवल दैनिक चर्चाले सानो स्पन्दन जगाइराख्यो मेरो जीवनमा। शायद प्रत्येक नारीको यस्तै जीवन हुन्छ। प्रायः पुरुषको पनि त यथार्थ जीवन दैनिक चर्चाकै क्रम हो; बहादुरीका कुरा, कलाका प्रेरणा, साहस, बलिदान या त्यस्तै घोर स्वार्थ र कायरताका उल्लेखनीय कार्यकलापले कतिको जीवनलाई भर्‍यो होला र ? वास्तवमा मानिस दैनिकताको होचो आकाशतलको सास फेर्ने प्राणी हो र आफ्नै अनुभवले अर्काको जीवनलाई आँक्छ। यदि कसैले आफ्नो जीवनलाई यसरी नै केलाएर बस्यो भने उसलाई पनि मेरै जस्तो अनुभव हुनेछ कि वास्तवमा ऊ बाँचिरहेको रहेछ जीवनका सानासाना दैनिक घटनामा। नाटकका सीन त उसको आत्माको रङ्गमञ्चमा उघ्रिरहन्छन्– घटना केही घट्छ भने त्यहीं घट्छ।

जुन समयको म यहाँ चर्चा गरिरहेकी छु– यसो सम्झेर ल्याउँदा-त्यसलाई छाया पारेर दुलाहाको व्यक्तित्वले छोपेको रहेछ। मेरो सम्झनामा उनी मात्र आइरहन्छन् त्यस अवधिमा घटेका कुरालाई सम्झेर ल्याउँदा। म सम्झिन्छु उनको बोलाइ, अलिकति खस्रो आवाज लाग्थ्यो घाँटीमा शब्द रगडेर निस्किन्छन्। उनको हेराइ जसमा यस्तो स्पष्ट सरलताको भाव हुन्थ्यो जसले उनको अलिक गुथ्य परेको अनुहारलाई उदात्त पारेको जस्तो गर्थ्यो– नाकको डाँडीको त्यो सानो कोठीको डल्लो उनको सरल हृदयको प्रमाण दिएको जस्तो गर्थ्यो। उनको अनुहार मायालाग्दो थियो। म सम्झिन्छु– उनी बगैंचामा उभिएको भोटो र सुरुवाल मात्र लगाएको गोडामा कपडाको पुरानो चट्टी पेटले भोटोलाई उकासेको– झ्यालबाट उनलाई यसरी उभिएको देख्दा मलाई भर भएको म सम्झिन्छु।

झ्यालमा मलाई उभिएको देखेर उनले भनेका थिए बगैंचाबाट– के हेरेकी कान्छी, आउँदिनौ बगैंचामा ?

मैले भनेकी थिएँ– मलाई घरमा धेरै काम छ।

उनको चालचलन व्यवहारलाई म सम्झिन्छु घरभित्र, घरबाहिर या मसँग उनले गरेको व्यवहार। यदि मेरो पूर्वअनुभव भिन्न नभएको भए यस्तो हुने थिएन, शायद–

मैले कुनै नयाँ आविष्कार गरेको जस्तो हुने थिएन त्यसको नयाँ-नयाँ पक्षलाई बुद्धिले (Record) गर्दै लगेको जस्तो। हिन्दू युनिवर्सिटीको त्यो व्यक्ति जसले त्यत्रो महान् अनुभव र प्राप्ति ममा छाडेर गयो उसका सम्बन्धमा यस्तो सूक्ष्म सम्झना छैन मलाई– आफूभन्दा शक्तिशाली तत्त्वको केन्द्रमा एउटा युवक बसेको थियो– आँधीबेरीको कुनै चालकजस्तो भएर त्यो मेरो अनुभवमा हुर्रिँदै आएको थियो। उसका सम्बन्धमा मलाई कुनै मानवीय विवरणको सम्झना हुँदैन, हुन सक्छ त्यसको कारण मेरो स्मृतिमा उसको रूपरेखा बिलाउँदै गएकोले यस्तो भएको होला। तर दैनिक जीवनको संसर्गमा पनि त म आइन ऊसँग, दुलाहासँग भने दैनिक जीवनको संसर्गमा म नजानिँदो किसिमबाट जोल्टिँदै गएकी थिएँ– हामीलाई पति-पत्नीको सम्बन्धमा बाँधिराख्ने ती सूक्ष्म तन्तुको एक-एक विवरणको मलाई सम्झना हुन्छ।

सम्बन्धको यस्तो सूक्ष्म विवरणको छाप बुद्धिको पाटोमा छुट्टाछुट्टै परेर अडेको त शायद प्रेमको लक्षण होइन– प्रेममा त व्यवहारका यावत् विवरण लोप हुन्छन् आपसमा यसरी गाँसिएर कि अनुभवको एउटा आनन्ददायिनी थुँगाको सम्झना मात्र हुन्छ हृदयको मध्यमा रहेर हलुङ्गो सुवास फैलाइरहन्छ प्रत्येक सास फेराइमा।

मैले एकचोटि बिदामा घर गएको बखतमा आमालाई सोधेकी थिएँ– आमा, तपाईंको अर्को लोग्नेसँग बिहा भएको भए कस्तो हुने थियो !

उहाँले मेरो प्रश्न बुझ्नुभएनछ : भन्नुभयो– के भनेको यो छोरीले ?

मैले भनें– मेरा बासँग तपाईंको बिहा नभएर अर्को कोही पुरुषसँग भएको भए.....।

उहाँले भन्नुभयो– त्यस्तो पनि हुन्छ कहीं.....जुन ठाउँको तिलचामल पहिले खाएकी थिएँ त्यहींकी भएर म आएँ– यो भन्दा बढ्ता कुन छोरीले सोच्छे। तँ धेरै ठूली भइस् घरकालाई भने बिहा गरिदिनुपर्छ हुर्केकी छोरीको भन्ने पत्तो छैन..........

मैले फेरि सोधें– होइन आमा, बा र तपाईंमा प्रेम भएको देखिन्न, व्यवहार मात्र भएको देख्छु।

यस्ता कुरा उहाँ पटक्कै बुझ्नुहुन्नथियो र भन्नुभो– व्यवहारभन्दा भिन्न प्रेम भनेको के हो ? मनग्य छैन र मलाई, यस्ता छोराछोरी छन्, यस्तो घर छ, व्यवहार चलाउन केही खाँचो छैन। लोग्ने, छोराहरूको यस्तो भर छ– मलाई मनग्य, नामी मनग्य। सन्तोष छ मलाई मनमा।

अनि बाका कुरा गर्न थाल्नुहुन्थ्यो– उहाँले गाउँघरमा गरेका व्यवहारका कुराहरू। त्यस्तै मलाई पनि तिनताका हुन्थ्यो– लाग्थ्यो, नपुगेको के छ मलाई, मलाई पनि मनग्य छ। म पनि आमाकी नै छोरी रहेछु– शायद सबै स्वास्नीमानिस गृहिणी भएपछि त्यस्तै आमाकी छोरी नै हुन्छन्।

एक दिन दुलाहाले भने– मेरो त दुईचोटि बिहा भयो; प्रेमको दुइटा प्रकारको अनुभव छ मलाई। जेठीसँग मेरो बिहा, यद्यपि प्रणयसम्बन्ध थिएन त्यो, किनभने बाबुआमाले गरिदिएको बिहा थियो– त्यसले कति छिट्टै प्रेमसम्बन्धमा हामीलाई बाँध्यो कि आजकल त्यसलाई सम्झँदा ताज्जुब लाग्छ– यौवनको तातो उन्माद जो तारुण्यको प्रथम पदमा एकचोटि मात्र शायद मानिसले जीवनमा अनुभव गर्छ, त्यसले गर्दा हो वा कुन्नि केले हो हामी आपसमा यसरी गाँसिन पुग्यौं कि हामीलाई सम्झना नै रहेन कि हामी दुई प्राणी हौं र केही दिन पहिलेसम्म एक-दोस्रोबाट एकदम अपरिचित। अस्पष्ट

यौन र त्यस्तै अस्पष्ट यौवनको मिश्रित रसायनले हामी मानौं मिस्सिएको एउटा डल्लो– एउटा अनन्य व्यक्ति भएका थियौं । तिमीलाई प्रेमको त्यो रूपको अनुभव भएन ?

मैले भनें– म त एकैचोटि गृहिणी– मातामा अवतीर्ण भएँ नि । त्यसैले प्रारम्भमै प्रेमको अर्को खुड्किलोमा उक्लिएर माथि पुगिसकेकी छु सन्तोषको स्तरमा, मनग्यताको अवस्थामा । आखिर प्रारम्भमा प्रेमले जस्तोसुकै भिन्न चेष्टा देखाए तापनि परिणाममा त्यसले पुऱ्याउने थलो त यही हो.... होइन त ?

उनले भने– त्यसो त हो क्यार......... छोरो जन्माएपछि उसमा पनि सानो परिवर्तन आएको थियो, उसको मनोभावमा, व्यवहारमा । यत्रो नदेखेको घर देख्न थाली, बारबार भन्न थाली जा ! घरको काम लथालिङ्ग छ । भन्न थाली– यसरी जोल्टिएर बसिरहन पाइन्छ र अब गृहिणीले; अनि मैले सोध्दा भन्थी– सबथोक पुगेको मनग्य भएको लाग्छ नि, त्यही हो नि प्रेम हजुर होइबक्सिन्छ, छोरो छ कस्तो रहरलाग्दो घुतमुने, घर छ, नोकरचाकर छन्, इष्टमित्र छन्– नपुगेको के छ र ? चाहना टुङ्गियो– सन्तोषमा आएर.......

मैले भनें– मेरी आमा पनि त्यस्तै कुरा गर्नुहुन्थ्यो......

मलाई लाग्छ, पति-पत्नीको सम्बन्धमा यौनको आनन्द एउटा प्रारम्भिक आवेग मात्र हो– त्यस्तो आवेग जो निमित्त भएर नयाँ सम्बन्धलाई जोर्छ तर त्यसमा घनिष्ठता गृहस्थीको सुखले ल्याउँछ, जसमा हो त्यो तोड, त्यो आवेग रहँदैन, तर पारस्परिक करुणा, स्नेह, सहानुभूतिजस्ता भावनाको दैनिक आदान-प्रदानले स्थायित्व रहन्छ । प्रिया अन्ततोगत्वा गृहिणी हुन्छे; प्रेम परिणत हुन्छ सन्तोषमा । गृहिणी पुगिएको स्थिति हो; बिसाइको सुख त्यसको अनुभव हो । प्रिया भागाभाग मात्र, हसिनपसिनको स्थिति हो– कतै पुग्नका लागि दौडादौड गरेको ।

त्यसैले त आफ्नो गृहिणीको सन्तोषका मनस्थितिमा उनले आफ्नी पहिली पत्नीका बारेमा लामो चर्चा गरेको स्नेहको स्मृतिमा, ले मलाई व्यग्र पार्दैनथियो । प्रेमको प्रारम्भिक स्थितिमा म रहेको भए के म सौताको डाहले पोलिइन्नथिएँ यो सम्झेर कि मरेकी सौताले घर त खाली गरेर गई तर दुलाहाको हृदयमा भने अझै घरजम गरेर बसेकी नै छे । मलाई उनका प्रति पटक्क डाहा थिएन– दुलाहाका प्रति माया नभएको होइन । गृहिणीको सन्तोषमा डाहाको स्थान रहँदैन ।

उनको बारेमा मलाई सबै कुरो थाहा छ । दुलाहाले उनको बारेमा चर्चा गर्दा मलाई उनको व्यक्तित्वको पूरा परिचय भएको छ । म आफ्नो मस्तिष्कमा उनको स्पष्ट तस्वीर देख्छु । दुलाहा भन्थे– जेठी रुग्ण भएपछि जिद्दी गर्न थाली कि मैले दोस्रो बिहा गर्नू भनेर.....।

२२ वर्ष केही उमेर हो र ? तर मलाई लाग्छ एउटा पूरा जीवनमा बेहोर्नुपर्ने भोग मैले यही उमेरमा बेहोरिसकेकी छु । त्यसैले नसिद्धिसकेको जीवन– तर बाँकी पनि त्यसमा अब केही नरहन गएको– त्यस्तो मेरो जीवनको लेखाजोखा गर्न बस्छु– बूढो मस्तिष्कले । शरीर तरुणी नै छ । छोरो जन्माएपछि त झन् दुलाहा भन्थे– कान्छी, शरीर कस्तो कल्कलाउँदो भएको तिम्रो, अद्भुत लावण्यले भरिएकी छौ तिमी ।

आफैंलाई पनि लाग्छ, मेरो शरीर झन्झन् कोमल र स्निग्ध हुँदै आएको छ, अवयवहरू पुष्ट र मेरो रोगन गोरो पार्न निखारिएको छ । त्यसैले त मलाई आफ्नो शरीरलाई हेर्दा बडो नसुहाएको जस्तो लाग्छ– कुनै जर्जर भएकी आदि नारीले समयको रछ्यानबाट उठेर एउटी तरुणीको रूप पहिरेर आएकी होस् । अनुभवको अनुरूप शरीर

पनि छिप्पिनुपर्छ, नत्र त्यो बेमेल सम्बन्ध भद्दा लाग्छ; बूढीआमाहरूले छिमेकको ठिटालाई आँखा झिम्क्याएको जस्तो। मेरो मनका आँखा चाउरिएर भास्सिइसकेका छन्, जसको रोशनी पनि मधुरो भैसकेको छ, त्यसका शरीर पनि चाउरीको गुजुल्टा भएका छन्; छाला लोतिइसकेको छ; कपाल सेतिइसकेको छ। म त्यस्ती पो त छु, आफूभित्र र जब म ती पुराना भएका आँखाले आफ्नो बाईस वर्षको जीवनलाई हेर्छु– मलाई लाग्छ, बाईस वर्ष पनि कत्रो लामो आयु र प्राचीन वृद्धाको जस्तो जसको जीवन निखिइसकेको छ, म पनि कुरा केलाउँदै बस्छु जीवनको लेखाजोखा गर्दै। त्यही लेखाजोखा गरेर बार्दलीमा दिनभरि बसेर बिताएको त हो नि– स्मृतिका टुक्राटाक्रीहरू। म त केवल स्मृतिले भरिएकी प्राणी छु आजकल। तर मेरा स्मृतिहरू र स्थानाभावले गर्दा होला– अटी नअटी मेरो मस्तिष्कमा– बिना कुनै छन्द र व्यवस्था खाँदाखाँद छ।

म तिनैलाई व्यवस्था दिन खोज्छु, तिनलाई कालक्रमको अनुसार जेठी-कान्छीको नियमित अनुक्रममा मिलाएर हेर्न चाहन्छु कि त्यसरी शायद जीवनको कुनै अर्थ मलाई दिऊन्। आखिर मेरो बाईस वर्षको जीवनकालले सोझो रेखामा गोडा चालेर हिंड्यो। माथि आकाशमा देउताले हेर्दा मेरो जीवनको यो यात्रा त्यही कालको सोझो पटरीमा चलेको लाग्दो हो– देउताले मात्र के, मानिसलाई पनि मेरो यात्रा समयको सतहमा बग्दै हिंडेको लाग्दो हो, रेखाको दुई आयात मात्र लाग्दो हो मेरो जीवन। तर मेरो जीवन त कालको त्यस्तो नाम मात्र होइन– मुख्य कुरा त त्यसमा मेरा अनुभवहरू हुन्, जो अहिले स्मृतिको रूपमा ममा अटी नअटी खाँदाखाँद गरेर बसेका छन्। तिनले मेरो कालयात्राको पदचिह्नको बीस वर्ष लामो रेखा खज्मज्याइदिएका छन्– कालका उपर सवार भएर। कालशृङ्खला टुट्न गएको छ, त्यसकारण स्मृतिहरूको प्रभुत्व व्यञ्जक दाबी छ– काल केही होइन; जो जे छ हामी मात्र छौं जीवनमा।

यी सब कुरा त म मान्दछु र त्यसैले त अघिदेखि भनिरहेकी छु बाईस वर्षको उमेरमै कालले भर्खरै उकालेको यौवनमा म बूढी भैसकेकी छु– इतिहासको ध्वंसावशेषको गह्वरभित्र टिकिरहेको प्राचीन प्राणी। म पनि त स्मृतिलाई नै महत्त्व दिएर तिनको विवेचना गर्न बसिरहेकी छु– दिनहुँ-दिउँसोको एकान्तमा बार्दलीमा आएर।



## वी. पी. कोइरालाका साहित्यिक कृतिहरू

**उपन्यास**

(१) तीन घुम्ती

(२) सुम्निमा

(३) नरेन्द्रदाइ

(४) मोदिआइन

(५) हिटलर र यहूदी

(६) बाबु, आमा र छोरा

**कथा**

(१) दोषी चश्मा

(२) श्वेतभैरवी

**जीवनी**

आफ्नो कथा

**मूल्य रु. ८०.००**

9 789993 328995

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२१०२३